# विषय सुची

परिच्छेद १ : भूमिका ........ 3
१.१ पृष्ठभूमि ........ 3
१.२ उद्देश्य ........ 4
१.३ नगर पार्श्वचित्र तयारीका चरण ........ 5
१.४ वस्तुस्थिती विवरणको सीमा ........ 5
परिच्छेद २ : बागचौर नगरपालिकाको परिचय ........ 6
२.१ नगरपालिकाको परिचय ........ 6
तालिका नं. १ : बागचौर नगरपालिकाका साविकका गाविसहरूको विवरण ........ 7
२.२ नामाकरण ........ 8
२.३ भूक्षेत्र ........ 15
२.४ हावापानी ........ 15
२.५ माटोको बनावट र उर्वराशक्ति ........ 16
२.६ धार्मिक तथा प्राकृतिक महत्वका पर्यटकीय स्थलहरू ........ 20
२.७ नदी तथा खोलाको विवरण ........ 35
२.८ स्थानीय चाडपर्व, जात्रा तथा मेलाहरूको विवरण ........ 37
परिच्छेद ३ : जनसाङ्खिक विवरण ........ 39
३.१ जनसंख्याको विवरण ........ 39
३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या, जनघनत्व तथा घरधुरी विवरण ........ 41
३.३ वैवाहिक स्थितिको विवरण ........ 46
३.४ जन्म, मृत्यु र बसाईसराइ सम्बन्धी विवरण ........ 47
३.५ उमेर समूहअनुसार जनसंख्याको विवरण ........ 50
३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण ........ 53
३.८ धर्मअनुसार जनसंख्याको विवरण ........ 54
परिच्छेद ४ : आर्थिक अवस्था ........ 56
४.१ प्रमुख आर्थिक विवरण ........ 56
४.२ भू-उपयोग तथा स्वामित्व ........ 72
४.३ कृषि तथा पशु विकास ........ 80
४.३.६ कृषि बजार तथा हाटबजार ........ 92
४.४ पर्यटन विकास ........ 93
४.५ उद्योग, व्यापार तथा बैंकिङ ........ 96
परिच्छेद ५ : सामाजिक अवस्था ........ 114

५.१ शैक्षिक तथा मानव संशाधन विकास ........ 114
५.२ स्वास्थ्य तथा पोषण ........ 138
५.३ खानेपानी तथा सरसफाई ........ 146
५.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण ........ 149
५.५ युवा तथा खेलकुद ........ 152
५.६ कला, भाषा तथा संस्कृति ........ 153
परिच्छेद ६ : वन तथा वातावरण ........ 154
६.१ वन क्षेत्रको अवस्था ........ 154
६.३ जैविक विविधता ........ 165
६.४ नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ........ 166
६.५ विपद् जोखिम व्यस्थापन ........ 167
परिच्छेद ७ : भौतिक विकासको अवस्था ........ 168
७.१ यातायात पूर्वाधार ........ 168
७.२ इन्धन उपयोग विवरण (खाना पकाउने इन्धनको आधारमा) ........ 171
७.३ सञ्चार तथा प्रविधि ........ 172
परिच्छेद ८ : विकास सुचकाङ्क ........ 173
८.१ मानव विकास सुचकाङ्क (HDI) ........ 173
८.२ मानव गरीबी सुचकाङ्क (HPI) ........ 175
८.३ मानव विकास र गरीबी ........ 175

# परिच्छेद १ : भूमिका

## १.१ पृष्ठभूमि

वस्तुस्थिती विवरण (Profile) भन्नाले कुनै स्थान, क्षेत्रमा रहेको जनसंख्या, भौगोलिक अवस्था, सामाजिक विशेषता, प्राकृतिक सम्पदा, आर्थिक अवस्था, विकासको स्थिति आदि स्पष्ट हुने आधारभूत तथ्यांक, सूचक वा आधाररेखाको विवरण रहेको दस्तावेज हो । वस्तुस्थिती विवरणलाई "पार्श्वचित्र" पनि भनिन्छ । Profile शब्दलाई भूगोल, ईन्जिनियरिङ, चिकित्सा शास्त्र आदि क्षेत्रमा फरक फरक वस्तुको विशेषता विश्लेषण गर्न प्रयोग गरिएता पनि कुनै प्रशासनिक वा भौगोलिक क्षेत्र बारेको तथ्याङ्क प्राप्ति, विश्लेषण तथा प्रस्तुति गरिएको विवरणलाई पनि वस्तुस्थिती विवरण (Profile) भन्ने गरिएको छ ।

विगतमा जिल्ला, नगर तथा गाउँको वस्तुस्थिती विवरणको अभिलेख राख्ने तथा अद्यावधिक गर्ने प्रचलन रहेको थियो । केन्द्रीय तथ्याङ्क विभाग र मातहतका तथ्याङ्क कार्यालयहरुबाट जिल्लाको वस्तुस्थिती विवरण प्रकाशन गर्ने गरिएको थियो । साथै स्थानीय स्वायत्त शासन ऐन, २०५५ र तत्सम्बन्धी नियमावली, २०५६ कार्यान्वयन पछि तत्कालीन जिल्ला विकास समिति (जिविस), नगरपालिका र गाविसको नेतृत्वमा जिल्ला, नगर र गाउँको वस्तुस्थिती विवरण तयार गरी प्रकाशन हुन्थ्यो । विषयगत कार्यालयहरु शिक्षा, स्वास्थ्य, कृषि आदिबाट समेत क्षेत्रगत तथ्यांक प्रकाशन भईरहेको छ । केन्द्रीय तथ्याङ्क विभाग अन्तर्गतका कार्यालयहरुले तयार तथा प्रकाशन गर्दै आएको वस्तुस्थिती विवरणमा मुख्य गरेर जनसंख्या, सम्पत्ति तथा आवास सम्बन्धी अधिकतम विवरण समेटेको पाइन्छ भने स्थानीय निकायको पहल तथा नेतृत्वमा तयार वस्तुस्थिती विवरणमा जनसंख्या, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक, वन तथा वातावारण र संस्थागत विवरण समावेश भएको पाइन्छ । साविकमा गाउँ, नगर र जिल्लाको आवधिक योजना तथा विषयगत रणनीतिक/गुरुयोजना तर्जुमासम्बन्धी मार्गदर्शनहरुले वस्तुस्थिती विवरणलाई रणनीतिक एवम् नतिजामूलक योजना तर्जुमा तथा अनुगमनको आधाररेखा सूचनाको रुपमा प्रस्तुत गरी तयार गर्ने गरिएको थियो ।

नेपालको संविधान अनुसार नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरण प्रतिवेदन, स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहलाई आ–आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक विषय क्षेत्रगत मध्यकालिन र दीर्घकालीन योजनाहरु तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । सो अनुसार स्थानीय तहको आवधिक, रणनीतिक विषय क्षेत्रगत एवं बार्षिक योजना तर्जुमा र नतिजा अनुगमनको लागि क्षेत्रगत स्थितिसहित स्थानीय तहको वस्तुस्थिती विवरण तयारी आवश्यक रहेको छ । यही आवश्यकतालाई ध्यानमा राख्दै स्थानीय योजना तर्जुमा तथा अनुगमनलाई

सूचनामा आधारित, व्यवस्थित, एकीकृत, नतिजामूलक, सहभागितामूलक र प्रभावकारी बनाउन वस्तुस्थिती विवरण अर्थात् नगर पार्श्वचित्र (Municipal Profile) तयार गरिएको हो ।

## १.२ उद्देश्य

नगर पार्श्वचित्र मूलतः बागचौर नगरपालिकाको आगामी नीति तथा कार्यक्रम, योजना तर्जुमा गर्नका लागि तथ्याङ्कीय आधार सृजना गर्ने सन्दर्भमा तयार गरिएको हो । यसले योजना तथा कार्यक्रमको निर्माण कार्यान्वयन, अनुगमन, मूल्याङ्कन जस्ता कुराको लेखाजोखा गर्न मद्दत गर्नेछ । पार्श्वचित्रका अन्य उद्देश्यहरू यसप्रकार रहेका छन् :

क) नगरभित्र रहेका सेवा सुविधाहरूको बारेमा जानकारी गराउने ।

ख) नगरपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरूको अवगत गराउने ।

ग) नगरपालिकाको जनसांख्यिक तथा विकासात्मक वस्तुस्थितिको बारेमा जानकारी लगाउनु ।

घ) नगरपालिका भित्र बसोवास गर्ने मानिसहरूको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने ।

ङ) नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने ।

च) नगरपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने ।

छ) नगरपालिका क्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तरसम्म सूचनाको उपलब्धता गराई ब्यवस्थापनमा सहयोग गर्ने ।

ज) नगरपालिका स्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्ने ।

झ) नगरपालिकाको भावि योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।

ञ) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।

## १.३ नगर पार्श्वचित्र तयारीका चरण

यस पार्श्वचित्र चरणबद्ध, व्यवस्थित र सहभागितामूलक रुपमा तयार गर्ने क्रममा नगर पार्श्वचित्र निर्माण कार्यविधि, २०७५ ले उल्लेख गरेबमोजिम देहायअनुसारका ७ चरणहरू अवलम्बन गरियो ।

- पहिलो चरण: वस्तुस्थिती विवरण ढाँचा, सर्वेक्षण औजार तथा विधि स्वीकृति
- दोस्रो चरण: वस्तुस्थिती विवरण तयारी गोष्ठी तथा कार्य योजना स्वीकृति
- तेस्रो चरण: सर्वेक्षण वा तथ्याङ्क संकलन
- चौथो चरण: तथ्याङ्क विश्लेषण, प्रस्तुति तथा स्रोतनक्सा तयारी
- पाँचौ चरण: वस्तुस्थिती विवरण मस्यौदा तयारी
- छैठौं चरण: वस्तुस्थिती विवरण प्रमाणीकरण कार्यशाला
- सातौं चरण: वस्तुस्थिती विवरण तयारी र प्रकाशन

## १.४ वस्तुस्थिती विवरणको सीमा

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेबमोजिम नगर पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरूको स्रोत र आधार वर्ष खुलाईएको छ । नगरका सम्पूर्ण घरधुरीहरूको स्थलगत सर्वेक्षण, विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्यांक, केन्द्रीय तथ्यांक विभाग, विभिन्न मन्त्रालय विभागहरू, सम्बन्धित नगरपालिका आदि स्रोतहरूबाट उपलब्ध तथ्यांकको आधारमा यो वस्तुगत विवरण (Profile) तयार गरिएको छ । पार्श्वचित्रको अवधारणा अनुसार यस डकुमेन्टले बागचौर नगरपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ । अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ । तैपनि स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई पनि केही सिमिततामा बाँधेको छ । यस अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसार तथ्याङ्क संकलन गरिएको छ ।

# परिच्छेद २ : बागचौर नगरपालिकाको परिचय

## २.१ नगरपालिकाको परिचय

पश्चिम नेपालको मध्य पहाडी भुभागमा अवस्थित कर्णाली प्रदेश अन्तर्गत साविक राप्ती अञ्चलको सल्यान जिल्लामा पर्ने बागचौर नगरपालिकाको उत्तरतर्फ पश्चिम रुकुम तथा दार्मा गाउँपालिका, दक्षिणतर्फ छत्रेश्वरी गाउँपालिका, पश्चिमतर्फ सिद्धकुमाख गाउँपालिका तथा शारदा नगरपालिका र पूर्वतर्फ रोल्पा जिल्ला रहेका छन् । यस बागचौर नगरपालिकाको कुल क्षेत्रफल १६३.१४ बर्ग कि.मि. रहेको छ । विश्व मानचित्रमा यसको अवस्थिति २८° २६′ उत्तरी आक्षांशदेखि २८° ३१′ उत्तरी आक्षांश र ८२° १४′ पूर्वी देशान्तरदेखि ८२° २३′ पूर्वी देशान्तर सम्म छ । स्थानीय विकास मन्त्रालयले २०७२ आश्विन १ गते थप २६ वटा नयाँ नगरपालिका थप्दा घोषणा भएको यस नगरपालिका समुन्द्र सतहबाट करिब ११०० मिटरदेखि २२०० मिटरको उचाइमा रहेको छ । लौराबाङ्ग शिर भएर बग्ने शारदा नदी यस नगरको प्रमुख नदी हो भने मोखला बाजेको गुफा यहाँको प्रमुख धार्मिक पर्यटकीय स्थल हो । राप्ती अञ्चलको प्रमुख नदी राप्तीको मुहानको रुपमा सुपरिचित बाँफुखोलाको पानीढल पनि यसै नगरमा अवस्थित छ ।

वि.सं. २०६८ को राष्ट्रिय जनगणना पश्चात बागचौर नगरपालिकाद्वारा वि.सं. २०७६ मा घरधुरी सर्वेक्षण गरिएको छ । घरधुरी सर्वेक्षण, २०७६ अनुसार बागचौर नगरपालिकाको कुल घरधुरी ६,७९७ सहित कुल जनसंख्या ३६,४३२ रहेको छ । जसमध्ये पुरुष ४९.६४ प्रतिशत (१८,०८५ जना) र महिला ५०.३६ प्रतिशत (१८,३४७ जना) रहेका छन् । काम गर्ने उमेर १६ देखि ६० वर्षसम्मको जनसंख्या कुल जनसंख्याको ७४.२८ प्रतिशत रहेको छ । त्यसैगरी, घरधुरी सर्वेक्षण, २०७६ अनुसार यस नगरको लैंगिक अनुपात (Sex Ratio) प्रति १०० महिलामा पुरुषको संख्या ९८.५७ रहेको छ । यहाँको प्रति वर्ग किलोमिटर क्षेत्रमा जनघनत्व २२३.३२ रहेको छ । यस नगरमा औषतमा प्रति परिवार ५.३६ जनसंख्या बसोबास गर्दछन् । त्यस्तै, २०७६ को सर्वेक्षण अनुसार ५ वर्ष र सोभन्दा माथिको साक्षरता दर ६९.११ % रहेको छ ।

यस नगरपालिकाका कुल १२ वडाहरुको तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धैरै जनसंख्या भएको वडामा वडा नं. २ रहेको छ । जसमा कुल ४,३०४ मानिस बसोबास गर्दछन् । त्यस्तै, कुल २,०३५ जनसंख्या सहित वडा नं. ११ सबैभन्दा कम जनसंख्या भएको वडा पर्दछ । नगरमा ३ हजारभन्दा बढी जनसंख्या भएका वडाहरु ६ वटा रहेका छन् । जसमा वडा नं. २ मा ४,३०४ जना, वडा नं. ४ मा ३,२६४ जना, वडा नं. ५ मा ३,१६४ जना, वडा नं. ३,०३६ जना, वडा नं. ७ मा ४,२०९ जना, वडा नं. ९ मा ३,१०६ जना मानिसहरु बसोबास गर्दछन् ।

त्यसैगरी, क्षेत्रफलको हिसाबमा वडा नं. ७ (१८.५७ वर्ग कि.मि.) सबैभन्दा ठुलो वडा हो भने वडा नं. ६ (८.७८ वर्ग कि.मि.) सबैभन्दा सानो वडा हो । औषत घरधुरीको आधारमा सबैभन्दा बढी वडा नं. ५ मा प्रति परिवार ६.०९ जनसंख्या रहेको छ भने सबैभन्दा कम वडा नं. १० मा प्रति परिवार ५.०२ जनसंख्या बसोबास गर्दछन् । त्यस्तै, वडागत कुल घरधुरी संख्याको आधारमा सबैभन्दा बढी घरधुरी वडा नं. २ (कुल ९१० घरधुरी) र सबैभन्दा कम वडा नं. ११ (कुल ४०८ घरधुरी) मा रहेका छन् ।

साविकका गा.वि.स.हरू थारमारे, कोटमौला, कोटबारा, पिपलनेटा, बाफुखोला र शिवरथलाई मिलाएर स्थापना गरिएको यस नगरपालिकामा संघीय संरचना अनुसार कुल १२ वडा रहेका छन् । साविकका गा.वि.स. अनुसार नगरपालिकाको वडा विभाजन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १ : बागचौर नगरपालिकाका साविकका गाविसहरूको विवरण

| वडा नम्बर | समावेश भएका साविकका गा.वि.स. | साविकका वडा नम्बर |
|---|---|---|
| **१** | थारमारे | १ – ३ |
| **२** | थारमारे | ४ - ५, ८ |
| **३** | थारमारे | ६ - ७, ९ |
| **४** | शिवरथ | १- ४, ९ |
| **५** | शिवरथ | ५ – ८ |
| **६** | कोटबारा | २- ५ |
| **७** | कोटबारा | १, ६ – ९ |
| **८** | कोटमौला | १- ५ |
| **९** | कोटमौला | ६- ९ |
| **१०** | पिपलनेटा | १- ९ |
| **११** | बाफुखोला | ६- ९ |
| **१२** | बाफुखोला | १- ५ |

*स्रोतः नगर कार्यपालिकाको कार्यालय, २०७६*

१ वटा क्याम्पस, १० वटा माध्यमिक विद्यालय, १५ वटा आधारभुत विद्यालय र ४४ प्राथमिक विद्यालय रहेको यस बागचौर नगरपालिकामा १ प्राथमिक स्वास्थ्य चौकी, ५ स्वास्थ्य चौकी र ३ शहरी स्वास्थ्य केन्द्र रहेका छन् ।

बागचौर नगरपालिकामा ब्राह्मण, क्षेत्री, कामी, दमाई, मगर, ठकुरी, सार्की, तामाङ, गाइन आदि जातजातीको बसोबास रहेको पाइन्छ । यहाँका अधिकांश बासिन्दाले हिन्दु धर्म मान्छन् भने थोरैको संख्यामा क्रिश्चियन र ईस्लाम धर्म पनि मान्ने गरेको पाईन्छ । यस नगरका मानिसहरुको मुख्य पेशा कृषि हो । यहाँ सबैभन्दा बढी मकै, गहुँ, जहुँ, आलु, कोदो, सुन्तला, अदुवा, टिमुर, आदि उत्पादन हुने गरेका छन् । बागचौर नगरपालिका भित्र पर्ने मुख्य बजार क्षेत्रहरूमा मोखला, कालाखेत, थारमारे, बागचौर, खरिबोट, रारेचौर, बाङ्गेलाखुरी, पेदिखोला, सिमखोली, बाफुखोला, दोभानबजार, बगरबजार, रातामाटा, पातिहाल्न, कोटबारा टाट्केबजार, कोट्मौला पातिहाल्न शन्देशबजार, खोरबारे, पिपलनेटा, चौरपानी, रातापोखरा आदि पर्दछन् ।

## २.२ नामाकरण

बागचौर नाम कसरी रहन गयो भन्ने प्रश्नमा जनश्रुती तथा स्थलगत अध्ययन गर्दा ठोस रुपले एकीन हुन नसकेपनि बुढापाकाहरूबाट मुलतः दुईवटा प्रसंगहरू भेटिए । पहिलो प्रसंगका अनुसार परापुर्वकालमा यो क्षेत्र वरीपरी घना जंगल रहेको थियो । जंगलमा थुप्रै वन्यजन्तु वसोवास गर्ने गर्दथे । तीमध्ये बाघको संख्या अत्यधिक थियो । बाघहरू प्रायजसो जंगलबाट शिकार खोज्दै हिड्ने क्रममा समथर चौर क्षेत्रमा भेटिने गर्दथे । यसरी बाघहरू डुल्ने-बस्ने चौर भएको हुनाले यसको नाम ‘बाघचौर’ हुन गएको र समयक्रमअनुसार त्यो क्रमशः अपभ्रंश हुँदै अहिलेको ‘बागचौर’ नाम रहन पुग्यो । यही तथ्यमा थोरै फरक कुराको उठान गर्दै केही गाउँलेहरूले ‘बाघ’ लाई गाउँघरको भाषामा ‘बाग’ भन्ने गरेको र ‘बाग’ बस्ने ठाउँ भएका कारण यसको नाम ‘बागचौर’ रहन गएको हुन सक्ने पनि बताए ।

त्यसैगरी अर्को तथ्यका अनुसार नेपाली शब्दकोषमा ‘बाग’ को शाब्दिक अर्थ ‘बगैँचा’ भनेर उल्लेख गरिएको छ । अर्थात् परापुर्वकालको कुनै समयमा यस ठाउँमा फलफुल या बिरुवाहरू भएको बगैँचा थियो होला । त्यसरी बाग अर्थात बगैँचा भएको चौर हुनाले यहाँको नाम ‘बागचौर’ रहन गयो ।




नक्सा नं. १ : नक्सामा बागचौर नगरपालिकाको संक्षिप्त विवरण




नक्सा नं. २ : बागचौर नगरपालिकाको नक्सामा साविकका गा.वि.स.हरू




नक्सा नं. ३ : बागचौर नगरपालिकाको वडा विभाजन गरिएको नक्सा




नक्सा नं. ४ : बागचौर नगरपालिकाको वडागत क्षेत्रफलको नक्सा




नक्सा नं. ५ : बागचौर नगरपालिकाको वडागत जनसंख्याको विवरण




नक्सा नं. ६ : बागचौर नगरपालिकाको वडागत महिला-पुरुष जनसंख्याको विवरण

## २.३ भूक्षेत्र

बागचौर नगर पूर्णरुपमा मध्य महाभारतीय पर्वत क्षेत्रमा पर्ने हुँदा यहाँको सम्पूर्ण धरातलमा पर्वतीय विशेषता झल्कन्छ । भू-धरातलीय आधारमा यस नगरलाई २ भागमा विभाजन गर्न सकिन्छ ।

*वेशी क्षेत्रः*

नगरको शारदा तथा अन्य प्रमुख नदी र नदी किनारमा पर्ने क्षेत्रहरू यस अन्तर्गत पर्दछन् । यी क्षेत्रहरू कृषि उत्पादनका लागि प्रसिद्ध मानिन्छन् ।

*मध्य पहाडी क्षेत्रः*

समुद्र सतहबाट १२०० मिटरदेखि माथिको पहाडी भू-भाग यस अन्तर्गत पर्दछन् । नगरको अधिकांश भू-भाग यसै क्षेत्रमा पर्दछ । अन्नबालीहरूमा विशेषगरी धान, मकै, गहूँ, जौं, कोदो तथा तेलहन आदिको उत्पादन हुने भएता पनि यो क्षेत्र विशेषगरी अमिलो जातका फलफुलहरू जस्तै सुन्तला, मौसम तथा कागतीका लागि प्रसिद्ध मानिन्छ ।

## २.४ हावापानी

हावापानीको दृष्टिकोणले बागचौर नगरपालिका समशीतोष्ण समूहमा पर्ने नगर हो । यहाँ जाडोमा अत्यधिक जाडो र गर्मीमा पनि धेरै गर्मी नरहने अवस्था रहेको छ । यहाँको हावापानी समशीतोष्ण बढी र शीतोष्ण कम गरी मिश्रित खालको रहेको छ । यहाँ हिँउदमा औसत तापक्रम ३ डिग्री देखि २८ डिग्री सेल्सियससम्म पुग्दछ भने गर्मीमा १४ डिग्री देखि ३१ डिग्री सेल्सियससम्म रहन्छ । हिँउदमा उत्तरबाट चिसो सिरेटो चल्ने गर्दछ, जसले गर्दा कहिलेकाँही अग्ला पहाडहरूमा हिँउदमा हिँउ पनि पर्ने गर्दछ । वर्षाको समयमा पूर्वी मनसुनी वायुले अत्यधिक वर्षा गराउँछ भने हिँउदमा पश्चिमी वायु बढी प्रभाव रहन्छ ।

यस नगरमा सामान्यतया दुई प्रकारका जलवायुहरू पाइन्छन् ।

*उपोष्ण समशीतोष्ण जलवायुः*

समुद्री सतहको ५०० मिटर देखि १२०० मिटरसम्मको भू-भागहरूमा यस प्रकारको हावापानी पाइन्छ । यो मानव बस्तीको लागि सुहाउँदो हावापानी भएकोले यस नगरमा पनि यस क्षेत्रमा बढी मानव बस्ती रहेको पाइन्छ । यस क्षेत्रमा पशुपालन तथा फलफुल खेती व्यवसायहरू पनि फस्टाएको पाइन्छ ।

***शीतोष्ण जलवायुः***

समुद्री सतहको १२०० मिटर देखि २१०० मिटरसम्मको भू-भागहरूमा यस प्रकारको हावापानी पाइन्छ । अग्लो स्थान, कठीन धरातलीय स्वरुप, चिसो हावापानी र खेतीयोग्य जमीनको अभावका कारण शीतोष्ण जलवायु क्षेत्रहरूमा मानवीय बस्तीहरूको कमै मात्र बसोबास रहेको छ ।

## २.५ माटोको बनावट र उर्वराशक्ति

समाज विकास क्रममा यसको आर्थिक तथा साँस्कृतिक पक्षलाई उजागर गर्न माटोले महान् भुमिका खेलेको हुन्छ । त्यसमा पनि नेपाल र बागचौर नगरपालिका जहाँको बहुसंख्यक जनभार कृषि पेशामा आश्रित छ । यहाँ माटो सर्वदा पूज्य र उल्लेख्य छ । तथापि, यहाँ माटोको बारेमा कुनै ठोस रुपमा सुक्ष्म ढंगबाट सम्भाव्यता अध्ययन भएको छैन । यस नगरको भौगोलिक बनावटको अवस्थालाई हेर्दा यहाँको अधिकांश माटोमा उब्जाउ क्षमताको कमी देखिन्छ । यहाँ बढी मात्रामा बलौटे, कडा चट्टान तथा नदी वेशीहरूमा बलौटे दोमट र खेतीयोग्य माटो पाइन्छ । तथापि, पहाडी टार तथा नदी, वेशीहरू उत्पादनका दृष्टिकोणले ज्यादै संभावनायुक्त देखिन्छन् ।

समग्र देशको नमूना अध्ययनका आधारमा यस नगरको माटोको प्रकार र उर्बरताको बारेमा निम्नानुसार पाइन्छ ।

*पाँगो माटोः*

यहाँका नदी बेसीहरूमा पाँगो माटोको प्रचुरता पाइन्छ । जहाँ पर्याप्त अन्न उत्पादन र तरकारी बालीको सम्भावना छ । नदीहरूले बगाई ल्याएको सडेको पातपतिङ्गर र अन्य कम्पोष्ट मलजन्य पदार्थलाई छेउछाउका तटवर्ती भागमा निक्षेप गर्दै जाँदा यी भागहरू अत्यधिक उब्जाउयोग्य रहेका छन् । तथापि, वर्तमान समयमा रसायनिक मलको व्यापक प्रयोगको कारण यहाँको माटोमा अम्लीयता वृद्धि भई उत्पादन ह्रासको स्थिति देखापरेको छ । लगातार भू-क्षय तथा वन विनाशका कारण नदीहरूले चुन ढुङ्गा, बलौटे, गेग्र्यानयुक्त पदार्थहरू निरन्तररुपमा निक्षेप गर्दा पाँगो माटोको गुणस्तरमा विस्तारै ह्रास आइरहेको छ ।

*बलौटे माटोः*

यो माटो बालुवा, कंकड, ट्यापी र ढुङ्गा मिश्रित माटो हो । यो उब्जाउको दृष्टिकोणले न्यून कोटीको मानिन्छ । विशेषगरी नगरको पहाडी भागहरूमा यो माटोको बाहुल्यता छ । अपेक्षाकृत कम मात्रामा मात्र दलहन र मकै बालीको मात्र यहाँ उत्पादन हुन्छ । यहाँ सिंचाइको समेत अभाव रहेको छ ।

शारदा नदी किनारा र आसपासका भूमिहरूमा माटोको कारण खाद्यान्न बालीको लागि बढी उर्वराशक्ति रहेको पाइन्छ । समथल भू-भागमा खाद्यान्न बालीको लागि उर्वर भूमि पाइन्छ भने भिराला पाखाहरूमा खोटेसल्ला, सुन्तला, अनार तथा नदीका आसपासका भू-भागमा धान, गहुँ, मकैको लागि उर्वर रहेको पाइन्छ । बोट विरुवामा सिसौ, मसला, टुनी, जामुन आदिको लागि पनि उपयुक्त रहेको छ । अधिकांश कृषकहरूको कृषि पेशा परम्परागत रुपमा नै रहेकोले कृषि उत्पादनमा खासै वृद्धि हुन सकेको अवस्था छैन । जसका कारण कृषि पेशामा युवाहरूको आकर्षण कम रहेको छ । नगरमा रहेका सम्भाव्य क्षेत्रहरूमा समेत उर्वर भूमि बृद्धि गर्ने दिर्घकालिन सोचले सार्थकता पाउन सकेको छैन । नगरमा माटोको बनावट र उर्वराशक्तिको अध्ययनको आधारमा नगरवासीहरूको आर्थिक हैसियत वृद्धि गर्न के–कस्ता उत्पादन प्रणाली अपनाउन सकिन्छ । यस विषयमा छुट्टै अध्ययन गर्नुपर्ने देखिन्छ ।




नक्सा नं. ७ : बागचौर नगरपालिकाको भिरालोपना दर्शाउने नक्सा




नक्सा नं. ८ : बागचौर नगरपालिकाका जमिनको उचाईअनुसार नक्सा

### २.६ धार्मिक तथा प्राकृतिक महत्वका पर्यटकीय स्थलहरू

एउटा विशिष्ट भौगोलिक संरचनाले सृजना गरेको हावापानी, जनजीवन, वन वनस्पति र वन्यजन्तु तथा साँस्कृतिक विविधताको कारण नेपाल विश्वमा एउटा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा परिचित छ । पर्यटन हाम्रो लागि प्रकृतिले वरदान दिएको सम्पत्ति हो । अत्यन्त रमणीय विश्वकै उच्च हिमश्रृंखलाहरू, अनवरत बग्ने कञ्चन नदीहरू, तालतलैया, प्राकृतिक गुफा, विविधतायुक्त वनजंगल यहाँका प्राकृतिक निधिहरू हुन् । यहाँका साँस्कृतिक चालचलन तथा रहनसहन समेत पर्यटनका आकर्षक पक्षहरू हुन् । यी सम्पुर्ण पर्यटकीय सम्पत्तिको पूर्ण सदुपयोग गरेमा देशको आर्थिक समृद्धिमा उल्लेखनीय योगदान पुग्ने गई देशको अर्थतन्त्रलाई सबल बनाउन सकिने निश्चित छ । तसर्थ पर्यटन नीति, २०६५ ले मुलभुतरुपमा पर्यटन मार्फत स्वरोजगार श्रृजना, गरिबी न्युनिकरण, मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास, विस्तार तथा स्तरोन्नती गर्ने र पर्यटन पूर्वाधारलाई दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाउने उद्देश्य लिएको छ ।

बागचौर नगरपालिकाको प्राकृतिक सौन्दर्यता, नदीनाला, वनजंगल र धार्मिक स्थलहरूको रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण हुने गर्दछ । यहाँको साँस्कृतिक विविधता र प्राकृतिक सौन्दर्यता पर्यटकीय आकर्षणका पक्षहरू हुन् ।

#### बागचौर नगरका प्रमुख पर्यटकीय स्थलहरूः

#### शिव गुफाको मन्दिर, मोखला

बागचौर नगरपालिकाको प्रमुख धार्मिक पर्यटकीय स्थलको रुपमा सुपरिचित शिव गुफाको मन्दिर बागचौर नगरपालिकाको वडा नं. १० स्थित मोखलामा अवस्थित छ । धार्मिक, प्राकृतिक, पुरातात्विक एवम् ऐतिहासिक महत्व बोकेको यस शिव गुफाको मन्दिरमा हिन्दु धर्मका शिव-पार्वती देवीदेवताको पुजाआरधाना गर्ने गरिन्छ ।

हरेक वर्षको तिहार पछिको पूर्णिमाका दिन (मंसिर महिना) मा लाग्ने सल्यान जिल्लाकै ठुला मेलापर्व मध्येको एक भुमेश्वर मेलाका दिन यस शिव गुफा मन्दिरमा नगरपालिका भित्र र बाहिरका भक्तजन एवम् पर्यटकहरूको ठुलो घुँइचो लाग्ने गर्दछ । साथै, प्रत्येक कृष्ण जन्माष्टमीको अवसर पारी मोखला क्षेत्रमा लाखे नाँच पनि नाचिने गरिन्छ । जसको धार्मिक एवम् साँस्कृतिक रौनकताले यस क्षेत्रको महत्व र गरिमालाई थप उचाइ प्रदान गर्ने गरेको छ ।

मोखला शिव गुफाको प्राचीन इतिहासलाई नियाल्दा स्थानीयहरूका अनुसार परापूर्वकालदेखि नै मौजुद रहेको यस गुफालाई जंगलमा गाइबाख्रा चराउन आउने क्रममा ग्वालाहरूले सर्वप्रथम पत्ता लगाएको मानिन्छ । करिब करिब वि.सं. २०३५-४० तिरको समयदेखि सबैमाझ गुफा परिचित हुँदै गएको बुझिएको छ भने यसलाई छेकबार-घेरबार गर्दै संरक्षणको काम ०५० साल तिरबाट सुरु भएको मोखला बजारवासीको भनाइ छ । त्यसको झण्डै एक वर्षपछि ०५१ सालमा मोखलाबासीको नेतृत्वमा जनसर्वदानबाट मन्दिर निर्माण भएको थियो ।

फोटो

करिब ५०-६० मिटर लम्बाई भएको यस मोखला शिव गुफा भित्र ढुङ्गाबाट बनेका विभिन्न अलौकिक स्वरुप र विभिन्न प्राकृतिक संरचनाहरू रहेको पाउन सकिन्छ । जसमा शिवलिङ्ग, गाईका थुनहरू, शर्पहरू, कमलको तलाउ, इत्यादी ढुङ्गाको चट्टानमा प्रतिबिम्बित छन् । स्थानीय जनश्रुती अनुसार महादेव भगवान पृथ्वी लोक भ्रमणका क्रममा मोखला शिव गुफाको प्वाल हुँदै कुमाखको सिद्धगुफामा पुग्ने गरेको कहावत रहेको पाइन्छ ।

हाल नगरपालिकाको सहयोगमा मन्दिर सम्म पुग्ने समुचित व्यवस्था हुनुका साथै विस्तारै खानेपानी, पिक्निक स्पट, धार्मिक तीर्थवर्तका लागि व्यवस्थित बस्ने ठाउँको समेत बिकास हुँदैछ । यति मात्र नभएर आगामी दिनमा यसको प्राचीन एवम् धार्मिक महत्वलाई प्रचारप्रसार गर्दै सबैमाझ पुर्याउन सकिएको खण्डमा बागचौर नगरको आन्तरिक तथा बाह्य पर्यटक आगमन संख्यामा बृद्धि भई आर्थिक विकासमा टेवा पुग्ने देखिन्छ ।

## मख्लाम लेक

नेपालको साबिक मध्यपश्चिमाञ्चल विकास क्षेत्र हाल कर्णाली प्रदेश राप्ती अञ्चल सल्यान जिल्ला बागचौर नगरपालिका वडा नम्बर ७, ९ र ११ मा पर्ने मख्लाम टाकुरा मध्यपहाडी क्षेत्रको २ हजार ५ सय मिटरको उचाइमा रहेको छ । सल्यानमा रहेका अग्ला लेकहरूको हिसाबले यो चौथो स्थानमा रहेको छ भने बागचौर नगरपालिका भित्रको सबैभन्दा ठुलो लेक रहेको छ ।

मख्लाम लेकको बारेमा स्थानीयमा विभिन्न जनश्रुतीहरू रहेको पाइन्छ । जनश्रुती अनुसार, पृथ्वीनारायण शाहले नेपाल एकीकरणको समयमा विभिन्न राज्यहरूमा आफ्नो कब्जा जमाउँदै आएका थिए । विक्रम सम्वत १८५० तिर पृथ्वीनारायण शाहसँग पराजित राजाहरू विभिन्न ठाउँमा भाग्ने क्रम चलिरहेको थियो । सोही क्रममा एउटा भोटे राजा यस मख्लाम लेकमा बस्न आइपुगेका थिए । मख्लाम लेकमा आइपुगेका ती राजाले पिउने पानीको लागि दक्षिण-पश्चिम दिशामा रहेको ठुला खोलाको मुहान, जुगे खोलाको मुहान र ताउले रहको प्रयोग गरेको मानिन्छ । अहिले पनि यसको प्रमाण स्वरूप मुहानमा आधुनिक रिजर्भ ट्यान्कीको स्वरुप बोकेका गहिरो मुहानमा गहिरो खनेको र ढुङ्गा प्रयोग गरेको देख्न सकिन्छ । साथै तत्समयको दरबारको सुरक्षाको लागि बनाएको पर्खालको अवशेष समेत भेट्न सकिन्छ ।

फोटो

मख्लाम लेकमा यहाँका स्थानीयले परापुर्वकालदेखी सिद्धचौरासीको पूजा गर्दै आएका छन् । यहाँ असार शुक्लपञ्चमी र मङ्सिर शुक्लपञ्चमीमा पूजा गरिन्छ । तर, विशेष प्राकृतिक प्रतिकुलताको अवस्थामा (जस्तै, खडेरी लगायत) मङ्गलबार र शनिबारको दिन मिलाएर पनि पूजा गरिन्छ । स्थानी शिक्षक कीर्ति बहादुर वलीको भनाइअनुसार विक्रम सम्वत २०२९ सालमा खडेरी परेको अवस्थामा वर्षाको प्रार्थना गर्दै यस लेकमा राँगा काटिएको थियो । तत्पश्चात् केही गिद्धले उक्त राँगाको मासु खाएको र भोलिपल्ट देखि मुसलधारे पानी

परेको थियो रे । यहाँ प्राकृतिक प्रतिकुलताबाट बच्न, जङ्गली जनावरले मान्छेलाई हानी नगरोस् भन्दै वर्षेणी पूजाआजा गरिँदै आएको छ ।

धार्मिक एवम् ऐतिहासिक महत्वका साथै मख्लाम लेक प्राकृतिक सुन्दरता र जैविक विविधताको दृष्टिले समेत महत्त्वपूर्ण मानिन्छ । लेकको उत्तर तिर घना जङ्गल, पर्याप्त पानीका स्रोतहरू रहेका छन् । यहाँ विभिन्न प्रकारका जडीबुटीहरू पाइनुका साथै लेकको वरिपरि विभिन्न वन्यजन्तुहरूको समेत वासस्थान रहेको छ ।

असीम महत्व बोकेको यस मख्लाम लेकलाई नगरको प्राकृतिक एवम् धार्मिक पर्यटकीय स्थलको रुपमा प्रचारप्रसार एवम् उचित विकास गर्दै पदमार्ग, जंगल सफारी या भ्यु टावरस्थलको रुपमा स्थापित गरिएको खण्डमा भविष्यमा नगरपालिकाको समग्र आर्थिक विकासमा समेत टेवा पुग्ने देखिन्छ ।

### *रानीपोखरी र कालिका मन्दिर*

### कालिका मन्दिर

कर्णाली प्रदेश सल्यान जिल्ला बागचौर नगरपालिका वडा नम्बर ८ मा अवस्थित श्री कालिका भगवती देवीको उत्पत्ति जनश्रुति अनुसार निकै प्राचीन समयमा भएको मानिन्छ । विशेषगरी यहाँ बडा दसैँ र चैते अष्टमीमा भव्य पूजा हुने हुँदा ठुलो मेला लाग्ने गरेको छ ।

फोटो

परापुर्वकालमा यस कालिका मन्दिरमा तत्कालीन राजाहरूले पूजाआजा गर्ने गरेको बुझिन्छ । स्थानी पूर्ण चन्दका अनुसार बाइसे, चौबिसे राज्य देखि हाल सम्म पनि राज्यले नै हाँको पूजा खर्च व्यवस्थापन गर्ने गरेको छ । यस मन्दिर प्राङ्गणमा काठको मौलालाई ठाडो पारि राखिएको छ । तत्कालीन ‘रोल्पाकोट’ राज्यबाट आएको ‘कोट’मा ‘मौला’ थपिएर यस मन्दिर रहेको स्थानको नाम ‘कोटमौला’ रहन गएको जनविश्वास छ । साबिकको यहाँको गाविसको नाम समेत कोटमौला रहेको थियो । धार्मिक रुपमा अथाहा महत्व र सम्भावना बोकेको यस मन्दिरलाई थप प्रचारप्रसार एवम् सम्बर्द्धन गर्न सके थप टेवा पुग्ने देखिन्छ ।

### रानीपोखरी

यहाँका तत्कालीन राजाले आफ्नी रानीको नाममा बनाएको पोखरी भएको हुनाले यस ठाउँको नाम 'रानीपोखरी' रहन गएको जनश्रुती रहेको छ ।  बडा दशैको घटस्थापनाको अघिल्लो दिन अर्थात् औशीको दिनमा यहाँ सल्यान कै ठुलोमध्येको मेला लाग्ने गर्दछ । मेला कहिले देखि लाग्न सुरु गऱ्यो भन्ने ठ्याक्कै थाहा नभए पनि परापुर्वकाल देखि नै लाग्दै आएको जनविश्वास रहेको छ । यस क्षेत्रमा लाग्ने यो मेलालाई स्थानीयद्वारा महत्त्वपूर्ण रूपमा हेरिन्छ । उहिले-उहिले २ दिनसम्म लाग्ने यहाँको मेला अहिले भने १ दिन मात्रै लाग्ने गरेको छ । मेलामा स्थानीय झाकीँहरु समेत प्रदर्शन हुने गर्दछन् । यस ऐतिहासिक महत्व बोकेको स्थललाई नगरबाट उचित योजनासहित थप विकास एवम् प्रचारप्रसार गर्न सकेमा नगरको पर्यटन क्षेत्रमा थप टेवा पुग्ने सम्भावना देखिन्छ ।

फोटो

### *जनयुद्धको इतिहास बोकेको विजयधुरी*

विजयधुरी कर्णाली प्रदेश सल्यान जिल्ला अन्तर्गत बागचौर नगरपालिका वडा नम्बर १२ (साबिकको बाफुखोला) मा रहेको छ । पहिले यसको नाम 'बाबिर' रहेको थियो, पछि माओवादी १० वर्षे जनयुद्धकालमा सहिद विजय घलेको नाममा यसको नाम विजयधुरी राखिएको हो । यस अर्थमा पनि यस विजयधुरी युद्ध पर्यटनको गन्तव्य बन्न सक्ने देखिन्छ ।

फोटो

विजयधुरी सल्यान र रोल्पाको सिमानामा रहेको छ । यहाँबाट ३ वटा जिल्लाको सदरमुकामको सुन्दर, मनमोहक दृश्य देख्न सकिन्छ । रुकुमको सदरमुकाम मुसिकोट, जाजरकोटको सदरमुकाम खलंगा र सल्यानको सदरमुकाम खलंगा यहाँबाट सजिलै देख्न सकिन्छ । साथमा प्राकृतिक सुन्दरताको लोभलाग्दो छटा अवलोकनका लागि पनि विजयधुरी गज्जबको गन्तव्य बन्ने देखिन्छ । बाफुखोलाको दोभान बजार देखि विजयधुरी सम्म छोटो पैदलमार्ग निर्माण गरी ट्रेकिङ रुटको पनि विकास गर्न सकिन्छ ।

*सुकिदह*

प्राकृतिक एवम् ऐतिहासिक महत्व र पर्यटनको प्रचुर सम्भावना बोकेको सुकिदह बागचौर नगरपालिकाको १२ नं. वडामा अवस्थित छ । प्राचिन समयमा ठुलो दहको रुपमा रहेको यस दहबाट विस्तारै पानी सुक्न गएको र त्यसरी दह सुक्नुका पछाडि स्थानीय गाउँलेहरूका विभिन्न मान्यताहरू रहदै आएको पाइन्छ । जसअनुसार एक समय एक किसानले आफ्ना गोरु पानीमा नुहाउन लिएको र त्यही दिन देखि पोखरी सुकेको भन्ने कथा सुन्न पाइन्छ । यस ऐतिहासिक एवम् प्राकृतिक सम्पदालाई पुनःविकास गर्दै भविष्यका दिनमा उचित व्यवस्थापन सहितको पिकनिक स्पटको रुपमा स्थापित गर्न सकिएको खण्डमा नगरको पर्यटनमा थप टेवा पुग्ने देखिन्छ ।

*शारदा नदीको शिर, लौराबाङ*

खरिबोट, बागचौर, थारमारे, कालाखेत र मोखला भएर बग्ने यस नगर तथा सल्यान जिल्लाकै प्रमुख नदी शारदाको मुहान बागचौर नगरपालिका अन्तर्गत वडा नं. ४ मा अवस्थित छ । यस स्थानलाई प्राकृतिक पर्यटकीय स्थलको रुपमा विकास गर्न सकिन्छ । शारदा नदी सल्यान जिल्लाको दमदवाली भन्ने स्थान हुँदै

दाङ्ग जिल्लाको विशाल बबई नदीसँग समाहित भई बर्दिया जिल्ला हुँदै भारततिर प्रवाहित हुन्छ । सल्यानको अधिकांश सबै कृषि कार्य यही नदीको माध्यमबाट हुने गरेको छ ।

फोटो

*राप्ती नदीको शिर, पाण्ढल*

साबिकको राप्ती अञ्चलको प्रमुख नदी राप्ती नदीको मुहान बागचौर नगरपालिका अन्तर्गत बाफुखोलाको पाण्ढलमा रहेको मानिन्छ । यस स्थानलाई आगामी दिनहरूमा नगर स्तरबाट पर्याप्त प्रचारप्रसार एवम् सम्बर्द्धन गर्दै प्राकृतिक पर्यटकीय स्थलको रुपमा विकास गर्न सकेको खण्डमा समग्र नगरको आर्थिक समृद्धिमा टेवा पुग्ने देखिन्छ ।

*हिमचौर*

धार्मिक, प्राकृतिक एवम् साँस्कृतिक महत्व बोकेको हिमचौर साबिकको बाँफुखोला र हालको बागचौर नगरपालिका अन्तर्गत वडा नं. ७ मा अवस्थित छ । नेपालभरी कै वली जातिको प्राचीन उद्गम स्थलको रुपमा रहेको यस ठाउँलाई बागचौर नगरको पर्यटकीय गन्तव्यको रुपमा बृहत् रुपमा विकास गर्न सकिने देखिन्छ । हाल यस स्थानमा वलीहरूको वसोवास हुँदै आइरहेको छ । ग्रामीण सुन्दरताले भरिपूर्ण एवम् नेपालमै

चर्चित आलु पकेट क्षेत्रको रुपमा रहेको हिमचौरलाई कृषि पर्यटकीय गन्तव्यको रुपमा पनि प्रचुर सम्भावना बोकेको मान्न सकिन्छ ।

फोटो

स्थानीय हरि ब. वलीद्वारा संकलित वंशावलीमा उल्लेख भएअनुसार परापूर्वकालमा भारतको काँसी, कुमाउ गढवाल हुँदै नेपालको डोटी भएर जाजरकोटको लोहागबाट वि.सं. १५०० तिर हिमचौरमा वली वस्ती बसेको बुझिन्छ । त्यसरी आउने क्रममा २ भाइको परिवार मध्ये कान्छो बुङ वली शिवरथको बाङमामा बस्न गएको र माइलो भाइ हिक्मत वली चैं हिममा बस्न आएको मानिन्छ । जाजरकोट सुवाकोटमा बास बस्दा झुक्काएर कान्छो भाइलाई रक्सी खुवाइएको हुँदा उनीहरूको वंशले जनै लाउन छोडेको र एउटै थरको अर्को भाइको वंशले भने जनै लाउने गरेको स्थानीयको मान्यता छ । यसरी हेर्दा सम्पुर्ण वली जातिको प्राचीन भुमिको रुपमा रहेको यस हिमचौर, जहाँबाट वली जातिहरू अन्य जिल्लाहरू जस्तैः रोल्पा, रुकुम, झापा तिर विस्तार भएको मानिन्छ, लाई पर्यटकीय स्थलको रुपमा विकास एवम् प्रचारप्रसार गर्न सके नगरकै आर्थिक समृद्धिमा समेत बल पुग्ने सम्भावना रहेको छ ।

### प्रस्तावित अग्ला टाकुरा पार्क तथा भ्यु टावर

बागचौर नगरपालिकाद्वारा वडा नम्बर २ को लस्तम अग्ला टाकुरा डाँडामा प्रस्ताव गरिएको ‘अग्ला टाकुरा पार्क तथा भ्यु टावर’ भविष्यमा एक प्रमुख पर्यटकीय स्थलको रुपमा परिचित हुने विश्वास लिइएको छ । भ्यु-टावर निर्माणस्थलबाट बागचौर नगरपालिकाका १२ वटै वडा, छिमेकी पालिकाका भु-भाग साथै छिमेकी जिल्ला रोल्पा तथा रुकुमका समेत सुन्दर-रमणीय दृश्यहरु अवलोकन गर्न सकिन्छ । यहाँबाट रुकुमको सिस्ने हिमाल तथा अन्य हिमश्रृंखलाको मनोरम दृश्यहरु देख्न सकिन्छ । साथै, यो ठाउँ डाँगी जातिको उद्गमस्थलको रुपमा समेत परिचित रहेको छ । अग्ला टाकुरा राप्ती राजमार्गदेखि १ किलोमिटर दक्षिण-पश्चिम दिशामा रहेको छ ।

के-के बन्दैछ "अग्ला टाकुरा पार्क तथा भ्यु-टावर"मा ?

१. भ्यु-टावर



अग्ला टाकुरा पार्क तथा भ्यु-टावरमा मुख्य आकर्षकको रुपमा भ्यु-टावर रहने छ । सल्यान बागचौर नगर आसपासका सम्पुर्ण पर्यावरणीय सुन्दरताले भरिपुर्ण डाँडाकाँडा, वनजंगलहरूको दृश्यावलोकनका लागि 'भ्यु टावर'को निर्माण गरिन लागेको हो ।

साथै यसको शिरमा नेपालको झण्डा पनि राखिनेछ, जसमार्फत राष्ट्र र राष्ट्रियताको भावनालाई बागचौरबाट थप बुलन्द पार्न कोसिस गरिनेछ । भ्यु-टावरको उचाई झण्डा बाहेक करिब १६.५ मिटरको हुनेछ ।

२. संग्रहालय



पार्कको अर्को प्रमुख आकर्षणको रुपमा रहनेछ, संग्रहालय । यसमा नगर तथा जिल्लाका धार्मिक, पुरातात्विक एवम् ऐतिहासिक महत्व बोकेका बहुमुल्य चिजहरूलाई संरक्षण, संबर्द्धन तथा प्रदर्शन गरिनेछ ।

साथै, यहाँका मौलिक, रैथाने कला-संस्कृति झल्किने चिजहरु समेत संग्रहालयमा राखिनेछ । ताकि पार्क तथा भ्यु-टावर भ्रमण गर्न आउने आन्तरिक एवम् बाह्य पर्यटकहरूले सजिलैसँग सम्पुर्ण बागचौर सिँगो एउटै फ्रेममा अबलोकन गर्न सकून् । यसमार्फत् नगरपालिकाबाट लोप हुनै लागेका कला, संस्कृति तथा सम्पदाको समेत जगेर्णा हुने विश्वास नगरपालिकाले लिएको छ ।

३. कार्यक्रम डबली, खुलामञ्च तथा भवन

पार्कमा विभिन्न नगर, प्रदेश एवम् केन्द्र स्तरीय कार्यक्रमको सञ्चालनकालागि कार्यक्रम डबली, खुलामञ्च तथा भवनको समेत व्यवस्था हुनेछ ।



नगर, प्रदेश एवम् केन्द्र स्तरीय कार्यक्रम सञ्चालनकालागि सल्यान जिल्लाभर नै त्यति उपयुक्त स्थान नभएको तितो यथार्थलाई ध्यानमा राख्दै यसको निर्माण गर्न लागिएको हो ।

डबली, मञ्च तथा भवनको निर्माणसँगै भविष्यमा हुने ठुला कार्यक्रमकालागि मञ्च तथा बाहिरको खुल्ला चौर प्रयोग गर्न सकिनेछ भने विभिन्न गोष्ठी र सेमिनारहरुकोलागि भवनभित्र हलको ब्यवस्था गरिनेछ । साथै, यस भवनमा अतिथिकोलागि आराम तथा स्वागत कक्ष समेत रहनेछ ।

४. मन्दिर

पार्क निर्माणस्थल नेपालका सम्पुर्ण डाँगी जातीहरूको उद्गमभुमीका रुपमा पनि परिचित रहेकोले उनीहरूको कुल देवताको मन्दिर पनि पार्कको तल्लो फाँटमा व्यवस्था गरिनेछ ।

यससँगै पार्क परिसरभित्र आगन्तुक पर्यटकहरूकालागि धार्मिक पर्यटनको रुपमा मन्दिरको पनि निर्माण गरिनेछ । यो ठाउँ आफैमा पनि घार्मिक महत्त्व बोकेको पवित्रभुमी भएकोले मन्दिर निर्माणले नगर क्षेत्रको धार्मिक आस्थामा थप सहयोग पुग्ने देखिन्छ ।



५. गार्ड हाउस र टिकेट घर सहितको प्रवेशद्वार

दीर्घकालीन रुपमा आर्थिक संकलनको एउटा पाटोको रुपमा यस पार्क तथा भ्यु टावर बन्ने नगरपालिकाले बिश्वास राखेको छ ।



यसका लागि पार्क प्रवेशमा टिकटको व्यवस्था गरिनेछ । पार्क प्रवेशद्वारसँगै गार्ड हाउसको पनि निर्माण गरिनेछ ।

६. अतिथी गृह, सार्वजनिक शौचालय तथा ग्रामीण पार्टी-पौवाहरू



पार्कको समुचित व्यवस्थानका लागि अतिथी गृह, सार्वजनिक शौचालय तथा ग्रामीण शैलीबाट बनाइएका पर्याप्त पार्टी-पौवाहरूको समेत व्यवस्था गरिने अवधारणा सहितको डिजाइनमा उल्लेख गरिएको छ ।

**तालिका नं. २ : धार्मिक / ऐतिहासिक / पुरातात्विक स्थलहरूको विवरण**

| क्र.सं. | स्थलको नाम | वडा नं. | सडकको अवस्था | नजिकको बजार केन्द्र सम्मको दुरी (कि.मि.) | स्वामित्व | विशेषता |
|---|---|---|---|---|---|---|
| १. | बयाँले डाँडा | १ | पुगेको | १.० | सामुदायिक | प्राकृतिक |
| २. | धोपाघाट त्रिवेणी धाम | १, १० | पुगेको | ०.१ | नेपाल सरकार | धार्मिक |
| ३. | शिव मन्दिर | २ | पुगेको | ०.७ | सामुदायिक | धार्मिक |
| ४. | शाईंकुमारी | २ | पुगेको | ०.८ | सामुदायिक | धार्मिक |
| ५. | त्रिवेणी मन्दिर | २ | पुगेको | १.० | सामुदायिक | धार्मिक |
| ६. | कालिका मन्दिर | २ | पुगेको | ०.० | सामुदायिक | धार्मिक |
| ७. | दाह्रे पूजा मन्दिर | ३ | पुगेको | २.० | सामुदायिक | धार्मिक |
| ८. | पूर्वे पूजा | ३ | पुगेको | - | सामुदायिक | धार्मिक |
| ९. | पाण्ढल मन्दिर | ४ | पुगेको | २.० | सामुदायिक | धार्मिक |
| १०. | प्रशंसा चर्च | ४ | पुगेको | ०.१५ | सामुदायिक | धार्मिक |
| ११. | चमेरे ओडार | ४ | नपुगेको | १.० | व्यक्तिगत | प्राकृतिक |
| १२. | कोट मन्दिर | ५ | पुगेको | १.० | सामुदायिक | धार्मिक |
| १३. | सिद्द मन्दिर | ५ | पुगेको | ०.१ | सामुदायिक | धार्मिक |
| १४. | चित्रालेखी मन्दिर | ६ | पुगेको | ०.४ | सामुदायिक | धार्मिक |
| १५. | देवी भगवती | ६ | पुगेको | ०.४ | सामुदायिक | धार्मिक |
| १६. | मष्टा मन्दिर | ६ | पुगेको | ०.५ | सामुदायिक | धार्मिक |
| १७. | चरङ्गकोट डाँडा | ६ | नपुगेको | ३.० | नेपाल सरकार | प्राकृतिक |
| १८. | सिद्द गुफा | ६ | नपुगेको | ३.० | व्यक्तिगत | प्राकृतिक |
| १९. | शिव मन्दिर, साना गाँडाकोट | ७ | पुगेको | २.० | सामुदायिक | धार्मिक |
| २०. | देउलीबोट मन्दिर | ७ | नपुगेको | ३.० | सामुदायिक | धार्मिक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **२१.** | भगवती मन्दिर | ७ | पुगेको | ४.० | सामुदायिक | धार्मिक |
| **२२.** | शिव मन्दिर, दह | ७ | पुगेको | ५.० | सामुदायिक | धार्मिक |
| **२३.** | मख्लाम लेक | ७, ९, ११ | नपुगेको | ६.० | नेपाल सरकार | प्राकृतिक/पुरातात्विक |
| **२४.** | कालिका मन्दिर | ८ | पुगेको | ०.० | सामुदायिक | धार्मिक |
| **२५.** | रानी पोखरा | ८ | पुगेको | ३.० | सामुदायिक | प्राकृतिक/पुरातात्विक |
| **२६.** | अग्ला टाकुरा | ८ | नपुगेको | २.० | सामुदायिक | धार्मिक/प्राकृतिक |
| **२७.** | शिव मन्दिर | ९ | पुगेको | ०.१ | सामुदायिक | धार्मिक |
| **२८.** | शिव गुफा मन्दिर | १० | पुगेको | ०.१ | सामुदायिक | धार्मिक |
| **२९.** | छाँयानाथ ढुङ्गा | १० | नपुगेको | १.५ | नेपाल सरकार | धार्मिक |
| **३०.** | राङ्गाले हानेको ढुंगा | १० | पुगेको | ०.२ | नेपाल सरकार | धार्मिक |
| **३१.** | बाफुखोला ब्रह्माथान मन्दिर | ११ | पुगेको | ०.१ | सामुदायिक | धार्मिक |
| **३२.** | शिव मन्दिर | ११ | पुगेको | ०.१ | सामुदायिक | धार्मिक |
| **३३.** | मेलटा बराह मन्दिर | ११ | नपुगेको | ४.० | सामुदायिक | धार्मिक |
| **३४.** | खैराबाङ्गी मन्दिर | ११ | पुगेको | ५.० | सामुदायिक | धार्मिक |
| **३५.** | विजयधुरी | ११ | नपुगेको | ३.० | नेपाल सरकार | प्राकृतिक |
| **३६.** | आरुचौर धुरी | ११ | नपुगेको | ३.० | नेपाल सरकार | प्राकृतिक |
| **३७.** | सिद्द मन्दिर | १२ | नपुगेको | १.५ | सामुदायिक | धार्मिक |
| **३८.** | सुकिदह | १२ | पुगेको | ३.० | सामुदायिक | धार्मिक/प्राकृतिक |

*स्रोतः नगर कार्यपालिकाको कार्यालय, २०७६*

नगरपालिकामा अवस्थित मोखलाको शिव गुफा, बाँफुखोलाको विजयधुरी, मख्लाम लेक, सुकिदह, अग्ला टाकुरा पार्क तथा भ्यु टावर, शारदा नदीको शिर लौराबाङ्ग, रानीपोखरी, जस्ता धार्मिक, प्राकृतिक, ऐतिहासिक तथा पुरातात्विक महत्व बोकेका पर्यटकीय स्थलहरूको थप प्रचार प्रसार तथा पर्यटक मैत्री वातावरणको प्रवर्द्धन गर्न सके बागचौरको आर्थिक विकास र रोजगारीको श्रृजनामा महत्वपूर्ण योगदान हुन सक्ने देखिन्छ । साथै अन्य सम्भावित स्थलहरूलाई थप विकास गरी पर्यटक संख्या वृद्धि गर्न सके आर्थिक उपार्जन र प्रचार प्रसारमा वृद्धि हुने सम्भावना देखिन्छ ।

## २.७ नदी तथा खोलाको विवरण

जल सम्पदाको दृष्टिले नेपाल ब्राजिलपछि विश्वको दोस्रो सबैभन्दा समृद्ध राष्ट्र र एसियामा पहिलो राष्ट्र मानिन्छ । नेपालमा ६ हजारभन्दा बढी नदिनालाहरू रहेका छन् । यी नदीनालाहरूबाट सिँचाई सुविधा, खानेपानीको आपूर्ति, जल यातायात, पर्यटन र मत्स्य पालनको क्षेत्रमा बहुआयामिक रुपले प्रयोग गर्न सकिने देखिन्छ ।

बागचौर नगरपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदी, खोलानाला तथा पोखरीहरूकले विभिन्न किसिमका जलचरहरू र पशुपंक्षीहरूलाई सुरक्षित बासस्थानको रूपमा आश्रय दिइरहेको पाइन्छ । साथै यस्ता जलाधार क्षेत्रबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत सिंचाइको लागि पानीको प्रयोग गर्दछन् । मानव वस्तीको क्रमिक विकास साथै अनुत्पादक पशुहरूको चरीचरण र उपयोगले प्राकृतिक जलक्षेत्रहरू सुक्ने साथसाथै नदीनाला तथा खोला छेउछाउ अव्यवस्थित बसोबास र त्यहाँबाट निस्किएका फोहोर र ढलले नदी तथा खोलाको स्वरूप बिग्रिने सम्भावना रहन्छ । त्यसकारण यी प्राकृतिक ताल तलाउ तथा खोलानालालाई संरक्षण गरी पर्यटकीय आकर्षण केन्द्रको रूपमा विकसित गर्दै लैजानुपर्छ ।

लौराबाङ शिर भएर खरिबोट, बागचौर, थारमारे, कालाखेत र मोखला भएर बग्ने शारदा नदी नै यस नगरको प्रमुख नदी हो । यो नदी सल्यान जिल्लाको दमदवाली भन्ने स्थान हुँदै दाङ्ग जिल्लाको विशाल बबई नदीसँग समाहित भई बर्दिया जिल्ला हुँदै भारततिर प्रवाहित हुन्छ । यस नगर तथा समग्र जिल्लामै शारदा नदीलाई व्यवस्थित रुपमा उपयोग गरि वैज्ञानिक कृषि उत्पादनमा प्रयोग नगरिए तापनि जनस्तरबाट यसको परम्परागत विधि (Conventional Method) उपयोग गरि कृषि प्रणालीमा उल्लेख्य सुधार ल्याईएको छ । यद्दपि, यस नदीको छिमेकी जिल्ला बर्दियामा व्यवस्थित सिंचाईद्वारा हजारौं हेक्टर जमीनमा सिंचाई गरि कृषि उत्पादनमा वृद्धि गरिएको छ । यसका अलावा, यस नदीको जलविद्युतमा समेत प्रशस्त संभावना रहेको छ । तथापि, उपयोगको सम्बन्धमा दीर्घकालीन योजनाको खाँचो टड्कारो रहेको छ ।

शारदा नदीका अलावा अन्य नदी तथा खोलाहरूमा ठिन्बाङ खोला, लाटीगार खोला, चोर खोला, पाण्ढल खोला, पोखरी खोला, थाराचौर खोला, सोतागार खोला, पेदीखोला, सिमखोला, रैलेचार खोला, घुस खोला, बाँस खोला, सिस्ने खोला, हिम खोला, च्याउँ खोला, चिन्ने खोला, कोदालचौर खोला, छरीखोला, बडाखोला, तुसारी खोला, पङ्गेचौर खोला, तिल्चा गार खोला, साङखोला, बाउनी खोला, कैनी खोला, स्याँलागाउँ खोला, तिल्सा खोला, धोपाटे खोला, मोखला खोला, बाँफुखोला, पानचौर खोला, धादेमारे खोला, खोलाखागल खोला, दोभानखोला, ओख्रेनी खोला, तेर्छा खोला, रुम खोला, गल खोला, आदि पर्दछन् ।




नक्सा नं. ११ : बागचौर नगरपालिका भित्रका प्रमुख नदी तथा खोलाहरूको विवरण

## २.८ स्थानीय चाडपर्व, जात्रा तथा मेलाहरूको विवरण

यस बागचौर नगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दु धर्म मान्ने मानिसहरू रहेका छन् भने केही संख्यामा बौद्ध, इस्लाम र क्रिस्चियन धर्म मान्ने मानिसहरू पनि छन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म, संस्कृति र चालचलनहरू छन् । जसमा बडादशैं, तिहार, महाशिवरात्री, हरितालिका तीज, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, चैते दशैं, साउने र माघे संक्रान्ति, मातातीर्थ औंशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंशी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा, श्री स्वस्थानी पूर्णिमा, होली, आदि चाडपर्वहरू रहेका छन् । यस नगरपालिकामा मनाइने चाडपर्व, जात्रा तथा मेलाहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं ३ : स्थानीय चाडपर्व तथा मेलाहरूको विवरण**

| क्र.सं. | नाम | स्थान | मनाउने महिना | मनाउने जातजाती |
|---|---|---|---|---|
| १. | नव वर्ष | बागचौर | वैशाख १ | सबै नेपाली |
| २. | माता तिर्थ औंशी | बागचौर | वैशाख | सबै नेपाली |
| ३. | दही चिउरा खाने दिन | बागचौर | असार १५ | सबै नेपाली |
| ४. | साउने सक्रान्ति | बागचौर | श्रावन १ | सबै हिन्दु |
| ५. | हरिशयनी एकादशी ब्रत | बागचौर | श्रावन | सबै हिन्दु |
| ६. | गुरु पुर्णिमा | बागचौर | श्रावन | सबै नेपाली |
| ७. | खिर खाने दिन | बागचौर | श्रावन १५ | सबै हिन्दु |
| ८. | नाग पंचमी | बागचौर | श्रावन | सबै हिन्दु |
| ९. | जनैपुर्णिमा | बागचौर | भाद्र | सबै हिन्दु |
| १०. | श्रीकृष्ण जन्माष्टमी | बागचौर | भाद्र | सबै हिन्दु |
| ११. | कुशे औंशी | बागचौर | भाद्र | सबै हिन्दु |
| १२. | दर खाने दिन | बागचौर | भाद्र | सबै हिन्दु महिला |
| १३. | हरितालिका तीज | बागचौर | भाद्र | सबै हिन्दु महिला |
| १४. | ऋषि पंचमी | बागचौर | भाद्र | सबै हिन्दु महिला |

| | | | | |
|---|---|---|---|---|
| १५. | विश्वकर्मा पूजा | बागचौर | असोज १ | सबै हिन्दु |
| १६. | घटस्थापना | बागचौर | असोज | सबै हिन्दु |
| १७. | फूलपाती | बागचौर | असोज | सबै हिन्दु |
| १८. | महाअष्टमी | बागचौर | असोज | सबै हिन्दु |
| १९. | महानवमी | बागचौर | असोज | सबै हिन्दु |
| २०. | बिजया दशमी | बागचौर | असोज | सबै हिन्दु |
| २१. | काग तिहार | बागचौर | कार्तिक | सबै हिन्दु |
| २२. | कुकुर तिहार | बागचौर | कार्तिक | सबै हिन्दु |
| २३. | लक्ष्मी पूजा | बागचौर | कार्तिक | सबै हिन्दु |
| २४. | गोवर्द्धन पूजा | बागचौर | कार्तिक | सबै हिन्दु |
| २५. | भाईटिका | बागचौर | कार्तिक | सबै हिन्दु |
| २६. | हरिबोधनी एकादशी ब्रत | बागचौर | मंसिर | सबै हिन्दु |
| २७. | क्रिसमस डे | बागचौर | पुस | सबै क्रिश्चियन |
| २८. | माघे संक्रान्ति | बागचौर | माघ १ | सबै हिन्दु |
| २९. | स्वस्थानी पूजा | बागचौर | माघ | सबै हिन्दु महिला |
| ३०. | सरस्वती पूजा | बागचौर | माघ | सबै हिन्दु |
| ३१. | महाशिवरात्री | बागचौर | फागुन | सबै हिन्दु |
| ३२. | फागु पुर्णिमा | बागचौर | चैत्र | सबै हिन्दु |
| ३३. | चैते दशैं | बागचौर | चैत्र | सबै हिन्दु |
| ३४. | बयाँले डाँडा मेला | बागचौर १ | भदौ १२ | सबै |
| ३५. | प्रितीकोट मेला | बागचौर २ | असोज | सबै |
| ३६. | दाह्रे बराह पूजा | बागचौर ३ | जेठ र साउन | सबै हिन्दु |
| ३७. | पूर्वे पूजा | बागचौर ३ | साउन | सबै हिन्दु |
| ३८. | जलेखर्क मेला | बागचौर ४ | कार्तिक | सबै |
| ३९. | शिवरथ कोट मेला | बागचौर ५ | असोज | सबै |
| ४०. | माघी मेला | बागचौर ५ | माघ १ | सबै |

| | | | | |
|---|---|---|---|---|
| **४१.** | मैढोले मेला | बागचौर ६ | कार्तिक | सबै |
| **४२.** | हिमचौर मेला | बागचौर ६ | फागुन १ | सबै |
| **४३.** | टाट्के मेला | बागचौर ७ | पौष ११ | सबै |
| **४४.** | त्रिवेणी मेला | बागचौर ७ | मंसिर | सबै |
| **४५.** | रानीपोखरा मेला | बागचौर ८ | असोज | सबै |
| **४६.** | कालिका मन्दिर मेला | बागचौर ८ | असोज | सबै हिन्दु |
| **४७.** | पोखरी डाँडा मेला | बागचौर ८ | माघ १ | सबै |
| **४८.** | प्लाटुन चौर मेला | बागचौर ९ | फागुन १ | सबै |
| **४९.** | खोरबारे मेलपोखरी मेला | बागचौर ९ | मंसिर | सबै |
| **५०.** | भुमेश्वर मेला | बागचौर १० | मंसिर | सबै |
| **५१.** | चौराडाँडा मेला | बागचौर १२ | मंसिर | सबै |

*स्रोतः नगर कार्यपालिकाको कार्यालय, २०७६*

# परिच्छेद ३ : जनसाङ्खिक विवरण

## ३.१ जनसंख्याको विवरण

कुनै पनि स्थानको जनसंख्याको विकास साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ । विकासका लागि आवश्यक अन्य भौतिक, आर्थिक, सांस्कृतिक स्रोत र साधनहरुको परिचालन मानव श्रोतबाट नै हेन भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरुको अध्ययन, अनुगमन र विश्लेषण हुनु

अत्यावश्यक छ । नेपालमा जनसंख्याको विविध पक्षको तथ्यांक हरेक दश वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै स्थानीय निकाय तहमा घरधुरी सर्वेक्षण मार्फत प्राप्त हुने गरेको छ । वि.स.२०६८ को राष्ट्रिय जनगणना पश्चात बागचौर नगरपालिकाद्वारा वि.सं. २०७६ मा घरधुरी सर्वेक्षण गरिएको छ । यहाँ घरधुरी सर्वेक्षणबाट प्राप्त नतिजाको आधारमा जनसंख्याको विविध पक्षहरुको विश्लेषण गरिएको छ ।

घरधुरी सर्वेक्षण, २०७६ अनुसार बागचौर नगरपालिकाको जनसंख्या ३६,४३२ रहेको छ । जसमध्ये पुरुष ४९.६४ प्रतिशत (१८,०८५ जना) र महिला ५०.३६ प्रतिशत (१८,३४७ जना) रहेका छन् । घरधुरी सर्वेक्षण, २०७६ को सर्वेक्षण अनुसार लैंगिक अनुपात (Sex Ratio) प्रति १०० महिलामा पुरुषको संख्या ९८.५७ रहेको छ । जनघनत्व प्रति वर्ग किलोमिटरमा २२३.३२ रहेको छ । घरधुरी सर्वेक्षण, २०७६ का अनुसार यस नगरपालिकाको कुल जनसंख्या मध्ये ६३.०३ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समुहका, २९.२५ प्रतिशत १४ वर्ष उमेर समुहका वा सो भन्दा कम उमेरका र ७.७२ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समुहका रहेका छन् । हाल यस नगरपालिकामा प्रति परिवार औषत ५.३८ जना सदस्य रहेको देखिन्छ । वि.स. २०६८ को राष्ट्रिय जनगणना अनुसार नेपालको औषत आकार ४.८८ रहेको छ । देशको सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९३ रहेको देखिन्छ । बागचौर नगरपालिकाको परिवारको आकार देशको आकारभन्दा तुलनात्मक रुपमा ठुलो देखिन्छ । नगरपालिकाको जनसंख्या, जसरी नेपालको जनसंख्या  बढेको छ, त्यहिँ स्थितिले यहाँ पनि जनसंख्या बढिरहेको अवस्था देखिन्छ ।

तालिका नं. ४ : बागचौर नगरको वडागत जनसंख्या विवरण

| वडा | पुरुष | महिला | अन्य | जम्मा | घरधुरी | प्रतिधरधुरी औषत जनसंख्या |
|---|---|---|---|---|---|---|
| १ | १५९३ | १३६८ | ० | २९६१ | ५३५ | ५.५३ |
| २ | २०२१ | २२८३ | ० | ४३०४ | ९१० | ४.७३ |
| ३ | १३०८ | ११६२ | ० | २४७० | ४८९ | ५.१५ |
| ४ | १६८० | १५८४ | ० | ३२६४ | ५३९ | ६.०६ |
| ५ | १२९१ | १८७३ | ० | ३१६४ | ५१९ | ६.१ |
| ६ | १५१६ | १५२० | ० | ३०३६ | ५७७ | ५.२६ |
| ७ | २०५६ | २१५३ | ० | ४२०९ | ७३८ | ५.७ |
| ८ | १३७६ | १३२२ | ० | २६९८ | ४९५ | ५.४५ |
| ९ | १६०७ | १४९९ | ० | ३१०६ | ५८१ | ५.३५ |
| १० | १२८४ | १२४८ | ० | २५३२ | ५०४ | ५.०२ |
| ११ | १०४२ | १०११ | ० | २०५३ | ४०८ | ५.०३ |
| १२ | १३११ | १३२४ | ० | २६३५ | ५११ | ५.१६ |
| जम्मा | १८०८५ | १८३४७ | ० | ३६४३२ | ६७९७ | ५.३८ |

स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६

### ३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या, जनघनत्व तथा घरधुरी विवरण

तालिका नं. ५ : वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

| सामान्य विवरण | |
|---|---|
| विवरण | २०७५ |
| क्षेत्रफल | १६३.१४ |
| जम्मा जनसंख्या | ३६,४३२ |
| पुरुष | १८,०८५ |
| महिला | १८,३४७ |
| जम्मा घरधुरी | ६,७९७ |
| लैंगिक दर | ९८.५७ |
| औषत परिवार आकार | ५.३८ |
| ५ वर्ष र सोभन्दा माथिको साक्षरता दर | ६९.११ |
| जनघनत्व (प्रति वर्ग कि.मि.) | २२३.३२ |

स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६

बागचौर नगरपालिकाको क्षेत्रफल १६३. १४ वर्ग कि.मि. रहेको छ ! साथै यस नगरको कुल जनसंख्या ३६,४३२ रहेको छ । जसमा महिलाको जनसंख्या १८,३४७ र पुरुषको जनसंख्या १८,०८५ रहेको छ । नगरको लैङ्गिक अनुपात ९८.५७ (प्रति १०० महिलामा पुरुषको संख्या) रहेको छ । समग्र नगरको जनघनत्व २२३.३२ प्रति वर्ग कि.मि. रहेको छ । नगरमा औषतमा प्रति परिवार ५.३८ जनसंख्या बसोबास गर्दछन् ।

यस नगरपालिकाका १२ वडाहरुको तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडामा वडा २ रहेको छ । जसमा जम्मा ४,३०४ मानिस बसोबास गर्दछन् ।




नक्सा नं. १२ : बागचौर नगरका वडा अनुसारको जनसंख्या विवरण सहितको नक्सा




नक्सा नं. १३ : बागचौर नगरपालिकाको लिङ्गअनुसार जनसंख्को नक्सा

नगरमा ३ हजारभन्दा बढी जनसंख्या भएको वडाहरु जम्मा ६ वटा रहेका छन् । वडा नं. २ मा ४,३०४ जना, वडा नं. ४ मा ३,२६४ जना, वडा नं. ५ मा ३,१६४ जना, वडा नं. ३,०३६ जना,  वडा नं. ७ मा ४,२०९ जना र वडा नं ९ मा ३,१०६ जना मानिसहरु बसोबास गर्दछन् । वडा नं. ११ मा सबैभन्दा कम २,०५३ जनाको बसोबास रहेको छ । क्षेत्रफलको हिसाबमा वडा नं. ७ (१८.५७ वर्ग कि.मि.) सबैभन्दा ठुलो वडा हो भने वडा नं.६ (८.७८ वर्ग कि.मि.) सबैभन्दा सानो वडा हो ।




| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरूष | १५९३ | २०२१ | १३०८ | १६८० | १२९१ | १५१६ | २०५६ | १३७६ | १६०७ | १२८४ | १०४२ | १३११ |
| महिला | १३६८ | २२८३ | ११६२ | १५८४ | १८७३ | १५२० | २१५३ | १३२२ | १४९९ | १२४८ | १०११ | १३२४ |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*

जनघनत्वलाई आधार मान्दा वडा नं. ६ सबैभन्दा बढी जनघनत्व (३४५.७९ जना/वर्ग कि.मि.) भएको वडा हो । त्यस्तै वडा नं. ३ सबैभन्दा कम जनघनत्व (१३६.३९ जना/वर्ग कि.मि.) भएको वडा हो । औषत घरधुरीको आधारमा सबैभन्दा बढी वडा नं. ५ मा प्रति परिवार ६.०९ जनसंख्या रहेको छ भने सबैभन्दा कम वडा नं. १० मा प्रति परिवार ५.०२ जनसंख्या बसोबास गर्दछन् । जसको विस्तृत विवरण तालिका नं. १ मा उल्लेख गरिएको छ ।




*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*

नगर तथ्यांक सर्वेक्षण, २०७६ का अनुसार घरधुरी संख्याको आधारमा सबैभन्दा बढी घरधुरी वडा नं. २ (९१० घरधुरी) मा रहेका छन् । त्यसैगरी सबैभन्दा कम घरधुरी वडा नं. ११ (४०८ घरधुरी) रहेका छन् । अन्य वडाहरूमा वडा नं. १ मा ५३५ घरधुरी, वडा नं. ३ मा ४८० घरधुरी, वडा नं. ४ मा ५३९ घरधुरी, वडा नं. ५ मा ५१९ घरधुरी, वडा नं. ६ मा ५७७ घरधुरी, वडा नं. ७ मा ७३८ घरधुरी, वडा नं. ८ मा ४९५ घरधुरी, वडा नं. ९ मा ५८१ घरधुरी, वडा नं. १० मा ५०४ घरधुरी र वडा नं. १२ मा ५११ घरधुरी रहेका छन् ।

तालिका नं. ६ : वडागत जनसंख्या, क्षेत्रफल र जनघनत्व

| वार्ड | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मि.) | जनघनत्व (प्रति वर्ग कि.मि.) |
|---|---|---|---|
| १ | २९६१ | १४ | २११.५० |
| २ | ४३०४ | १५.६६ | २७४.८४ |
| ३ | २४७० | १८.११ | १३६.३९ |
| ४ | ३२६४ | १४.६३ | २२३.१ |
| ५ | ३१६४ | १३.७४ | २३०.२८ |
| ६ | ३०३६ | ८.७८ | ३४५.७९ |
| ७ | ४२०९ | १८.५७ | २२६.६६ |

| | | | |
|---|---|---|---|
| ८ | २६९८ | ९.५६ | २८२.२२ |
| ९ | ३१०६ | १४.३७ | २१६.१४ |
| १० | २५३२ | १०.५६ | २३९.७७ |
| ११ | २०५३ | १३.८१ | १४८.६६ |
| १२ | २६३५ | ११.३५ | २३२.१६ |
| जम्मा | ३६४३२ | १६३.१४ | २२३.३२ |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*




## ३.३ वैवाहिक स्थितिको विवरण

तालिका नं. ७ : बागचौर नगरमा वैवाहिक स्थितिको विवरण

| | विवाहित | अविवाहित | उल्लेख नगरेको |
|---|---|---|---|
| महिला | १०३३१ | ७७९१ | २२५ |
| पुरुष | ९७२३ | ८०९६ | २६६ |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*

बागचौर नगरपालिकाको नगर सर्वेक्षण, २०७६ को तथ्यांकका अनुसार यस नगरको कुल ३६,४३२ जनसंख्या मध्ये विवाहित पुरुषको संख्या ९,०२३ रहेको छ भने महिलाको संख्या ९,४८१ रहेको छ । त्यसैगरी, अविवाहित पुरुषको संख्या ७,५९६ र महिलाको संख्या ७,१४१ रहेको छ । त्यस्तै १,४६६ पुरुष र १,७२५ महिलाले उल्लेख नगरेको संख्या रहेको छ ।




### ३.४ जन्म, मृत्यु र बसाईसराइ सम्बन्धी विवरण

तालिका नं. ८ : बागचौर नगरमा २०७५ चैत्र अन्तिमसम्म दर्ता भए अनुसारको विवरण

| वडा नम्बर | जन्म | मृत्यु | विवाह | सम्बन्ध विच्छेद (जोडी) | बसाईंसराइ | |
|---|---|---|---|---|---|---|
| | | | | | आएको | गएको |
| १ | २२० | १७ | ५० | ० | १ | ७ |
| २ | २७९ | ९ | ५५ | ० | ८ | १९ |
| ३ | १८८ | ८ | ३३ | १ | ६ | ७ |
| ४ | ४२८ | ३२ | ४० | ० | २ | २२ |
| ५ | ४६७ | १३ | २५ | ० | ० | २४ |
| ६ | ३९१ | १९ | ३६ | ० | ० | ४ |
| ७ | २९९ | १३ | ३४ | ० | ० | ९ |
| ८ | २०२ | १२ | ४० | १ | ० | ६ |
| ९ | २०५ | १२ | ३१ | ० | ० | ३ |
| १० | २०१ | १० | ३२ | १ | ० | ८ |
| ११ | २१९ | ३ | ३५ | ० | १ | २ |
| १२ | ३२४ | २० | ३२ | २ | ३ | ११ |
| जम्मा | ३४२३ | १६८ | ४४३ | ५ | २१ | १२२ |

*स्रोतः नगर कार्यपालिकाको कार्यालय, २०७६*




नक्सा नं. १४ : बागचौर नगरपालिकाको वडागत घरधुरीको नक्सा




नक्सा नं. १५ : बागचौर नगरपालिकाको हालको वडा अनुसार क्षेत्रफल

### ३.५ उमेर समूहअनुसार जनसंख्याको विवरण

तालिका नं. ७ : उमेर समूहअनुसार जनसंख्याको विवरण

| उमेर समूह | पुरूष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ०-५ | १२९२ | ७.१४ | ११६५ | ६.३५ | २४५७ | ६.७४ |
| ६-१० | ११८३ | ६.५४ | ११९३ | ६.५ | २३७६ | ६.५२ |
| ११-१५ | १४३२ | ७.९२ | १३७५ | ७.४९ | २८०७ | ७.७ |
| १६-२० | २८६७ | १५.८५ | २९०७ | १५.८४ | ५७७४ | १५.८५ |
| २१-२५ | २६१३ | १४.४५ | २६४२ | १४.४ | ५२५५ | १४.४२ |
| २६-३० | २२०० | १२.१६ | २०२४ | ११.०३ | ४२२४ | ११.५९ |
| ३१-३५ | १५३२ | ८.४७ | १५५० | ८.४५ | ३०८२ | ८.४६ |
| ३६-४० | १३२४ | ७.३२ | १५०७ | ८.२१ | २८३१ | ७.७७ |
| ४१-४५ | १००७ | ५.५७ | १३३७ | ७.२९ | २३४४ | ६.४३ |
| ४६-५० | ९०९ | ५.०३ | ९६८ | ५.२८ | १८७७ | ५.१५ |
| ५१-५५ | ४८१ | २.६६ | ४३५ | २.३७ | ९१६ | २.५१ |
| ५६-६० | ३८३ | २.१२ | ३८३ | २.०९ | ७६६ | २.१ |
| ६१-६५ | ३३० | १.८२ | ३४७ | १.८९ | ६७७ | १.८६ |
| ६६-७० | २५० | १.३८ | २७४ | १.४९ | ५२४ | १.४४ |
| ७१-७५ | १७७ | ०.९८ | १६६ | ०.९ | ३४३ | ०.९४ |
| ७६-८० | ५९ | ०.३३ | ४२ | ०.२३ | १०१ | ०.२८ |
| ८१-८५ | २८ | ०.१५ | १९ | ०.१ | ४७ | ०.१३ |
| ८६-९० | १४ | ०.०८ | १० | ०.०५ | २४ | ०.०७ |
| ९०+ | ४ | ०.०२ | ३ | ०.०२ | ७ | ०.०२ |
| जम्मा | १८०८५ | १०० | १८३४७ | १०० | ३६४३२ | १०० |

स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६

यस नगरपालिकामा वि.सं. २०७६ को सर्वेक्षण अनुसार, ०-५ वर्ष उमेर समूहको संख्या ६.७४ प्रतिशत रहेको छ भने ६-१० वर्ष उमेर समूहको संख्या ६.५२ प्रतिशत रहेको छ । त्यस्तै ११-१५ वर्ष उमेर समुहको जनसंख्या ७.७ प्रतिशत रहेको छ भने १६-४५ वर्ष उमेर समूहको जनसंख्या ६४.५२ प्रतिशत रहेको छ । काम गर्ने उमेर १५ देखि ५९ वर्षसम्मको जनसंख्या ७४.२८ प्रतिशत रहेको छ । २०७६ को सर्वेक्षण अनुसार ६० वर्ष भन्दामाथि उमेर समूहको संख्या ४.७४ प्रतिशत रहेको छ । तथ्यांकले नगरमा मानव स्रोतको प्रशस्तमात्रामा सम्भावना रहको देखाउँछ । साथै बालबालिकाको संख्या पनि उच्च हुनुले आउँदा दिनहरुमा पनि यस नगरपालिकामा मानव स्रोतको कमि नहुने देखाउँछ । जसको विस्तृत विवरण माथिको तालिकामा देखाइएको छ ।




## ३.६ जातजाति समूहअनुसार जनसंख्याको विवरण

तालिका नं. ८ : बागचौर नगरमा जातजातिअनुसार जनसंख्याको विवरण

| जातजाती | क्षेत्री | कामी | मगर | ब्राहमण | दमाइ | सार्की | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १९१६ | ७५६ | ६३ | १०९ | ११३ | ० | ४ | २९६१ |
| २ | ३३८० | १५१ | २२० | २३९ | ५३ | १२४ | १३७ | ४३०४ |
| ३ | २१४० | १८२ | ४७ | ८९ | ८ | ० | ४ | २४७० |
| ४ | १५२२ | ७७५ | ९०७ | ५ | ३८ | ० | १७ | ३२६४ |
| ५ | २२४१ | २८५ | १६१ | १७ | २०८ | ८३ | १६९ | ३१६४ |
| ६ | २१८७ | ५६३ | २८ | ० | १०३ | ८३ | ७२ | ३०३६ |
| ७ | ३६१२ | ६१ | १६३ | ६५ | १५७ | ३१ | १२० | ४२०९ |
| ८ | १४३९ | ३७३ | ६५ | ७६ | ९७ | १४८ | ५०० | २६९८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | २८६३ | ० | ० | १५० | १८ | ० | ७५ | ३१०६ |
| १० | १६५७ | ३१२ | १४४ | ४०६ | १३ | ० | ० | २५३२ |
| ११ | २००६ | ० | ३१ | ० | १६ | ० | ० | २०५३ |
| १२ | २३८८ | १९१ | ० | ० | ५६ | ० | ० | २६३५ |
| जम्मा | २७३५१ | ३६४९ | १८२९ | ११५६ | ८८० | ४६९ | १०९८ | ३६४३२ |
| प्रतिशत(%) | ७५.०७ | १०.०० | ५.०२ | ३.१७ | २.४२ | १.२९ | ३.०१ | १००.०० |

स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६

वि.सं. २०७६ मा सम्पन्न नगर तथ्यांक सर्वेक्षण अनुसार यस नगरपालिकामा विभिन्न जात/जातिको बसोबास रहेको पाइन्छ । जातजाति समूह अनुसार जनसंख्याको अवस्थालाई हेर्दा क्षेत्री २७,३५१ जना (७५.०७ %), त्यसपछि कामी ३,६४९ जना (१०.००%), तेस्रोमा मगर १,८२९ जना (५.०२ %) र चौथोमा ब्राह्मण १,१५६ (३.१७ %) रहेका छन् । त्यसैगरी, पाँचौमा दमाई ८८० जना (२.४२ %), छैठौंमा सार्की ४६९ जना (१.२९ %) र अन्यमा १,०९८ (३.०१ %) रहेका छन् । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।



## ३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण

तालिका नं. ९ : बागचौर नगरमा मातृभाषा अनुसार जनसंख्याको विवरण

| मातृभाषा | नेपाली | अन्य | जम्मा |
|---|---|---|---|
| १ | २९५७ | ४ | २९६१ |
| २ | ४२९१ | १३ | ४३०४ |
| ३ | २४७० | ० | २४७० |
| ४ | ३२४२ | २२ | ३२६४ |
| ५ | ३१५५ | ९ | ३१६४ |
| ६ | ३०३४ | २ | ३०३६ |
| ७ | ४१८२ | २७ | ४२०९ |
| ८ | २६७२ | २६ | २६९८ |
| ९ | ३१०० | ६ | ३१०६ |
| १० | २५३२ | ० | २५३२ |
| ११ | २०४७ | ६ | २०५३ |
| १२ | २६३५ | ० | २६३५ |
| जम्मा | **३६३१७** | **११५** | **३६४३२** |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*

यस नगरपालिकामा बसोबास गर्ने सबैजसो व्यक्तिहरुले बोल्ने मातृभाषा नेपाली नै रहेको पाइन्छ । तथ्यांकको आधारमा नेपाली भाषालाई मातृभाषाको रुपमा बोल्नेको संख्या ३६,३१७ जना (९९.६८ %) रहेको छ भने अन्य भाषा बोल्नेहरु अत्यन्त न्यून ११५ जना (०.३८ %) रहेको छ ।




## ३.८ धर्मअनुसार जनसंख्याको विवरण

तालिका नं. १० : बागचौर नगरको धर्मअनुसार जनसंख्याको विवरण

| धर्म | जम्मा | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| हिन्दु | ३५९१३ | ९८.५८ % |
| क्रिश्चियन | ३८७ | १.०६ % |
| अन्य | १३२ | ०.३६ % |
| जम्मा | ३६४३२ | १००.०० % |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*

धार्मिक दृष्टिकोणले हेर्दा यस नगरपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरुको बसोबास रहेको देखिन्छ । नगर तथ्यांक सर्वेक्षण, २०७६ अनुसार यहाँको कुल ३६,४३२ जनसंख्या मध्ये ३५,९१३ जना (९८.५८ %) ले हिन्दु धर्म अपनाएको देखिन्छ । त्यस्तै, क्रिश्चियन धर्म अपनाउने जनसंख्या ३८७ जना (१.०६ %) रहेको

पाइन्छ। त्यस्तै अन्य धर्म मान्नेमा कुल १३२ जना (०.३६ %) रहेको देखिन्छ । जसको विस्तृत विवरण माथिको तालिकामा प्रस्तुत गरिएको छ ।



# परिच्छेद ४ : आर्थिक अवस्था

## ४.१ प्रमुख आर्थिक विवरण

नगरपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, वन, साना व्यापार-व्यवसाय तथा उद्योग, थोक, खुद्रा बजार, होटल, पर्यटन तथा सेवाजस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट तथा कृषिको लागि उपयुक्त उर्वर माटो भएको सम्म क्षेत्र भएको हुँदा नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। नगरपालिकाका सबै वडाहरूमा रणनीतिक तथा ग्रामीण सडक सञ्जालका कारण नगरपालिकाका सबै वडाहरूमा पहुँच वृद्धि हुँदै गएको छ । यद्यपि भर्खर निर्माण भैरहेको सडकहरू कच्ची र कम गुणस्तरका छन् । त्यसैगरी नगरपालिकामा रहेका नदि तथा पोखरीहरू सहितको जलक्षेत्र, वनजंगल तथा जैविक विविधताले नगरपालिकाको विकासमा थप सम्भावना बोकेका छन् । कृषि मील, क्रसर उद्योग, कुखुरा पालन, पशुपालन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरू हुन् । यस नगरपालिकाका मानिसहरू क्रमशः साना उद्योगहरूको विकासतर्फ लागिरहेका छन् । यस नगरपालिकाका मुख्य आर्थिक आधारहरू व्यापार, नोकरी र वैदेशिक रोजगार समेत रहेको देखिन्छ।

प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता, धार्मिक एवं साँस्कृतिक विविधताले भरिपूर्ण रहेका कारण नेपालको आकर्षण गन्तव्यहरू मध्ये सल्यान जिल्ला र विशेषतः बागचौर नगरपालिकाको महत्वपूर्ण स्थान रहेको छ । शिव गुफाको मन्दिर, मख्लाम लेक, विजयधुरी, अग्लाटाकुरा, हिमचौर, रानीपोखरी, कालिका मन्दिर लगायत अन्य विभिन्न धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक महत्व बोकेका सम्पदाहरू नगरका प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेका छन् । यी क्षेत्रहरूमा केही पूर्वाधार निर्माण कार्यहरू भएको खण्डमा र तिनीहरूको प्रचार प्रसार गर्न सके पर्यटन व्यवसायबाट राम्रो आम्दानी तथा रोजगारीका अवसरहरू प्राप्त गर्न सकिने प्रचुर सम्भावना देखिन्छ ।

### *४.१.१ आर्थिक रुपले सक्रिय जनसंख्याको अवस्था*

तालिका नं. ११ : बागचौर नगरमा आर्थिक रुपले सक्रिय जनसंख्या

| जम्मा जनसंख्या | आर्थिक रुपले सक्रिय जनसंख्या | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |

| | | | |
|---|---|---|---|
| ३६,४३२ | १४७४८ | १५१२८ | २९८७६ |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*




बागचौर नगरमा १० वर्ष देखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण माथिका तालिका र चार्टमा देखाइएको छ । जसमा पुरुषको संख्या १४,७४८ र महिलाको संख्या १५,१२८ देखिन्छ । यस नगरको कुल जनसंख्या ३६,४३२ को २९,८७६ अर्थात् ८२.०० प्रतिशत जनसंख्या आर्थिकरुपले सक्रिय छन् । आर्थिक रुपमा निस्कृय जनसंख्या १८.०० प्रतिशत छन् । यसको अर्थ नगरका अधिकांश जनसंख्या सक्रिय देखिन्छ । यसकारण नगरले यो जनशक्तिको उर्जा र क्षमतालाई सही सदुपयोग गरी नगरमा समृद्धि ल्याउन सक्छ ।

### *४.१.२ आश्रित जनसंख्याको विवरण*

तालिका नं. १२ : बागचौर नगरको आश्रित जनसंख्याको विवरण

| जम्मा जनसंख्या | आश्रित बालबालिका (०-१४) | आश्रित बृद्धबृद्धा (६० वा सोभन्दा माथि) | जम्मा आश्रित |
|---|---|---|---|
| ३६,४३२ | ७६४० | १७२३ | ९३६३ |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*




नगर तथ्यांक सर्वेक्षण, २०७६ का अनुसार बागचौर नगरमा रहेका आश्रित जनसंख्या ०–१४ वर्ष उमेर समूहका आश्रित बालबालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र प्रतिशतलाई माथिका तालिका र चार्ट मार्फत् देखाइएको छ । जसमा आश्रित बालबालिकाको संख्या ७,६४० र आश्रित बृद्धबृद्धाहरूको संख्या १,७२३ देखिन्छ । कुल जनसंख्यामध्ये जम्मा आश्रित जनसंख्या ९,३६३ (२५.७० प्रतिशत) देखिन्छ । जसको विस्तृत विवरण माथि उल्लेख गरिएको छ ।

### *४.१.३ मुख्य पेशा सम्बन्धी विवरण*

मानव जीविकोपार्जनका लागि गरिने काम, धन्दा, साधन आदिलाई पेशा भनिन्छ । यस बागचौर नगरका मानिसहरूको मुख्य पेशा कृषि रहेको छ । खाद्यबाली, नगदेबाली, पशुपालन, माछापालन, ज्यालाकर्म, व्यवसाय, शिक्षण, वैदेशिक रोजगार, सरकारी सेवा लगायतका पेशामार्फत यहाँका जनताले आफ्नो जीविकोपार्जन गर्ने गरेका छन् ।

तालिका नं. १३ : बागचौर नगरको मुख्य पेशा सम्बन्धी विवरण

| पेशा | पुरुष | महिला | जम्मा | |
|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत |
| कृषक | ५९५७ | ५३५३ | ११३१० | ३१.०४ |
| ज्यालाकर्मी | ८६७ | १२७ | ९९४ | २.७३ |

| | | | | |
|---|---|---|---|---|
| व्यवसायी | ७७५ | ४६७ | १२४२ | ३.४१ |
| गृहणी | १९० | ५१०२ | ५२९२ | १४.५३ |
| शिक्षक | २३७ | ७७ | ३१४ | ०.८६ |
| विद्यार्थी | ५८९६ | ५४१८ | ११३१४ | ३१.०६ |
| वैदेशिक रोजगार | ६७३ | ४३ | ७१६ | १.९७ |
| कर्मचारी | ८३ | ४७ | १३० | ०.३६ |
| अन्य | ३४०७ | १७१३ | ५१२० | १४.०५ |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*




नगर तथ्यांक सर्वेक्षण, २०७६ का अनुसार यस नगरमा मुख्य पेशाको रुपमा कृषकको जम्मा संख्या ११,३१० जना (३१.०४ %) रहेको छ, जसमध्ये पुरुष कृषकको संख्या ५,९५७ जना र महिला कृषकको संख्या ५,३५३ जना रहेको छ । त्यस्तै, ज्यालाकर्मीको जम्मा संख्या ९९४ (२.७३ %) पाइन्छ, जसमा पुरुष ज्यालाकर्मीको संख्या ८६७ र महिला ज्यालाकर्मीको संख्या १२७ जना भएको देखिन्छ । त्यसैगरी नगरका अन्य पेशाहरूमा व्यवसायी जम्मा १,२४२ जना (३.४१ %), जसमा पुरुषको संख्या ७७५ जना र महिलाको संख्या ४६७ रहेको छ भने गृहणीको संख्यामा महिला ५,१०२ र पुरुष १९० गरी जम्मा ५,२९२ जना (१४.५३ %) पाइन्छ । यसैगरी शिक्षण पेशामा संलग्न जनसंख्या जम्मा ३१४ (०.८६ %) रहेको पाइन्छ, जसमा पुरुष शिक्षक संख्या २३७ रहेको छ भने महिला शिक्षक संख्या ७७ रहेको छ । नगरबाट वैदेशिक रोजगारमा जानेको संख्या पनि उल्लेखनीय

रहेको देखिन्छ । यसमा जम्मा ७१६ जना (१.९७ %) जनसंख्या संलग्न रहेको देखिन्छ, जसमध्ये महिलाको संख्या ४३ रहेको छ भने पुरुषको संख्या ६७३ रहेको छ । यसैगरी कर्मचारीको जम्मा संख्या १३० (०.३६ %) रहेको छ र अन्य पेशाहरूमा जम्मा ५,१२० जनसंख्या (१४.०५ %) संलग्न देखिन्छ ।

### *४.१.४ औसत वार्षिक आम्दानी विवरण*

तालिका नं. १४ : बागचौर नगरको औषत वार्षिक आम्दानी विवरण

| वार्षिक आम्दानी | ० - १० हजार | १० हजार - ५० हजार | ५० हजार - १ लाख | १ लाख - २ लाख | २ लाख - ५ लाख | ५ लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ३२ | १३५ | २०४ | ९७ | ५६ | ११ | ५३५ |
| २ | १६ | ७७ | १५४ | ३५३ | २२७ | ८३ | ९१० |
| ३ | ८० | २४२ | ७१ | ५१ | २७ | ९ | ४८० |
| ४ | ७५ | १६५ | २३० | ४४ | २२ | ३ | ५३९ |
| ५ | ७८ | २३५ | १४५ | ५० | ७ | ४ | ५१९ |
| ६ | ६७ | २०३ | १८५ | ६९ | ४६ | ७ | ५७७ |
| ७ | ८७ | ३३० | २०१ | ८९ | २१ | १० | ७३८ |
| ८ | ४१ | २४२ | १२३ | ५६ | २१ | १२ | ४९५ |
| ९ | ५३ | १३४ | २३१ | ११२ | ४२ | ९ | ५८१ |
| १० | ३५ | १३६ | १९८ | ९० | ३६ | ९ | ५०४ |
| ११ | १३ | ६४ | ११७ | १३४ | ७३ | ७ | ४०८ |
| १२ | ३४ | १४८ | १४३ | ११४ | ५९ | १३ | ५११ |
| जम्मा | ६११ | २१११ | २००२ | १२५९ | ६३७ | १७७ | ६७९७ |
| % | १४.४४ | ३३.३५ | २२.६८ | १७.६८ | ९.०६ | २.७९ | १०० |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*

आर्थिक क्रियाकलापमा विस्तार भएसँगै प्रतिव्यक्ति आम्दानी बढ्न जान्छ । राष्ट्रिय जनगणना, २०६८ का अनुसार देशभरिको लगभग ८० प्रतिशत जनसंख्या मध्यम बर्गको लागि संघर्षरत रहेका छन् । २०६८ को उक्त जनगणना अनुसार, राष्ट्र बैंकले मासिक औसत आम्दानी ५३ हजार ५ सय ७८ रुपैयाँ हुनेलाई धनीको सुचीमा राखेको छ । यो सङ्ख्या देशभरि करिब २० प्रतिशत छ । २३ हजार ७ सय, २४ हजार ५ सय र ३२ हजार रुपैयाँ सम्म कमाउनेलाई राष्ट्रबैंकले गरिब भन्दा माथिको तहमा राखेको छ । सरकारले आर्थिक वर्ष २०७५/७६ मा प्रतिव्यक्ति आय १ लाख १७ हजार रुपैयाँ पुग्ने अनुमान गरिरहँदा प्रतिव्यक्ति खर्चयोग्य आय १ लाख ५५ हजार रुपैयाँ पुगेको अनुमान गरेको छ ।




यस नगरमा वार्षिक १० हजार भन्दा कम आए भएका घरधुरी संख्या कुल ७१९ (१४.४४ %) रहेको छ भने १० हजार देखी ५० हजारसम्म वार्षिक आम्दानी भएको कुल संख्या १,६६० (३३.३५ %) रहेको छ । त्यस्तै, ५० हजार देखी १ लाख सम्म आम्दानी भएका कुल घरधुरी संख्या १,१२९ (२२.६८ %), १ लाख देखी २ लाखसम्म कुल ८८० (१७.६८ %), २ लाख देखी ५ लाख सम्म ४५१ (९.०६ %) र ५ लाख भन्दा बढी १३९ (२.७९ %) रहेको देखिन्छ ।

### *४.१.५ औसत वार्षिक खर्च विवरण*

केन्द्रीय बैंकले हरेक १० वर्षमा गर्दै आइरहेको पारिवारिक बजेट सर्वेक्षणले नेपाली परिवारको मासिक आम्दानी ३० हजार हुने गरेको देखाइ रहँदा तिनै परिवारको खर्च भने महिनाको २५ हजार हुने राष्ट्र बैंकले गरेको अध्ययनमा देखिएको छ । यसअनुसार परिवारले कमाइको करिब १७ प्रतिशत बचत गर्ने गरेको देखिएको छ ।

तालिका नं. १५ : बागचौर नगरको औसत वार्षिक खर्च विवरण

| वार्षिक खर्च | ० - १० हजार | १० हजार - ५० हजार | ५० हजार - १ लाख | १ लाख - २ लाख | २ लाख - ५ लाख | ५ लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ४५ | २६८ | १३४ | ६३ | २३ | २ | ५३५ |
| २ | १६ | १५३ | ३१३ | २८७ | ११२ | २९ | ९१० |
| ३ | ३६ | २३१ | ११२ | ७६ | २३ | २ | ४८० |
| ४ | ६ | ४४७ | ६२ | १९ | ४ | १ | ५३९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | ६३ | २५६ | १४३ | ३२ | २५ | ० | ५१९ |
| ६ | १०२ | २३१ | १५६ | ५६ | २९ | ३ | ५७७ |
| ७ | २०१ | ३७३ | ८३ | ६७ | १२ | २ | ७३८ |
| ८ | २४ | २५१ | १४३ | ६२ | ९ | ६ | ४९५ |
| ९ | ३४ | १४५ | २३६ | १४५ | १९ | २ | ५८१ |
| १० | २० | १०३ | २३१ | १२१ | २६ | ३ | ५०४ |
| ११ | २१ | १४५ | ११७ | ९५ | २८ | २ | ४०८ |
| १२ | ३४ | २१३ | १६२ | ५५ | ४१ | ६ | ५११ |
| जम्मा | ६०२ | २८१६ | १८९२ | १०७८ | ३५१ | ५८ | ६७९७ |
| % | १४.२१ | ३५.१३ | २५.५३ | १७.७८ | ५.०१ | २.३४ | १०० |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*

बागचौर नगरको तथ्यांक सर्वेक्षण, २०७६ अनुसार वार्षिक रुपमा औसत १० हजार सम्मको खर्च गर्ने घरधुरीको संख्या ६०२ (१४.२१ %) रहेको छ । त्यस्तै, १० हजार देखी ५० हजार सम्म वार्षिक खर्च गर्ने २,८१६ (३५.१३ %), ५० हजार देखी १ लाख सम्मको खर्च गर्ने घरधुरीको संख्या १,८९२ (२५.५३ %), १ लाख देखी २ लाख सम्म १,०७८ (१७.७८ %), २ लाख देखी ५ लाख सम्म ३५१ (५.०१ %) र ५ लाखभन्दा बढी वार्षिक खर्च गर्ने घरधुरीको संख्या ५८ (२.३४ %) रहेको छ ।



### *४.१.६ बैंक खाता सम्बन्धी विवरण*

तालिका नं. १६ : बागचौर नगरको बैंक खाता सम्बन्धी विवरण

| बैंक खाता | छ | छैन | जम्मा |
|---|---|---|---|
| १ | ३२५ | २१० | ५३५ |
| २ | ६३० | २८० | ९१० |
| ३ | १०१ | ३७९ | ४८० |
| ४ | १२३ | ४१६ | ५३९ |
| ५ | ५४ | ४६५ | ५१९ |
| ६ | १५२ | ४२५ | ५७७ |
| ७ | २६७ | ४७१ | ७३८ |
| ८ | २२८ | २६७ | ४९५ |
| ९ | २४१ | ३४० | ५८१ |
| १० | १५० | ३५४ | ५०४ |
| ११ | १३२ | २७६ | ४०८ |
| १२ | १८२ | ३२९ | ५११ |
| जम्मा | २५८५ | ४२१२ | ६७९७ |
| % | ३३.७१ | ६६.२९ | १०० |

स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६




स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६

नगर तथ्यांक सर्वेक्षण, २०७६ अनुसार बागचौर नगरपालिकामा कुल ६,७९७ घरधुरी मध्ये बैंक खाता भएका घरधुरी संख्या २,५८५ (३३.७१ %) रहेको पाइन्छ । त्यसैगरी बाँकी ४,२१२ घरधुरी (६६.२९ %) को भने अझैं बैंक खाता नै नभएको देखिन्छ । नगरमा आगामी दिनमा बैंकिङ्ग कारोबारमा बृद्धि गर्दै आर्थिक समृद्धि गर्नुपर्ने देखिन्छ । यसका लागि यहाँका सबै नागरिकमा बैंक सम्बन्धी जानकारी दिलाउन जरुरी छ ।

### *४.१.७ आवास संरचना विवरण*

हामी गाँस, बास र कपासबाट अलिक माथि उठेर शिक्षा, स्वास्थ्य, रोजगारसम्मलाई आधारभूत आवश्यकता मानिरहेको यस क्षण विकसित राष्ट्रहरुमा भने 'सुरक्षा पहिला' भन्ने नारा प्रमुख बनिसकेको छ । हाम्रो मुलुकमा तहगत हिसाबमा 'सुरक्षा पहिला' भन्ने नारा आठौँ स्थानमा पर्दछ । हामीले यस कुरामा भने विकिसित देशको सिको गर्नु जरुरी देखिन्छ । यस कुरालाई आवश्यक मात्रासाथ हामीले विचार पुर्याउनुपर्छ– आवास संरचना कस्तो होस् भनेर । आवास संरचना योजना निर्माण कार्यको लागि मास्टर प्लानको आधारमा योजनाको आकार, संरचना, लागत आदिलाई अध्ययन गरी आर्थिक श्रोतको उपलब्धता एवं श्रोत परिचालन विषयमा यथेष्ट ध्यान दिनु आवश्यक देखिन्छ ।

#### *छानाको प्रकार*

तालिका नं. १७ : बागचौर नगरमा घरको छाना सम्बन्धी विवरण

| छानाको प्रकार (प्रतिशतमा) | आर.सी.स ी | जस्ता वा च्यादरको छाना | टायल वा ढुङ्गाको छाना | फुस वा खरको छाना | माटोको छाना | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ११ | ३५७ | ९७ | ५७ | ७ | ६ | ५३५ |
| २ | ७३ | ३३० | ४६९ | २७ | ८ | ३ | ९१० |
| ३ | ४ | ३०४ | १३२ | ३८ | २ | ० | ४८० |
| ४ | ७ | ३३३ | १८४ | १४ | ० | १ | ५३९ |
| ५ | ३ | १९५ | २६१ | ५९ | १ | ० | ५१९ |
| ६ | ५ | २९१ | २३४ | ४७ | ० | ० | ५७७ |
| ७ | १५ | ३१३ | ३६९ | ४१ | ० | ० | ७३८ |
| ८ | ९ | १७९ | २५३ | ४७ | ६ | १ | ४९५ |
| ९ | ७ | २१२ | ३१२ | ४८ | २ | ० | ५८१ |
| १० | १ | २७४ | २०६ | २३ | ० | ० | ५०४ |
| ११ | ४ | १०१ | २६८ | ३५ | ० | ० | ४०८ |
| १२ | १५ | १४१ | ३४५ | १० | ० | ० | ५११ |
| जम्मा | १५४ | ३०३० | ३१३० | ४४६ | २६ | ११ | ६७९७ |
| % | २.२७ | ४४.५८ | ४६.०५ | ६.५६ | ०.३८ | ०.१६ | १०० |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*

नगर तथ्यांक सर्वेक्षण, २०७६ का अनुसार कुल ६,७९७ घरधुरी मध्ये १५४ घरमा (२.२७ %) आर.सी.सी. छाना भएको पाइन्छ भने जस्ता या च्यादरको छाना भएको घर संख्या ३,०३० (४४.५८ %), टायल वा ढुङ्गाको छाना भएको घर संख्या ३,१३० (४६.०५ %), फुस वा खरको छाना भएको घर संख्या ४४६ (६.५६ %), माटोको छाना भएको संख्या २६ (०.३८ %) र अन्य प्रकारको छानामा ११ (०.१६ %) रहेको पाइन्छ ।




*जगको प्रकार*

तालिका नं. १८ : बागचौर नगरमा भएका घरहरूका जगको प्रकार

| जगको प्रकार (प्रतिशतमा) | काठको खम्बा | माटो र ढुङ्गा | सिमेन्ट र ढुङ्गा | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | १ | ५२२ | ११ | १ | ५३५ |
| २ | ९ | ८२५ | ७३ | ३ | ९१० |
| ३ | ० | ४७६ | ४ | ० | ४८० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | १३ | ५१८ | ७ | १ | ५३९ |
| ५ | ० | ५१६ | ३ | ० | ५१९ |
| ६ | ० | ५७२ | ५ | ० | ५७७ |
| ७ | ० | ७२३ | १५ | ० | ७३८ |
| ८ | १ | ४८४ | ९ | १ | ४९५ |
| ९ | १ | ५७३ | ७ | ० | ५८१ |
| १० | ० | ५०३ | १ | ० | ५०४ |
| ११ | ० | ४०४ | ४ | ० | ४०८ |
| १२ | ० | ४९६ | १५ | ० | ५११ |
| जम्मा | २५ | ६६१२ | १५४ | ६ | ६७९७ |
| % | ०.३७ | ९७.२८ | २.२७ | ०.०९ | १०० |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*

बागचौर नगरपालिकाका घरहरूको जगको प्रकारलाई अध्ययन गर्दा मुलतः ३ किसिमका जगहरू पाइन्छ । काठको खम्बालाई जग बनाएर बनेका घरको संख्या २५ (०.३७ %) रहेको छ भने माटो र ढुङ्गालाई जगको रुपमा प्रयोग गरिएका घरहरूको संख्या ६,६१२ (९७.२८ %) र सिमेन्ट र ढुङ्गा जगको संख्या १५४ (२.२७ %) रहेको पाइन्छ । त्यसैगरी, अन्य प्रकारका जगहरू भएका घरको संख्या ६ (०.०९ %) रहेको छ ।



*मापदण्ड अनुसारका घर*

तालिका नं. १९ : बागचौर नगरमा मापदण्ड अनुसारका घरको विवरण

| मापदण्ड अनुसारको घर (प्रतिशतमा) | छ | छैन | थाहा छैन | जम्मा |
|---|---|---|---|---|
| १ | ४ | ३६२ | १६९ | ५३५ |
| २ | २३ | ७५७ | १३० | ९१० |
| ३ | १ | ४२७ | ५२ | ४८० |
| ४ | ० | ४६० | ७९ | ५३९ |
| ५ | ० | ४६२ | ५७ | ५१९ |
| ६ | ० | ४०७ | १७० | ५७७ |
| ७ | ० | ३३४ | ४०४ | ७३८ |
| ८ | ० | ४३६ | ५९ | ४९५ |
| ९ | ० | ३०४ | २७७ | ५८१ |
| १० | ० | ४८९ | १५ | ५०४ |
| ११ | ३ | ३०० | १०५ | ४०८ |
| १२ | ० | २७६ | २३५ | ५११ |
| जम्मा | ३१ | ५०१४ | १७५२ | ६७९७ |
| % | ०.४६ | ७३.७७ | २५.७८ | १०० |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*

नगर तथ्यांक सर्वेक्षण, २०७६ का अनुसार बागचौर नगरपालिका भित्रका कुल ६,७९७ घरधुरी मध्ये ३१ घर (०.४६ %) मापदण्ड अनुसार बनेको पाइएको छ भने ५,०१४ घर (७३.७७ %) मापदण्ड अनुसार नबनेको पाइएको छ । त्यसैगरी, १,७५२ घर (२५.७८ %) बाट भने यसबारे अबगत नै नभएको तथ्यांक पाइएको छ ।




*भुकम्प प्रतिरोधी घर*

तालिका नं. २० : बागचौर नगरपालिकामा भुकम्प प्रतिरोधी घरको विवरण

| भुकम्प प्रतिरोधी घर (प्रतिशतमा) | छ | छैन | नखुलेको | जम्मा |
|---|---|---|---|---|
| १ | ६ | ३५९ | १७० | ५३५ |
| २ | २० | ७६० | १३० | ९१० |
| ३ | १ | ४२६ | ५३ | ४८० |
| ४ | ३ | ५१५ | २१ | ५३९ |
| ५ | ६ | ४५५ | ५८ | ५१९ |
| ६ | ३ | ४०८ | १६६ | ५७७ |
| ७ | २ | ५०४ | २३२ | ७३८ |
| ८ | २ | ४३४ | ५९ | ४९५ |
| ९ | ३ | ३०१ | २७७ | ५८१ |
| १० | १ | ३८१ | १२२ | ५०४ |
| ११ | २ | ३५० | ५६ | ४०८ |
| १२ | ३ | ४१३ | ९५ | ५११ |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | ५२ | ५३०६ | १४३९ | ६७९७ |
| % | ०.७५ | ७८.०५ | २१.२ | १०० |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*




नगर तथ्यांक सर्वेक्षण, २०७६ का अनुसार बागचौर नगरपालिकाका कुल ६,७९७ घरधुरी मध्ये भुकम्प प्रतिरोधी घरको संख्या जम्मा ५२ (०.७५ %) रहेको पाइन्छ । त्यस्तै, ७८.०६ % घरधुरी (५,३०६ घर) भुकम्प प्रतिरोधी नभएको देखिन्छ भने २१.२ % (१,४३९ घर) बाट भने यसबारे जानकारी नभएको देखिन्छ । यसरी हेर्दा नगरमा भुकम्पको लागि त्यति ध्यान नदिइएको तथ्यांकले देखाउँछ । कुनै दिनमा यदि भुकम्प आएर हुनसक्ने सम्भावित क्षतिलाई कम गर्दै सुरक्षित रहनका लागि सबैले भुकम्प परतिरोधी घर निर्माणमा ध्यान दिन एकदमै जरुरी देखिन्छ ।

### *४.१.८ खाद्यान्न सुरक्षाको अवस्था*

खाद्यान्न मानव जीवनको प्रमुख आधार हो । व्यक्तिका लागि आवश्यक हुने खाद्यवस्तुहरुको सहज प्राप्ति हुनु नै खाद्य (खाद्यान्न) सुरक्षा हो । सामान्य भाषामा सर्वसाधारणहरु भोकमरीबाट टाढा रहनुलाई खाद्य सुरक्षाका रुपमा हेर्न सकिन्छ । खाद्य सुरक्षाले पर्याप्त, सुरक्षित र पौष्टिक खानपानको सुनिश्चिततालाई अर्थाउँछ । खाद्य कृषि सङ्गठनका अनुसार सन् २०१० मा विश्वमा ९२ करोड मानिसहरु अति गरिबीमा थिए भने दुई अर्ब मानिस खाद्य असुरक्षित थिए । यस्तो हुनुमा खाद्य असुरक्षा बढ्नु, खाद्य न्याय कायम हुन नसक्नु, साथै कृषि तथा खाद्य बजारको प्रभावकारी नियमन हुन नसक्नु नै मुलभूत कारण हो ।

तालिका नं. २१ : बागचौर नगरमा खाद्यान्न सुरक्षाको अवस्था

| उत्पादनले खान पुग्ने महिना | ३ महिनासम्म | ४ देखि ६ महिनासम्म | ७ देखि ९ महिनासम्म | ९ महिना भन्दा बढी |
|---|---|---|---|---|
| १ | २२१ | २५५ | ४८ | ११ |
| २ | २९२ | ३९५ | १७३ | ५० |
| ३ | १५१ | २७५ | ४६ | ८ |
| ४ | १३७ | ३२९ | ६२ | ११ |
| ५ | २५१ | २३७ | २५ | ६ |
| ६ | २६३ | २७४ | ३५ | ५ |
| ७ | २९२ | ३८३ | ५४ | ९ |
| ८ | २०१ | २५२ | ३० | १२ |
| ९ | २४९ | २९६ | २९ | ७ |
| १० | १४२ | ३१८ | ३५ | ९ |
| ११ | १८३ | २०३ | १५ | ७ |
| १२ | १६७ | २४७ | ८६ | ११ |
| जम्मा | २५४९ | ३४६४ | ६३८ | १४६ |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*




नगर तथ्यांक सर्वेक्षण, २०७६ लाई आधार मान्दा कुल ६,७९७ घरधुरी मध्ये २,५४९ घरधुरी (३७.५ %) को उत्पादनले ३ महिनासम्म पुग्ने देखिन्छ भने ३,४६४ घरधुरी (५०.९६ %) को उत्पादनले ४ देखि ६ महिनासम्म पुग्ने अवस्था रहेको छ । त्यसैगरी ७ देखि ९ महिनासम्म पुग्ने घरधुरी संख्या ६३८ (९.३९ %) र ९ महिना भन्दा बढी समय सम्म पुग्ने घरधुरीको संख्या १४६ (२.१५ %) पाइन्छ ।

यस नगरमा खाद्य समस्या देखिनुका मुलभूत कारणहरुको पछाडी कृषि उत्पादन र प्रशोधन प्रणालीमा परम्परागत प्रविधिको प्रयोग, खाद्यवस्तुमा अझै पनि अन्न कै वर्चस्व रहनु, स्थानीय उत्पादन प्रणाली भरपर्दो हुन नसक्नु, सिँचाइ सुविधाको अपर्याप्त उपलब्धता, भूमिको खण्डीकरण र अन्य कृषि साधनको अपर्याप्तता आदिका कारण उत्पादन प्रभावित रहँदै आएको देखिएको छ । त्यसका अलावा जलवायु परिवर्तनले पनि कृषि उत्पादन, बीज एवम् अनाज संरक्षण तथा सिँचाइ प्रणाली व्यवस्थापनमा प्रभाव परिरहेको देखिन्छ ।

### *४.१.९ वैदेशीक रोजगारीमा गएकाहरुको विवरण*

मुलुकमा विकराल बेरोजगारी समस्याको कारण ८० लाख जनताहरु विदेश पलायन भइरहेको अवस्था छ । अर्कोतिर दैनिक रुपमा ५ ओटाको दरले लाश बोकेको कफिन आउने गरेको सरकारी तथ्यांक पनि छ । यद्दपी मुलुकको कुल ग्राहस्थ उत्पादनमा झन्डै ३० प्रतिशत वैदेशीक रोजगार व्यवसायको योगदान रहेको देखिन्छ । नेपाली युवाहरु केही काम गर्न नसक्ने भए पछि वैदेशीक रोजगारमा संलग्न हुने प्रचलन बढेको छ । नेपालीहरुको लागि वैदेशीक रोजगार बाध्यता सँगसँगै फेसन र थीति बनेको छ । यसैकारण वैदेशीक रोजगारमा आर्थिक, सामाजिक, भौतिक चुनौतीहरुले बढावा पाइरहेको छ । नियमित आम्दानीको नीतिगत रुपमा स्वस्थ वातावरण निर्माण सँगसँगै राजनीतिक अवस्था, लगानीको वातावरण, भौगोलिक अवस्था तथा अन्य वातावरणीय प्रभावको असरलाई मध्यनजर गर्न सकेको खण्डमा नगरबाट विदेश पलायन हुनेहरुको संख्या घट्ने देखिन्छ ।

तालिका नं. २२ : बागचौर नगरमा वैदेशीक रोजगारीबारे विवरण

| वैदेशिक रोजगार | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| | ६७३ | ४३ | ७१६ |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*

बागचौर नगरपालिकाको तथ्यांकलाई हेर्दा कुल ३६,४३२ जनसंख्या मध्ये ७१६ जना वैदेशीक रोजगारीमा संलग्न रहेको देखिन्छ । जसमा पुरुषको संख्या ६७३ जना रहेको छ भने महिलाको संख्या ४३ जना रहेको छ । वैदेशीक रोजगारी पेशाले कुल जनसंख्याको १.९७ % हिस्सा ओगटेको देखिन्छ ।




### ४.२ भू-उपयोग तथा स्वामित्व

भू–उपयोग योजना स्थानीय सरकारको लागि महत्वपुर्ण हुन्छ । नगरपालिकाहरुको योजना निर्माण चाहे औद्योगिक, व्यापारिक वा आवासिय होस्, यसमा कतै न कतै भू–उपयोग योजनाको आवश्यकता पर्दछ । भू–उपयोग योजना सोचेका भन्दा कैयन गुणाले स्थानीय सरकारको नीति निर्माणमा असर पर्दछ । उदाहरणको लागि स्थानीय सरकारले कुनै पनि निर्माण संस्थालाई आवासीय वा व्यापारिक प्रयोजनको लागि ठूला अपार्टमेन्टहरु निर्माणको अनुमति दिन लागेको, विद्यालयको कक्षा कोठा वा नयाँ भवन निर्माणको तयारी, बाटो निर्माण, वा अस्पताल निर्माण जस्ता कार्यहरु सञ्चालन गर्न भू–उपयोग योजना छ भने सो निर्माण गर्दा बढी प्रभावकारी हुने निर्णय गरी निर्माण प्रकृयामा लैजान सकिन्छ । भू–उपयोग योजनाले स्थानीय सरकारलाई जमिनको प्रकृति अनुसारको क्षेत्र छुट्याउन तथा विकास निर्माणका कार्यहरु विस्तार गर्न सहजता पुर्याउँछ । नेपालको संविधान २०७२ ले पनि स्थानीय सरकारहरुलाई आफ्नो क्षेत्रभित्रका विभिन्न किसिमका सहरी विकासका योजनाहरु तथा स्थानीय आवश्यकता अनुसारका विकास निर्माण कार्यहरू गर्न पाउने अधिकार प्रदान गरेको छ ।

विस्तृत रुपमा हेर्दा भू–उपयोग योजना बनाउने कार्य प्रदेश सरकार र संघीय सरकारको कार्यसुचि भित्र परेका छन् र थप स्थानीय भू–उपयोग योजना बनाउने कार्य स्थानीय सरकारको कार्य हो भनी शहरी विकास मन्त्रालयले प्रकाशन गरेको भू–उपयोग नीतिमा उल्लेख गरिएको छ । हालको अवस्थामा बागचौर नगरपालिकाको भू–उपयोग योजना छैन । नगरपालिकाको जानकारी अनुसार विगतमा नगरको भू–उपयोग योजना निर्माणको प्रयत्न भएको तर अहिले सम्म हुन नसकेको अवस्था रहेको छ । देशमा भएका अन्य




नक्सा नं. १६ : बागचौर नगरपालिकाको भू-उपयोगको नक्सा

नगरपालिकाहरुको भू–उपयोगको प्रयोग हेर्दा यस नगरपालिकाका केहि वस्तीहरूमा व्यवस्थित वसोवास रहेको देखिन्छ । यस नगरपालिकाको भू–उपयोग योजना निर्माणको लागि विभिन्न तथ्याङ्कहरुको आवश्यकता रहन्छ, जुन कुनै हदसम्म संकलन भैरहेको छ र बाँकी संकलन गर्नु पर्ने देखिन्छ ।

### *४.२.१ नगरपालिकाको वर्तमान भू-उपयोग*

भूमिको वैज्ञानिक वर्गीकरण, व्यवस्थापन र संरक्षण गर्न बनाइएको नीति भू-उपयोग नीति हो । भू-उपयोग नीतिको मूलभूत उद्देश्य सम्रमरूपमा आर्थिक, सामाजिक तथा वातावरणीय सुधार गरी मानव समुदायको जीवन स्तरमा परिवर्तन गर्नु हो ।

बागचौर नगरपालिकाको भू-उपयोगलाई हेर्दा नगरको कुल १५,६०९ हेक्टर भूमि मध्ये झन्डै ३७.२७ प्रतिशत (५,८१८ हेक्टर) भू-भाग कृषियोग्य जमिनले ओगटेको छ । त्यस्तै कुल भूमिको ५१.८८ प्रतिशत भू-भाग (८,०९८ हेक्टर) वन क्षेत्रले ओगटेको छ भने १४८ हेक्टर (०.९५ %) झाडी बुट्यान, ९० हेक्टर (०.५८ %) चरन क्षेत्र र १,४४१ हेक्टर भू-भाग (९.२३ %) अन्य क्षेत्रले ओगटेको पाइन्छ । नगरमा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र, आदिको विस्तृत अध्ययनको आधारमा नगराबासीको आर्थिक हैसियत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पदान प्रणाली तथा नीतिहरु अवलम्बन गर्न सकिन्छ विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । भू-उपयोगको विस्तृत विवरण माथिको तालिका र चार्टमा उल्लेख गरिएको छ ।

तालिका नं. २३ : बागचौर नगरको भू-उपयोगको विवरण

| क्र.सं. | भू-उपयोग | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | ५८१८ | ३७.२७ |
| २ | वन क्षेत्र | ८०९८ | ५१.८८ |
| ३ | झाडी बुट्यान | १४८ | ०.९५ |
| ४ | चरन क्षेत्र | ९० | ०.५८ |
| ५ | अन्य | १४४१ | ९.२३ |
|  | जम्मा | १५६०९ | १०० |

*स्रोतः नापी विभाग*




माथिको तालिकाले बागचौर नगरपालिका भित्रका जमिनको वर्गिकरण जनाउँदछ । यो वर्गिकरण आधिकारिक रुपमा नभई भूमिसुधार तथा व्यवस्था मन्त्रालय, नापी विभाग र हामीले संकलन गरेको GIS डाटाबाट गरिएको नक्शाको विश्लेषण हो । यसलाई शतप्रतिशत ठिक मान्न नसकिएता पनि यो बाट नगरपालिकाको जमिनको प्रयोगको आँकलन गर्न सकिन्छ । बागचौर नगरपालिकामा जमिनका खण्डीकरण गर्दा सेवा कार्यालय, व्यापारिक प्रयोजन, संस्थागत र औद्योगिक क्षेत्रहरु छुट्टा-छुट्टै हुनेगरी व्यवस्थापन गरेको देखिन्न । आवाशीय क्षेत्रमा पनि निर्माणको कुनै मापदण्डहरु कडाईका साथ प्रयोग गरेको पाईदैन । उदाहरणको लागि वल्लो घरमा आवाशीय तर पल्लोघरमा काठको कारखाना अथवा फलामको काम गरिरहेको जसले गर्दा आवास क्षेत्र कुरुप र ध्वनी प्रदुषित बन्दछ । नेपाल सरकार शहरी विकास मन्त्रालयका विभिन्न समयका निति नियम, भवन निर्माणका नियम तथा उपनियमहरु लगायतको प्रयोग तथा अनुशरण गरिएको पाईन्छ । तर वस्तीहरुलाई कसरी एकरुपता बनाउने र समय सापेक्ष वस्ती विकासको कार्य गरिरहेको पाईदैन ।

शहरी विकास मन्त्रालयको विभिन्न निर्देशनहरुले कुनै एउटा मात्र क्षेत्र नभई बृहत् क्षेत्र समेट्न खोजिएको तर नियमन र अनुगमन नहुँदा प्रयोगमा झण्झटिलो र प्रयोगमा समस्या देखिएको छ किनकि यी निर्देशिकाहरु कुनै स्थान वा परिवेश विशेष हुने गरि बनाईएको छैन । हरेक योजना निर्माणमा र उपयोगमा जनताको प्रत्यक्ष सहभागिता र सहयोगको आवश्यकता महत्वपुर्ण रहन्छ । चलिआएको योजना निर्माण प्रकृया तथा विकासका कार्यक्रमहरू विज्ञद्वारा नै तोकिने गरेको छ । जनसहभागिताको नाउँमा मात्र देखिने तर जनस्तरको आवाज योजना निर्माणमा फिक्का हुने कारणले नै योजना जनअपेक्षा अनुरुप नबन्ने र जनसमुदायले ग्रहण नगर्ने

समस्या रहिरहेको छ । जबसम्म नागरिकले आफ्नो योजना आफैं बनाएर उपयोग गर्ने समेत वातावरण बन्दैन, योजना बन्छ मात्र सही कार्यान्वयन हुँदैन । त्यसैले दमक नगरपालिकाको आगामी योजनाहरुको निर्माणकालागि बढि भन्दा बढि जनसहभागिता बृद्धि गर्नपर्ने देखिन्छ ।

संघीयताको कार्यान्वयन पश्चात धेरै नीति नियम, कानुन निर्माण गर्ने अधिकार स्थानीय सरकारमा रहेको छ । अब स्थानीय सरकारले स्थानीयस्तरमा ध्यान दिन जरुरी छ । अबका योजना निर्माणमा बढि भन्दा बढि जनसहभागिता बढाउने, समस्या पहिचानमा जनसहभागिता र परियोजना सञ्चालनमा अपनत्व बढाउन स्थानीय सरकारले विषेश ध्यान दिनुपर्छ । विकास निर्माणका कार्यहरुमा सहजीकरण गर्न भनी राज्यले पूर्वाधार विकास तथा विश्वका शहरहरु जो सफल र सुन्दर देखिएका छन्, उनीहरुले आफ्ना नीति नियमहरु कडाईका साथ प्रयोग गरेर नै यो प्राप्ती गरेका छन् । जुन नगरपालिकाहरु सक्षम देखिए, तिनीहरुले आफ्ना नागरिकहरुकै बलमा प्राप्त गरेका हुन् । नगर सरकारहरुले आफ्नो दीर्घकालिन योजनाहरु बनाउन नसक्ने हो भने नगरको सेवा प्रवाहमा भारी गिरावट आउन सक्छ । नगरपालिकाले नापी विभागको सहयोग भरपुर लिएर आफ्नो भू–उपयोग योजना निर्माण गर्न सक्दछ । साथै राष्ट्रिय भू–उपयोग आयोजना कार्यालयले पनि बागचौर नगरपालिकाको हालको भू– उपयोग नक्सा तयार गरी सकेको हुँदा उक्त डकुमेन्टको आधारमा पनि नगरको भू–उपयोग योजना निर्माण कार्यलाई मुर्त रुप दिन सकिनेछ । भू–उपयोग योजना योजनामा मात्र नभई व्यावहारिक बनाई कार्यान्वयनमा लैजान जरुरी देखिन्छ ।

### *४.२.२ भू- स्वामित्व*

जमिनमा श्रम गर्ने समुदाय वा किसानको जमिनमा स्वामित्व हुन्छ । राणा शासनकालसम्म सम्पूर्ण जमिन राज्यको स्वामित्वमा हुन्थ्यो । राज्य तथा दरबारले कर्मचारी, सेना, प्रहरी, मन्दिर वा अन्य इच्छाएका व्यक्ति र संस्थाहरूलाई 'हुकुम प्रमाङ्गी' गरी प्रदान गरिन्थ्यो । तर हाल त्यो अवस्था रहेन ।

तालिका नं. २४ : बागचौर नगरको भू-स्वामित्व विवरण

| घरको स्वामित्व | नीजि, आफ्नै | भाडामा | नखुलाएको | जम्मा |
|---|---|---|---|---|
| १ | ५०८ | २० | ७ | ५३५ |
| २ | ७३० | १३७ | ४३ | ९१० |
| ३ | ४५२ | १७ | ११ | ४८० |
| ४ | ५०४ | २३ | १२ | ५३९ |
| ५ | ४७७ | २२ | २० | ५१९ |
| ६ | ५२७ | ३७ | १३ | ५७७ |
| ७ | ६७० | ४३ | २५ | ७३८ |
| ८ | ४५३ | २८ | १४ | ४९५ |
| ९ | ५३३ | ३१ | १७ | ५८१ |
| १० | ४७० | १० | २४ | ५०४ |
| ११ | ३६५ | २४ | १९ | ४०८ |

| | | | | |
|---|---|---|---|---|
| १२ | ४५६ | २१ | ३४ | ५११ |
| जम्मा | ६१४५ | ४१३ | २३९ | ६७९७ |
| % | ९०.४१ | ६.०८ | ३.५२ | १०० |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*




यस नगरमा ४,९७४ घर (७३.१८ %) नीजि अर्थात् आफ्नो जग्गामा रहेको देखिन्छ । जसमध्ये सबैभन्दा बढी वडा नं. २ मा ६४२ र सबैभन्दा कम वडा नं. १२ मा २८१ रहेका छन् । त्यस्तै नगरमा कुल १८६ (२.७४ %) घर भाडामा बनेको देखिएका छन् । त्यसैगरी ९ घर (०.१३ %) अन्य र २३.९४ % नखुलाएको देखिएको छ ।

### *४.२.३ शहरीकरणको स्वरुप*

नगरमा सडक, विद्युत, संचारजस्ता सुविधाहरू रहेका अधिकांश क्षेत्रमा शहरीकरण प्रक्रियाले तिव्र रुप लिएको देखिन्छ । नगरपालिकाका कतिपय वडाहरूमा ग्रामीण विशेषता रहेको पाइन्छन् भने कतिपय प्रमुख वडा र वस्तीहरूमा शहरीकरण भइरहेको शहरोन्मुख अवस्थामा रहेको पाइन्छ । मोखला, कालाखेत, थारमारे, बागचौर, खरिबोट, रारेचौर, बाङ्गेलाखुरी, पेदिखोला, सिमखोली, बाफुखोला, दोभानबजार, बगरबजार, रातामाटा, पातिहाल्न, कोटबारा टाट्केबजार, कोट्मौला, पातिहाल्न शन्देशबजार, खोरबारे, पिपलनेटा, चौरपानी, रातापोखरा  आदि बागचौर नगरपालिकामा विद्यमान मुख्य बजार क्षेत्रमा पर्दछन् । यीलगायतका क्षेत्रहरू शहरोन्मुख अवस्थामा रहेको देखिन्छन् । जिल्लाका अधिकांश भू–भागबाट नगरमा बसाइसराइको क्रम तिव्ररुपमा बढिरहेको हुँदा ती स्थानमा व्यवस्थित नगर योजना बनाएर बाटो, खानेपानी, विद्युत, सञ्चार, खुला क्षेत्र, फोहोर व्यवस्थापन इत्यादीको समयमै विकास गर्नुपर्ने देखिन्छ ।



बागचौर नगरपालिका स्थित बागचौर बजार

*४.२.४ शहरोन्मुख बस्तीहरूको वर्तमान स्वरुप*

नेपालको साबिकको मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गतका जिल्लाहरूमध्ये सल्यान जिल्लामा अवस्थित यस बागचौर नगरपालिकाको आफ्नै ऐतिहासिक महत्व रहेको छ । शिव गुफाको मन्दिर मोखला यहाँको प्रमुख धार्मिक पर्यटकीय स्थल हो । यसका अलावा मख्लाम लेक, विजयधुरी, हिमचौर, अग्ला टाकुरा, रानीपोखरी-कालिका मन्दिर, लगायतका सम्पदाहरूले यस नगरको सौन्दर्यमा थप चमक ल्याएका छन् । बागचौर नगर जलवायुको आधारमा बसोबासको लागि पहाडी जिल्लाहरूमध्ये अधिकतम उपयुक्त मानिएको छ । ग्रामीण क्षेत्रको सडकहरूको सञ्जाल विकासको क्रममा रहेको र शिक्षा, स्वास्थ्य जस्ता सुविधाहरू पनि जिल्लाका अन्य नगरहरूको तुलनामा सुलभ रहेको देखिन्छ ।

नगरका शहरी क्षेत्रको वरपरमात्र नभई ग्रामीण क्षेत्रमा समेत बस्ती एवं बस्ती श्रृंखलाहरूको विकास तिब्ररुपमा भइरहेको छ । सूचना र सञ्चार, अस्पताल र विद्यालयको पहुँचका साथै आन्तरिक बस सेवाका साथ सुगम यातायात सुविधा हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुर्याइरहेको पाइन्छ । स–साना व्यापारिक केन्द्रका रुपमा बस्तीहरूको विकास भइरहेको छ । सल्यान जिल्लाकै विभिन्न भागमा तिब्र गतिमा बजारीकरण र शहरीकरणतर्फ उन्मुख भइरहेका बस्तीहरू र उपयुक्त बस्तीहरू बजारोन्मुख बस्तीहरू मात्र नभएर ग्रामीण व्यापारको साथै कृषि उत्पादनहरूको बेचविखनको लागि समेत जनस्तरबाट बजार केन्द्रका रुपमा उपयोग गरिएका छन् ।



तस्बिरमा आलुका लागि प्रसिद्ध स्थल बाँफुखोला, स्रोतः बामदेव के.सी.

नेपाल सरकारले त्यस्ता बस्तीहरूमा हाट बजारको विकासको लागि केही आवश्यक छाना-सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ । यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशित रुपले मूल्य बृद्धि भएरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ । साथै, वातावरणीय स्वच्छता कायम राख्न ढल निकास, फोहोर व्यवस्थापन प्रणालीको व्यवस्थित विकास र सेवा सुविधालाई व्यवस्थितरुपले प्रदान गर्न वस्तीस्तरमा रहेका घरहरूको व्यवस्थित घर नम्बर प्रणाली तुरुन्त अपनाइनु आवश्यक देखिन्छ ।

नगरको कुल ६,७९७ परिवारहरू मध्ये कुल ६,१४५ परिवारहरूको आफ्नै घर रहेको छ । शहरोन्मुख बस्ती विकासको सन्दर्भमा आवधिक योजना निर्माणको क्रममा नै सम्बन्धित नगरपालिका साथै सम्बन्धित विषयगत कार्यालयहरू र बजार व्यवस्थापन समितिहरूले पनि बेलैमा सार्वजनिक जग्गाको व्यवस्थापनमा आवश्यक सेवा सुविधा प्रदान गर्ने तर्फ ध्यान दिनु आवश्यक छ ।

### *४.२.५ बस्ती विकासमा देखिएका चुनौतीहरू*

बढ्दो जनसंख्या सँगै बागचौर नगरपालिकामा तीब्र गतिमा विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा नगर तथ्यांक सर्वेक्षण, २०७६ बाट विभिन्न चुनौतीहरू देखिएका छन् । ती चुनौतीहरूलाई निम्नानुसारले विस्तृत रुपमा विश्लेषण गरिएको छ ।

क) बस्तीहरूमा सुविधा बर्गीकरणको आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल, विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन । यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासीय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघ-संस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ ।

ख) बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन । विकासोन्मुख बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ । खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ ।

ख) सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकी पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन । यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुन सकेको छैन ।

### ४.३ कृषि तथा पशु विकास

नेपालमा ६० प्रतिशत मानिस कृषिमा निर्भर छन् । यसबाट प्रस्ट हुन आउँछ कि कृषि क्षेत्र देशको प्रमुख रोजगार तथा कुल गाहर्स्थ उत्पादनमा प्रमुख हिस्सेदार भई देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । ग्रामिण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्यांकलाई ग्रामिण विकासको सूचकको रुपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरु, फलफूल, पशुपंक्षी, मत्स्य, सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरु कृषि तथ्यांकको प्रमुख स्रोतको रुपमा कृषि तथा सहकारी मन्त्रालय र केन्द्रिय तथ्यांक विभाग रहेका छन् । स्थानीय उत्पादनको वृद्धि/विकास र प्रबर्द्धन गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनु नितान्त आवश्यक देखिन्छ ।

भौगोलिक विविधताले उपलब्ध गराएको अवसर, कृषकहरूको लामो समय देखिको विशिष्ट अनुभव र आधुनिक कृषि प्रविधिको सदुपयोगबाट दिगो आर्थिक वृद्धि तथा खाद्य सूरक्षा कायम गर्न सकिने सम्भावना रहेको औल्याइएको छ । तथापि कृषि उर्वर भूमिको अवैज्ञानिक प्रयोग, प्राकृतिक प्रकोपहरूको भूमिमा पर्ने असरहरू, कृषि श्रम र सिप हुनेहरूमा कृषि योग्य भूमिको पहुँच नहुनु र पहुँच हुनेहरूले भूमिको प्रयोग गर्न नसक्नु, कृषि क्षेत्रको विकासका लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था हुन नसक्नु नेपालमा कृषि

क्षेत्रका मुख्य समस्या र चुनौती रहेको राष्ट्रिय कृषि नीति, २०६१ को पृष्ठभूमिमा स्पष्ट उल्लेख गरिएको छ । यो समग्र राष्ट्रको कृषि क्षेत्रको आम समस्या भएकोले यस बागचौर नगरपालिकाको हकमा समेत लागु हुन्छ ।

आर्थिक सर्वेक्षण २०७३-७४ अनुसार नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेको छ । नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागी कृषिमा निर्भर रहेका छन् । वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरू हुन् । कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाई, सडक, विद्युत, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरूमा पर्याप्त लगानी आकर्षण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धात्मक, नाफामूलक, सम्मानजनक र व्यावसायिक रूपमा स्थापित गर्नु पनि चुनौतिको रूपमा रहेको छ ।

### *४.३.१ कृषि उत्पादन सम्बन्धी विवरण*

नगरको ठुलो क्षेत्रफल पहाडी भूभागले भरिएको हुँदा कृषिका लागि सिमित मात्रामा उपयोगी क्षेत्र रहेको छ । नगरको कुल भूभागको ३७.२७ प्रतिशत अर्थात् ५,८१८ हेक्टर क्षेत्र कृषिका लागि उपयोग गरिंदै आएको देखिन्छ । सामान्यत: कृषि प्रणालीमा मुख्य अन्न बालीहरु मकै, गहुँ, धान, जौं, कोदो आदि हुन् । यस्तै दलहन बालीमा मास, गहत, सिमी, राजमा, मुंग, मसुरो, केराउ, रामचना, चना, भटमास, केराउँ, बोडी लगायतका कोसेबाली उत्पादन हुने गर्दछन् । त्यस्तै तेलहन बालीमा तोरी, सरस्यु, बदाम, तिल, झुसे तिल, सूर्यमुखी उत्पादन गरिन्छ । यस्तै तरकारीजन्य खेतीमा आलु, प्याज, रायो, चम्सुर, काउली, बन्दा, मुला, लौका, भिन्डी, अदुवा, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् । साथै यिनको उत्पादकत्व पनि बढी रहेको भेटिएको छ ।

नगरको प्रायत: क्षेत्रमा खाद्यान्न, दलहन तथा तरकारी बाली लगाइने गरिएको छ भने तुलानात्मक रुपमा फलफूल र मसला बाली कम क्षेत्रमा लगाइने गरिएको पाइन्छ । बागचौर नगरपालिकाले कृषि क्षेत्रको तर्फबाट पनि आफ्नो आर्थिक वृद्धिदर कायम नै राखेको छ । कृषि क्षेत्रको विकासको निम्ति विभिन्न कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरु पनि स्थापना गरिएको छ ।

तुलानात्मक रुपमा हेर्दा पुरुषहरु यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ । यसो हुनुको मुख्य कारण अन्य पेशामा आम्दानी बढी हुनु, खेतीयोग्य जमिनमा सिमितता हुनु साथै उर्वराशक्तिमा ह्रास आउनु पनि हो । कृषि क्षेत्रमा आधुनिकीकरण नहुनु, बजार व्यवस्थाको अभाव, सिंचाईको व्यवस्था नहुनु तथा अन्य जीवनशैली जटिल बन्दै जानुले कृषि क्षेत्रप्रति नगरवासीको चासो कम हुँदै गएको हो । बागचौर नगरपालिकामा लगाईने बालीको क्षेत्रफल र उत्पादनसम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

- हिउँदे बाली

  नगरमा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरुमा कोदो, मास, गहत, मुंग, राजमा, भटमास, तोरी, फापर, जौ, उखु, चना, अरहर, केराउ, तिल, केरा, आँप, बेलौती, लिची, नास्पाती, सुन्तला, हिउँदे तरकारी, बसन्ते तरकारी, वर्षे तरकारी, आलु, मसला बाली आदि रहेका छन् ।

➢ वर्षे बाली

नगरका प्रमुख वर्षे बालीहरुमा धान, मकै, कोदो, दलहन, भटमास, मास, अन्य तरकारी: फर्सी, घिरौंला, चिचिन्ना, स्कूस, आलु, फलफूल, सुन्तला, कागती, केरा, अमिलो, आँप, मसला बाली, अदुवा लगायत रहेका छन् ।

अन्नबाली

तालिका नं. २५ : बागचौर नगरको अन्नबाली सम्बन्धी विवरण

| अन्नबाली | क्षेत्रफल (रोपनी) | उत्पादन (मुरी) |
|---|---|---|
| धान | ५६०३.०० | १४०२३.०० |
| मकै | १८३००.०० | २३९६५.०० |
| गहुँ | १४७२६.०० | ११९१०.०० |
| कोदो | १५३.०० | २८३.०० |
| अन्य | ७१.०० | ४५.०० |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*




नगर तथ्यांक सर्वेक्षण, २०७६ का अनुसार बागचौर नगरमा प्रमुख अन्नबालीमा धान, मकै, गहुँ, कोदो, आदि पर्दछन् । जसमध्ये धान, मकै, गहुँ, कोदो र अन्य अन्नबाली नगरको क्रमशः ५६०३.००, १८३००.००, १४७२६.००, १५३.०० र ७१.०० रोपनी क्षेत्रफलमा लगाइएकोमा उत्पादन क्रमशः १४०२३.००, २३९६५.००, ११९१०.००, २८३.०० र ४५.०० मुरी भएको देखिन्छ । तथ्यांक अनुसार उत्पादनका हिसाबले प्रमुख अन्नबाली मकै देखिएको छ ।

*दलहन*

तालिका नं. २६ : बागचौर नगरको दलहन सम्बन्धी विवरण

| दलहन | क्षेत्रफल (रोपनी) | उत्पादन (मुरी) |
|---|---|---|
| दाल | ९९३.०० | १८००७.०० |
| रहर | ८.०० | २४.०० |
| मुसुरो | १३४.०० | ११३५.०० |
| चना | ३२७.०० | ६९२.०० |
| सिमी | १५७५.०० | १५५६१.०० |
| अन्य | १५.०० | २५८.०० |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*




नगर तथ्यांक सर्वेक्षण, २०७६ का अनुसार बागचौर नगरमा प्रमुख दलहन बालीमा दाल, रहर, मुसुरो, चना, सिमी, आदि पर्दछन् । जसमध्ये दाल, रहर, मुसुरो, चना, सिमी र अन्य दलहन बाली नगरको क्रमशः ९९३.००, ८.००, १३४.००, ३२७.००, १५७५.०० र १५.०० रोपनी क्षेत्रफलमा लगाइएकोमा उत्पादन क्रमशः १८००७.००, २४.००, ११३५.००, ६९२.००, १५५६१.०० र २५८.०० मुरी भएको देखिन्छ । तथ्यांक अनुसार उत्पादनका हिसाबले प्रमुख दलहन बाली दाल देखिएको छ ।

*तेलहन*

तालिका नं. २७ : बागचौर नगरको तेलहन सम्बन्धी विवरण

| तेलहन | क्षेत्रफल (रोपनी) | उत्पादन (केजी) |
|---|---|---|
| भटमास | १७९२.०० | १६१०७.०० |
| तोरी/सर्स्यु | १२४८.०० | २३०१९.०० |
| आलस/तिल | ८.०० | ४७.०० |
| सुर्यमुखी | १.०० | १२.०० |
| अन्य | १४.०० | १५१.०० |

स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६




नगर तथ्यांक सर्वेक्षण, २०७६ का अनुसार बागचौर नगरमा प्रमुख तेलहन बालीमा भटमास, तोरी/सर्स्यु, आलस/तिल, सुर्यमुखी, आदि पर्दछन् । जसमध्ये भटमास, तोरी/सर्स्यु, आलस/तिल, सुर्यमुखी र अन्य तेलहन बाली नगरको क्रमशः १७९२.००, १२४८.००, ८.००, १.०० र १४.०० रोपनी क्षेत्रफलमा लगाइएकोमा उत्पादन क्रमशः १६१०७.००, २३०१९.००, ४७.००, १२.०० र १५१.०० केजी भएको देखिन्छ । तथ्यांक अनुसार उत्पादनका हिसाबले प्रमुख तेलहन बाली तोरी र सर्स्यु देखिएको छ ।

तरकारी

तालिका नं. २८ : बागचौर नगरको तरकारी सम्बन्धी विवरण

| तरकारी | क्षेत्रफल (रोपनी) | उत्पादन (केजी) |
|---|---|---|
| आलु | १२३९०.०० | ६६०३६९३.०० |
| बन्दा/काउली/रायो | २१५५.०० | ६१२७५.०० |
| बोडी | ५५३.०० | ३८०८.०० |
| गोलभेँडा | १०४.०० | ४९२६.०० |
| काँक्रो/लौका/फर्सी | १२११.०० | २३९००.०० |
| करेला/घिरौला/चिचिण्डो | ९९०.०० | ९७५७.०० |
| अन्य | १४.०० | २०३६२.०० |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*




नगर तथ्यांक सर्वेक्षण, २०७६ का अनुसार बागचौर नगरमा प्रमुख तरकारी बालीमा आलु, बन्दा/काउली/रायो, बोडी, गोलभेँडा, काँक्रो/लौका/फर्सी, करेला/घिरौला/चिचिण्डो, आदि पर्दछन् । जसमध्ये आलु, बन्दा/काउली/रायो, बोडी, गोलभेँडा, काँक्रो/लौका/फर्सी, करेला/घिरौला/चिचिण्डो र अन्य तरकारी बाली

नगरको क्रमशः १२३९०.००, २१५५.००, ५५३.००, १०४.००, १२११.००, ९९०.०० र १४.०० रोपनी क्षेत्रफलमा लगाइएकोमा उत्पादन क्रमशः ६६०३६९३.००, ६१२७५.००, ३८०८.००, ४९२६.००, २३९००.००, ९७५७.०० र २०३६२.०० केजी भएको देखिन्छ । तथ्यांक अनुसार उत्पादनका हिसाबले प्रमुख तरकारी बाली आलु देखिएको छ ।

### नगदेबाली

तालिका नं. २९ : बागचौर नगरको नगदेबाली सम्बन्धी विवरण

| नगदेबाली | क्षेत्रफल (रोपनी) | उत्पादन (केजी) |
|---|---|---|
| अदुवा, बेसार | ९७११.०० | ५९२३६२.०० |
| प्याज, लसुन | १३८५.०० | १४३३७.०० |
| च्याउँ | ४.०० | ६८.०० |
| अन्य | २६.०० | ३३३.०० |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*




नगर तथ्यांक सर्वेक्षण, २०७६ का अनुसार बागचौर नगरमा प्रमुख नगदेबालीमा अदुवा/बेसार, प्याज/लसुन, च्याउँ, आदि पर्दछन् । जसमध्ये अदुवा/बेसार, प्याज/लसुन, च्याउँ र अन्य नगदेबाली नगरको क्रमशः ९७११.००, १३८५.००, ४.०० र २६.०० रोपनी क्षेत्रफलमा लगाइएकोमा उत्पादन क्रमशः ५९२३६२.००,

१४३३७.००, ६८.०० र ३३३.०० केजी भएको देखिन्छ । तथ्यांक अनुसार उत्पादनका हिसाबले प्रमुख नगदेबाली अदुवा, बेसार देखिएको छ ।

## फलफूल

तालिका नं. ३० : बागचौर नगरको नगदेबाली सम्बन्धी विवरण

| फलफूल | क्षेत्रफल (रोपनी) | उत्पादन (केजी) |
|---|---|---|
| आँप, लिची | ३३.०० | २१९२.०० |
| केरा, मेवा | ७४.०० | २२४१.०० |
| सुन्तला, कागती | ५३२८.०० | १११८६८६.०० |
| स्याउ, आरूबखडा | १२.०० | ३००.०० |
| अन्य | ७८.०० | ७०२५.०० |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*




नगर तथ्यांक सर्वेक्षण, २०७६ का अनुसार बागचौर नगरमा प्रमुख फलफूलमा आँप/लिची, केरा/मेवा, सुन्तला/कागती, स्याउ/आरुबखडा, आदि पर्दछन् । जसमध्ये आँप/लिची, केरा/मेवा, सुन्तला/कागती, स्याउ/आरुबखडा र अन्य फलफूल नगरको क्रमशः ३३.००, ७४.००, ५३२८.००, १२.०० र ७८.०० रोपनी क्षेत्रफलमा लगाइएकोमा उत्पादन क्रमशः २१९२.००, २२४१.००, १११८६८६.००, ३००.०० र ७०२५.०० केजी भएको देखिन्छ । तथ्यांक अनुसार उत्पादनका हिसाबले प्रमुख फलफूल सुन्तला र कागती देखिएको छ ।

### *४.३.२ सिंचाई सुविधाको उपलब्धता*

यस बागचौर नगरपालिका क्षेत्रमा रहेको नदि, ताल, खोलाको पानीलाई काँठ, स्याउला र ढुंगाले कुलोमा पानी फर्काइ आफ्नो परम्परागत श्रोत साधनको परिचालन गरी संचालित कुलोहरु सिंचाईका आधारशिला हुन् । सिंचाईका प्रमुख श्रोतहरु स्थानीय स-साना खोला/खोल्सीहरु हुन् । यी श्रोतहरु बाहेक नगरमा खेतीयोग्य जमिनमा सिंचाई गर्न पानीको श्रोत छैन ।

कृषिको लागि उर्वर माटो भएको र नगरमा ठुलो संख्यामा जनता कृषिमा नै निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरि सबै खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुर्याउने सकेको खण्डमा रोजगारीका अवसर बढ्नुको साथै कृषि उत्पादनबाट पनि प्रशस्त उब्जनी र आम्दानी हुने देखिन्छ ।

### *४.३.३ खाद्यान्न, फलफूल तथा तरकारी बालीमा लाग्ने रोग तथा किरा*

नगरको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदि नै मुख्य रुपमा रहेको पाइन्छ । सामान्यतया धानमा ब्लास्ट, खैरो थोप्ला, फेद कुहिने रोगहरु देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरेजस्ता रोगहरु देखिन्छन् । यसैगरी मकैमा डाठ वा घोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेब्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पीङ्ग अफ, जरा कुहिनेजस्ता रोगहरु मुख्य रुपमा देखा पर्दछन् । फलफूलमा विशेषगरि कोत्रे, सेतो धुले रोग, भोजक पात गुजमुज्ज हुने, जरा कुहिने, ओइलाउने आदि रोगहरुको प्रक्रोपबाट कृषकहरु समस्याग्रस्त बनिरहेको देखिन्छ ।

### *४.३.४ आधुनिक पशुपालन सम्बन्धी विवरण*

नगरमा पशुपालनसँग सम्बन्धित सामुदायिक तथा सहकारी फर्महरुको विगत केहि वर्षदेखि उल्लेखनीय रुपमा स्थापित भएको देखिन्छ । शहरी स्थानमा यस्ता फर्महरुको स्थापना भएपनि ग्रामीण क्षेत्रमा भने आ-आफ्नो प्रयोजनको लागि आफै उत्पादन गर्ने गरेको पाइन्छ । पशुपालन व्यवसायबाट नगरपालिकामा प्रशस्त मुनाफा कमाउन सकिने सम्भावना यस सर्वेक्षणबाट देखिएको छ । यस नगरपालिकामा रहेका पशुपालनसँग सम्बन्धित सामुदायिक, सहकारी फार्म वा संस्थाहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ३१ : बागचौर नगरमा सञ्चालित आधुनिक पशुपालन फार्म

| क्र.सं. | पशुपालन फर्म (गाई, भैंसी, बाख्रा, बंगुर र कुखुरा) को नाम | वडा नम्बर |
|---|---|---|
| १ | के.सी बाख्रा फार्म | ७ |
| २ | पबन बाख्रा फार्म | ७ |
| ३ | पुश्पाञ्जली बाख्रा फार्म | ७ |

| | | |
|---|---|---|
| ४ | बागेश्वरी बाख्रा फार्म | २ |
| ५ | गणेश बाख्रा फार्म | ६ |
| ६ | भन्डारी बाख्रा फार्म | ५ |
| ७ | त्रिवेनी बाख्रा फार्म | ७ |
| ८ | लक्ष्मी बाख्रा फार्म | ३ |
| ९ | रामपुर बाख्रा फार्म | ३ |
| १० | बहुउदेश्यीय बुढाथोकी बाख्रा फार्म | ५ |
| ११ | चिरपरीचित बाख्रा फार्म | ११ |
| १२ | वली बाख्रा फार्म | ११ |
| १३ | कृषी तथा पशुपंक्षी फार्म | १० |
| १४ | के.सी तथा पशुपंक्षी कृषी फार्म | १० |
| १५ | प्रेम पोल्ट्री फार्म | २ |
| १६ | एस.के बहुउदेश्यीय लोखर्क | ७ |
| १७ | नमुना पोल्ट्री फार्म | २ |
| १८ | बुढाथोकी काईला कुखुरा फार्म | १० |
| १९ | नवज्योती कुखुरा फार्म | ६ |
| २० | मख्लाम कुखुरा फार्म | ७ |
| २१ | सफल कुखुरा फार्म | १२ |
| २२ | कुखुरा पालन | १० |

*स्रोतः जिल्ला पशु कार्यालय, सल्यान*

### *४.३.५ कृषि तथा पशु सेवासँग सम्बन्धित सामुदायिक संस्था तथा मानव संशाधन*

तालिका नं. ३२ : बागचौर नगरमा भएका कृषक समूह र पशुपालन समूह

| वडा नम्बर | कृषक समूह | | | पशुपालन समूह | | |
|---|---|---|---|---|---|---|
| | समूह संख्या | सदस्य | | समूह संख्या | सदस्य | |
| | | म | पु | | म | पु |
| १ | ४ | २८ | ४५ | २ | १८ | ५ |
| २ | १२ | ५५ | १०५ | ३ | १३ | १२ |
| ३ | ११ | ६२ | ९४ | २ | १७ | ८ |
| ४ | ६ | १५ | २५ | १ | २१ | ४ |
| ५ | ३ | ११ | ३३ | ३ | २३ | २ |
| ६ | ७ | ३५ | ४४ | १ | २२ | ३ |
| ७ | ९ | ४६ | ४७ | ५ | १८ | ७ |
| ८ | ६ | ५६ | ३५ | २ | १३ | १२ |
| ९ | ८ | ६३ | ३१ | २ | १४ | ६ |
| १० | ५ | ४४ | ३४ | २ | १३ | ७ |
| ११ | २ | ३४ | १० | १ | ११ | ८ |
| १२ | ३ | ३७ | ३९ | १ | १५ | ४ |
| जम्मा | ७६ | ४८६ | ५४२ | २५ | १९८ | ७८ |

*स्रोतः नगर कार्यपालिकाको कार्यालय, २०७६*

तालिका नं. ३३ : बागचौर नगरका व्यावसायिक कृषि फर्म र कृषि सहकारी

| वडा नम्बर | व्यावसायिक कृषि फर्म | | | कृषि सहकारी | | |
|---|---|---|---|---|---|---|
| | फर्म संख्या | सदस्य | | सहकारी संख्या | सदस्य | |
| | | म | पु | | म | पु |
| १ | १ | १ | ० | १ | ८ | २४ |
| २ | ३ | ० | ३ | १ | ५ | ३१ |
| ३ | ५ | ० | ५ | २ | १६ | ३५ |
| ४ | १ | ० | १ | १ | ७ | १५ |
| ५ | ३ | ० | ३ | ० | ० | ० |
| ६ | ० | ० | ० | १ | ८ | १४ |
| ७ | २ | ० | २ | १ | १० | १२ |
| ८ | २ | ० | २ | २ | १९ | २७ |
| ९ | ११ | १ | १० | १ | ९ | १८ |
| १० | ० | ० | ० | १ | १० | १३ |
| ११ | ० | ० | ० | १ | ० | ० |
| १२ | ० | ० | ० | १ | १६ | ११ |
| जम्मा | २८ | २ | २६ | १३ | १०८ | २०० |

*स्रोतः नगर कार्यपालिकाको कार्यालय, २०७६*

तालिका नं. ३४ : बागचौर नगरका एग्रोभेट तथा विउँ विजन केन्द्र, कोल्ड स्टोर तथा रष्टिक स्टोर र जैविक वा कम्पोष्ट मल उत्पादन केन्द्र

| वडा नम्बर | एग्रोभेट तथा विउ विजन केन्द्र | कोल्ड स्टोर तथा रष्टिक स्टोर | जैविक वा कम्पोष्ट मल उत्पादन केन्द्र |
|---|---|---|---|
| | संख्या | संख्या | संख्या |

| | | | |
|---|---|---|---|
| १ | १ | ० | ० |
| २ | ५ | ३१ | ५ |
| ३ | १ | ० | ० |
| ४ | २ | ० | ० |
| ५ | २ | ० | ० |
| ६ | ० | ० | ० |
| ७ | ३ | ० | ० |
| ८ | १ | ० | ० |
| ९ | २ | ० | ० |
| १० | १ | ० | ० |
| ११ | १ | ० | ० |
| १२ | १ | ० | ० |
| जम्मा | २० | ३१ | ५ |

*स्रोतः नगर कार्यपालिकाको कार्यालय, २०७६*

### ४.३.६ कृषि बजार तथा हाटबजार

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरुले व्यक्तिगत (असंगठित) रुपमा आफ्नो उपजको आफै बजारीकरण गर्ने चलन रहेको थियो । तर हालका दिनहरुमा विभिन्न खाले बजार शृंखला पार गर्दै उपजहरुको बजारीकारण प्रचलन विकास हुन थालेको भेटिएको छ । बागचौर नगरपालिका निर्माण हुनुभन्दा पहिलेदेखि नै यहाँका कृषिजन्य वस्तु बजारीकरणका ढाँचाहरु फरक-फरक तरिकाले अभ्यासमा आएको भेटिएको छ । यद्दपी हालसम्म पनि व्यवस्थित कृषि बजार भइसकेको छैन । नगरमा निम्नानुसारका विभिन्न ढाँचामा कृषि बजारीकरणका मोडलहरु विकास र अभ्यास भएको देखिन्छ ।

- डुलुवा कृषि बजारीकरण
- फुटपाथ कृषि बजारीकरण
- स्थायी खुद्रा कृषि उपज बिक्री स्थल
- फुटपाथ जिउँदो पशु. पंक्षी र माछा बिक्री स्थल
- स्थायी जिउँदो पशु, पंक्षी र माछा बिक्री स्थल
- पशुपंक्षीजन्य उत्पादनको बजारीकरण(दुध, मासु र अण्डा)
- बजारस्थलमा कृषि वस्तु बजारीकरण( सुपर स्टोर्स देखि मिनि मार्केटसम्म)

नगरमा उल्लेखित कृषि उपज बजारीकरणका प्रवृतिहरुमा विशिष्ट चरित्रहरु देखिन्छन् । शुरुवातका दिनहरुमा उत्पादकले आफ्ना कृषि उपजहरु डोको, डालो, थुन्सेमा हालेर बजारसम्म बोकेर ल्याई सम्भावित ग्राहक/उपभोक्ता खोज्दै घरघर डुलेर वस्तुको बिक्री गर्नुपर्ने अवस्था थियो । अझ पनि कतिपय पर्व र मौसमहरुमा उत्पादकत्व चालु खर्चको जोहो गर्न यस्तै डुलुवा कृषि बजारीकरणलाई निरन्तरता दिइएको पाइन्छ । यस्तो अभ्यासमा उत्पादकत्व आफैं आउने क्रमको साटो विचौलिया कारोबारीहरुले पनि यहि

प्रक्रिया अपनाएर कृषि उपज बजारीकरण गर्दै आएको पाइन्छन् । यो प्रक्रियाले रोजगारी सृजित गर्नुको साथै गाउँगाउँसम्म बजारको विस्तारमा टेवा पुर्याएको देखिन्छ । यस्ता विचौलिया कृषिजन्य पदार्थ विक्रेताहरुले ठेलागाडामा हालेर तथा फुटपाथ तथा कालोपत्रे सडक अतिक्रमण गरेर कारोबार गर्ने प्रचलन नै बसेको छ ।

## ४.४ पर्यटन विकास

### *४.४.१ पर्यटकीय स्थलहरुको विवरण*

एउटा विशिष्ट भौगोलिक संरचनाले सृजना गरेको हावापानी, जनजीवन, वन वनस्पति र वन्यजन्तु तथा साँस्कृतिक विविधताको कारण नेपाल विश्वमा एउटा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा परिचित छ । पर्यटन हाम्रो लागि प्रकृतिले वरदान दिएको सम्पत्ति हो । अत्यन्त रमणीय विश्वकै उच्च हिमश्रृंखलाहरू, अनवरत बग्ने कञ्चन नदीहरू, तालतलैया, प्राकृतिक गुफा, विविधतायुक्त वनजंगल यहाँका प्राकृतिक निधिहरू हुन् । यहाँका साँस्कृतिक चालचलन तथा रहनसहन समेत पर्यटनका आकर्षक पक्षहरू हुन् ।

बागचौर नगरपालिकाको प्राकृतिक सौन्दर्यता, नदीनाला, वनजंगल र धार्मिक स्थलहरूको रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण हुने गर्दछ । यहाँको साँस्कृतिक विविधता र प्राकृतिक सौन्दर्यता पर्यटकीय आकर्षणका पक्षहरू हुन् ।

यस नगरका प्रसिद्द पर्यटकीय स्थलहरु यसप्रकार छन्:

- मोखला बाजेको गुफा
- जनयुद्धको इतिहास बोकेको विजयधुरी
- मख्लाम लेक
- सुकिदह
- शारदाको शिर लौराबाङ्ग
- बयाँले डाँडा
- धोपाघाट त्रिवेणी धाम
- सिद्द गुफा
- रानी पोखरा
- शिव मन्दिर
- शिव गुफा मन्दिर
- छाँयानाथ ढुङ्गा

- राङ्गाले हानेको ढुंगा
- बाफुखोला ब्रह्माथान मन्दिर
- सुकिदह

*४.४.२ धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल सम्बन्धी विवरण*

नगरपालिकामा अवस्थित मोखलाको शिव गुफा, बाँफुखोलाको विजयधुरी, मख्लाम लेक, सुकिदह, अग्ला टाकुरा पार्क तथा भ्यु टावर, शारदा नदीको शिर लौराबाङ्ग, रानीपोखरी, जस्ता धार्मिक, प्राकृतिक, ऐतिहासिक तथा पुरातात्विक महत्व बोकेका पर्यटकीय स्थलहरूको थप प्रचार प्रसार तथा पर्यटक मैत्री वातावरणको प्रवर्द्धन गर्न सके बागचौरको आर्थिक विकास र रोजगारीको श्रृजनामा महत्वपूर्ण योगदान हुन सक्ने देखिन्छ । साथै अन्य सम्भावित स्थलहरूलाई थप विकास गरी पर्यटक संख्या वृद्धि गर्न सके आर्थिक उपार्जन र प्रचार प्रसारमा वृद्धि हुने सम्भावना देखिन्छ । यस नगरमा अवस्थित धार्मिक, ऐतिहासिक तथा पुरातात्विक स्थलहरूको विवरण तलको तालिकामा विस्तृत रुपमा उल्लेख गरिएको छ

तालिका नं. ३५ : धार्मिक, ऐतिहासिक तथा पुरातात्विक स्थलहरूको विवरण

| क्र.सं. | स्थलको नाम | वडा नं. | सडकको अवस्था | नजिकको बजार केन्द्र सम्मको दुरी (कि.मि.) | स्वामित्व | विशेषता |
|---|---|---|---|---|---|---|
| १ | बयाँले डाँडा | १ | पुगेको | १. | सामुदायिक | प्राकृतिक |
| २ | धोपाघाट त्रिवेणी धाम | १, १० | पुगेको | ०.१ | नेपाल सरकार | धार्मिक |
| ३ | शिव मन्दिर | २ | पुगेको | ०.७ | सामुदायिक | धार्मिक |
| ४ | शाईंकुमारी | २ | पुगेको | ०.८ | सामुदायिक | धार्मिक |
| ५ | त्रिवेणी मन्दिर | २ | पुगेको | १. | सामुदायिक | धार्मिक |
| ६ | कालिका मन्दिर | २ | पुगेको | ० | सामुदायिक | धार्मिक |
| ७ | दाह्रे पूजा मन्दिर | ३ | पुगेको | २. | सामुदायिक | धार्मिक |
| ८ | पूर्वे पूजा | ३ | पुगेको | - | सामुदायिक | धार्मिक |
| ९ | पाण्ढल मन्दिर | ४ | पुगेको | २. | सामुदायिक | धार्मिक |
| १० | प्रशंसा चर्च | ४ | पुगेको | ०.१५ | सामुदायिक | धार्मिक |
| ११ | चमेरे ओडार | ४ | नपुगेको | १. | व्यक्तिगत | प्राकृतिक |
| १२ | कोट मन्दिर | ५ | पुगेको | १. | सामुदायिक | धार्मिक |
| १३ | सिद्द मन्दिर | ५ | पुगेको | ०.१ | सामुदायिक | धार्मिक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | चित्रालेखी मन्दिर | ६ | पुगेको | ०.४ | सामुदायिक | धार्मिक |
| १५ | देवी भगवती | ६ | पुगेको | ०.४ | सामुदायिक | धार्मिक |
| १६ | मष्टा मन्दिर | ६ | पुगेको | ०.५ | सामुदायिक | धार्मिक |
| १७ | चरङ्गकोट डाँडा | ६ | नपुगेको | ३. | नेपाल सरकार | प्राकृतिक |
| १८ | सिद्द गुफा | ६ | नपुगेको | ३. | व्यक्तिगत | प्राकृतिक |
| १९ | शिव मन्दिर, साना गाँडाकोट | ७ | पुगेको | २. | सामुदायिक | धार्मिक |
| २० | देउलीबोट मन्दिर | ७ | नपुगेको | ३. | सामुदायिक | धार्मिक |
| २१ | भगवती मन्दिर | ७ | पुगेको | ४. | सामुदायिक | धार्मिक |
| २२ | शिव मन्दिर, दह | ७ | पुगेको | ५. | सामुदायिक | धार्मिक |
| २३ | मख्लाम लेक | ७, ९, ११ | नपुगेको | ६. | नेपाल सरकार | प्राकृतिक/पुरातात्विक |
- भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार
- वातावरणीय सुधार कार्यक्रम
- अभिभावक चेतानाशिक्षा कार्यक्रम

### *५.४.२ अपाङ्गताका आधारमा जनसंख्या*

तालिका नं. ५९ : बागचौर नगरको अपाङ्गताका आधारमा जनसंख्या

| वडा नम्बर | पूर्ण अपाङ्ग | | आंशिक अपाङ्ग | |
|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष |
| १ | ५ | २ | २ | २ |
| २ | ३ | ५ | ६ | ६ |
| ३ | १ | ५ | ४ | १ |
| ४ | १ | १ | ४ | ६ |

| | | | | |
|---|---|---|---|---|
| ५ | ३ | ६ | ५ | ५ |
| ६ | ० | २ | ४ | १ |
| ७ | १ | ६ | ६ | १३ |
| ८ | ० | ४ | ५ | ५ |
| ९ | ४ | ६ | २ | ८ |
| १० | ५ | ८ | ४ | ६ |
| ११ | ० | १ | २ | ३ |
| १२ | २ | ४ | ५ | ३ |
| जम्मा | २५ | ५० | ४९ | ५९ |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*

नगर तथ्यांक सर्वेक्षण, २०७६ अनुसार यस बागचौर नगरपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा अपाङ्गता भएको जनसंख्या १८३ रहेको छ । जसमध्ये पूर्ण अपाङ्गमा महिला २५ जना र पुरुष ५० जना रहेको देखिन्छ भने आंशिक अपाङ्गमा महिला ४९ जना र पुरुष ५९ जना रहेका छन् । खासगरी व्यक्तिहरुमा अपाङ्गता हुने कारण आयोडिन नुनको प्रयोगको कमी, ग्रामिण क्षेत्रमा मुख नधुने समस्याका कारण जन्मजात अपाङ्गता, प्राकृतिक प्रकोप, दुर्घटना, कुपोषण, स्वास्थ्य उपचार नपाए, द्वन्द या विस्फोटक पदार्थको प्रयोग आदि रहेको देखिएको छ । जसलाई हटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्य गरिनुपर्दछ ।

हालसम्म यस नगरको सामाजिक र आर्थिक अवस्थामा परिवर्तन ल्याउन केहि आयमूलक र सीपमूलक तालिमहरु संचालन गरिएता पनि यिनीहरुको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोतसाधन र निकायहरुमा यो समुदायको पहुँच पुर्याउन विभिन्न कार्यक्रम ल्याउनुपर्ने देखिन्छ ।

### *५.४.३ ज्येष्ठ नागरिक सम्बन्धी विवरण*

ज्येष्ठ नागरिकहरूका लागि विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक संविधानले प्रत्याभूत गरेको छ । ज्येष्ठ नागरिकसम्बन्धी ऐन, नियमावली तथा राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा छन् । कुल जनसंख्याको ८ दशमलव १३ प्रतिशत ज्येष्ठ नागरिक छन् ।

तालिका नं. ६० : बागचौर नगरका ज्येष्ठ नागरिक सम्बन्धी विवरण

| वडा नम्बर | जेष्ठ नागरिक (दलित) | | जेष्ठ नागरिक | |
|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष |
| १ | १७ | १६ | ३१ | ३३ |
| २ | १८ | १९ | ३१ | ३९ |
| ३ | ६ | ७ | २९ | ४३ |
| ४ | २३ | २६ | ६२ | ५४ |
| ५ | ३२ | २१ | ६२ | ३२ |

| | | | | |
|---|---|---|---|---|
| ६ | ३१ | २४ | २५ | २८ |
| ७ | १९ | १८ | ३९ | ३२ |
| ८ | २८ | २१ | ३२ | ३१ |
| ९ | ० | ० | ६४ | ५३ |
| १० | १८ | २१ | ३३ | ५० |
| ११ | ० | ० | २८ | ३२ |
| १२ | ४ | ८ | ३८ | ३६ |
| जम्मा | १९६ | १८१ | ४७४ | ४६३ |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*

नगर तथ्यांक सर्वेक्षण, २०७६ का अनुसार बागचौर नगरपालिकामा कुल १,३१४ जेष्ठ नागरिक भएको देखिन्छ । जसमध्ये दलित ज्येष्ठ नागरिकमा महिलाको संख्या १९६ र पुरुषको संख्या १८१ रहेको छ भने ज्येष्ठ नागरिकमा महिलाको संख्या ४७४ र पुरुषको संख्या ४६३ रहेको छ ।

जेष्ठ नागरिकका लागि परिवार, समुदाय र राज्यले विशेष ध्यान दिँदै घर परिवारका सदस्यले पनि यथोचित माया ममता, प्रेम र समय दिनुपर्छ । उनीहरूकालागि बागचौर नगरपालिकाले स्वास्थ्य सेवामा विशेष सहुलियत, बेसहारा र अशक्त जेष्ठ नागरिकलाई विशेष भत्ता वा लालनपालनको व्यवस्था, जेष्ठजनको उचित रेखदेख, स्याहार, सामान्य स्वास्थ्य उपचारजन्य विषयमा अनुशिक्षण वा प्रशिक्षणको व्यवस्था, सञ्चार माध्यमबाट रेखदेख, स्याहार उपचारबारे जनचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### *५.४.४ एकल महिला सम्बन्धी विवरण*

तालिका नं. ६१ : बागचौर नगरपालिकाका एकल महिलाको विवरण

| वडा नम्बर | विधवा |
|---|---|
| १ | ८५ |
| २ | ७९ |
| ३ | ४३ |
| ४ | ८० |
| ५ | ९३ |
| ६ | ३२ |
| ७ | १०७ |
| ८ | ४३ |
| ९ | ७३ |
| १० | ५४ |
| ११ | ३१ |

| | |
|---|---|
| १२ | ६२ |
| जम्मा | ७८२ |

स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६

नगर तथ्यांक सर्वेक्षण, २०७६ का अनुसार बागचौर नगरपालिकाको कुल ३६,४३२ जनसंख्या मध्ये ७८२ जना एकल महिला रहेको देखिन्छ । जसमध्ये सबैभन्दा बढी वडा नं. ७ मा १०७ जना र सबैभन्दा कम वडा नं. ११ मा ३१ जना रहेका छन् ।

## ५.५ युवा तथा खेलकुद

राज्यको सामाजिक न्याय र समावेशीकरणको नीति अन्तर्गत स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने नीति रहेको छ । खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी नगरपालिकाको चौतर्फी विकासलाई बल पुर्याउन सकिन्छ भन्ने मान्यताअनुसार यस नगरपालिका खेलकुदको विकास लागि प्रयासरत रहेको छ। यसको लागि नगरपालिकाले विभिन्न खुला स्थानहरू छाडेको छ। ती स्थानहरूमा खेलकुदको लागि पूर्वाधारहरू निर्माण गर्नुपर्ने देखिन्छ। खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तराष्ट्रिय क्षेत्रमा राष्ट्रको पहिचान अभिवृद्धि गर्ने माध्यमको रूपमा बिकास गर्ने देशको नीतिअनुसार विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुर्याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा विगतमा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा कतिपय खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वस्थ शारीरिक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्यून लगानी हुने गरेको देखिन्छ ।

बागचौर नगरपालिकामा स्थानीय युवा क्लवको स्तरोन्नतिका लागि विभिन्न खेलकुद सामग्रीको व्यवस्था गर्नुपर्ने, सामुदायिक रूपमा समन्वय गरी चिल्ड्रेनपार्कको व्यवस्था हुनुपर्ने, खेलकुद प्यारापिट सहित खेलमैदान, वडा स्तरीय खेल मैदानमा आवश्यक चारैतिर पक्की नाली सहित माटो भरान, वडाका सबै क्लवहरूलाई खेलकुद सामाग्री उपलब्ध गराउने आदि जस्ता कार्यहरू खेलकुद विकासको लागि गर्नुपर्ने देखिन्छ । नगरपालिकामा रहेका बालबालिका तथा युवाहरूमा रहेको खेलकुदप्रतिको रुचि मध्यनजर गर्दै नगरपालिकामा रहेका संभावना पहिचान गरेको खण्डमा राष्ट्रिय खेलकुदमा टेवा पुग्ने देखिन्छ । यस नगरपालिकामा व्यवस्थित रूपमा कुनै पनि खेल मैदानको स्थापना नभए तापनि विस्तारै केही स्थानहरूमा रंगशाला निर्माणको कार्य थालनी भइरहेको छ ।

### खेलमैदान सम्बन्धी विवरण

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी नगरको चौतर्फी विकासलाई बल पुर्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस नगरमा खेलकुदको विकास भएको पाइन्छ । यसको लागि नगरले विभिन्न खुला स्थानहरू छोडेको छ । तर ती स्थानहरूमा खेलकुदको लागि खासै पूर्वाधार तयार भएको भने देखिदैंन । यस नगरमा खेलकुद विकासका लागि सबै जसो विद्यालयमा खेलमैदान रहेका छन् ।

### ५.६ कला, भाषा तथा संस्कृति

भाषा, कला, साहित्य र संस्कृति समाजको ऐना हो र मुलुकको अमर निधि हो । जसले समाजको अवस्थालाई चित्रित गर्दै सभ्य, मानवीय मुल्य मान्यता स्थापित गर्न सृजनशील र समुन्नत समाज निर्माणमा अहम भूमिका निर्वाह गर्दछ । जीवमा जीवन्तता पर्याय कला, भाषा र संस्कृति  हो । जीवनमा जीवन्तता त्यसबेला मात्र आउन सक्छ जब हामी आफ्नो भाषा एवं संस्कृति प्रति जागरूक हुन्छौं । भाषा एवं संस्कृति बिना हामीले भौतिक रूपमा जति सुकै प्रगति गरे पनि, परिवेशमा यसबाट कुनै लाभ हुदैन । भाषा एवं संस्कृति जीवित तब मात्र रहन्छ जब त्यो हाम्रो परिवेश हुन्छ ।

साहित्य, कला, संस्कृतिलाई अनुत्पादक क्षेत्र भनेर उपेक्षात्मक नजरले हेरिँदै आइनु, सरकारी निकाय यसबारे गम्भीर नदेखिनु, बौद्धिक क्षेत्र पनि कला, संस्कृति, भाषा, साहित्यबारे मुख नखोल्नु, साथै पुरानै सोचाइको निरन्तर बढुवाले मुलकमा कला, साहित्य, संस्कृति अपहेलित बनिरहेको अवस्था छ । कला, भाषा र संस्कृति समुदायका प्रमुख अंग हुन् । यिनको संरक्षण र विकास समुदायकै संरक्षण र विकास हो । देशको पहिचान नै कला, भाषा र संस्कृति हो भनेर बुझ्न र बुझाउन नितान्त आवश्यक देखिन्छ ।

हुन त हामीकहाँ साहित्य, कला, संस्कृतिलाई सधैं अनुत्पादक क्षेत्र भनेर उपेक्षात्मक नजरले हेरिँदै आइरहेको छ□। तर देशको पहिचान यसैमा छ□। सरकारी निकायले यसबारेमा गम्भीर बनेर सोचेको पाइँदैन□। बौद्धिक क्षेत्रले पनि यसलाई गम्भीरतापूर्वक लिएको पाइँदैन□। यो हिजोकै पुरानै सोचाइले हाम्रा कला, साहित्य, संस्कृतिको विकास हुन सक्दैन□।

बागचौर नगरपालिकामा नै पनि साहित्य, कला र संस्कृति मै सिंगो जीवन समर्पण गर्नेहरू धेरै छन्□। राजनीति आफ्नो ठाउँमा छ□। तिनका खेलाडीहरूले आआफ्ना तरिकाले खेल खेल्लान्□। तर साहित्य, कला र संस्कृतिलाई मिचेर, कुल्चेर र चटक्कै विर्सेर विकासको नाममा सांस्कृतिक विनासको बाटोतिर लम्किनु हुँदैन । प्रतिभा खास भूगोल र सीमाभित्रका सम्पत्ति मात्र होइनन्, विश्व समुदायकै सम्पत्ति हुन्□। यिनीहरूको संरक्षण गर्नु हामी सबैको दायित्व हो□।

# परिच्छेद ६ : वन तथा वातावरण

नेपालको कुल भूभागको ४०.३६ प्रतिशत वन क्षेत्र र ४.३८ प्रतिशत भू-भाग अन्य काष्ठ तथा बुट्यान क्षेत्र गरी कुल ६६ लाख हेक्टर वन र बुट्यान क्षेत्रले ढाकेको छ भने बाँकी भ–भाग कृषि, बसोबास क्षेत्र र नदी क्षेत्रले ढाकेको छ । वन मन्त्रालयअन्तर्गत सञ्चालित 'वन स्रोत सर्वेक्षण परियोजना' (२०१०-२०१४) अनुसार नेपालमा प्रतिशतका हिसाबले मध्य पहाडी क्षेत्रमा ३७.८० %, उच्च पहाडी तथा उच्च हिमाली क्षेत्रमा ३२.२५ %, चुरेमा २३.०४ % र तराईका जिल्लामा ६.९० प्रतिशत वन रहेको छ । मध्यपहाडी क्षेत्रमा बसाईसराइका कारण छोडिएको र खेती नभएको जमिनमा रूख उम्रेको तथा सामुदायिक वनको संरक्षण राम्रो भएकाले अरू क्षेत्रको तुलनामा वन क्षेत्र बढेको वनविज्ञहरूको निचोड छ ।

## ६.१ वन क्षेत्रको अवस्था

वन ऐन २०४९, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, वातावरण संरक्षण ऐन २०५३ र नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेका सन्धी सम्झौताहरू; जस्तै, जैविक विविधता महासन्धी लगायतका सन्धी-सम्झौताले वन र वातावरण संरक्षणका लागि स्व-स्थानीय र पर-स्थानीय रूपमा वनस्पतिको संरक्षण गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ । साथै राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुखहरू कटान गर्दा १:२५ को दरले वृक्षारोपण गरी उक्त बिरुवाहरूलाई ५ वर्षसम्म स्याहार संभार गरी सम्बन्धित डिभिजन वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने कानुनी प्रावधान रहेको छ ।

यद्दपी सरकारी तथ्यांकअनुसार तराईमा प्रतिवर्ष ०.४४ र चुरेमा ०.१८ प्रतिशतका दरले वन विनाश भइरहेको छ । अध्ययनले वन क्षेत्रको रूखको कुल जैविक पिण्ड, कुल कार्बन सञ्चित र जैविक विविधताको पनि अध्ययन गरेको थियो । अध्ययनले नेपालको वनमा एक अर्ब ५ करोड ५० लाख टन कार्बन सञ्चित रहेको देखाएको छ ।

तालिका नं. ६२ : बागचौर नगरको भू-अवस्था

| क्र.सं. | भू-उपयोग | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | ५८१८ | ३७.२७ |
| २ | वन क्षेत्र | ८०९८ | ५१.८८ |
| ३ | झाडी बुट्यान | १४८ | ०.९५ |
| ४ | चरन क्षेत्र | ९० | ०.५८ |

| | | | |
|---|---|---|---|
| ५ | अन्य | १४४१ | ९.२३ |
| | जम्मा | १५६०९ | १०० |

*स्रोतः नापी विभाग, २०७६*

बागचौर नगरको कुल भू-भाग मध्ये ५१.८८ % क्षेत्रफल (८०९८ हेक्टर) वन क्षेत्रले ओगटेको छ । नगरको भू-उपयोगबारे माथिको तालिकामा उल्लेख गरिएको छ । जिल्ला वन कार्यालयको कार्यक्षेत्र भित्र पर्ने गरि बागचौर नगरपालिकाको वन क्षेत्रलाई व्यवस्थापन गरिएको छ । नेपालको वनमा ४ सय ४३ प्रजातिका रूख छन् । यसमध्ये मध्य पहाडका वनमा ३२६, चुरेमा २८१, उच्च पहाडी तथा उच्च हिमालीमा २७५ र तराईका वनमा १६४ रूखका प्रजाति पाइएका छन् ।

बागचौर नगरपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा खोटे सल्ला, साल, साज, बाँझ, कटुस, लालीगुराँस, काफल, उतिस, चिउरी, पैयु, कोइरालो, वोटधाइरो, जामुन, सिसौ, टुनी, सान्दन, तिजु, टुनी आदि रहेका छन् र लघु वन पैदावारहरूमा खोटो, टिमुर, तेजपात, दारुहल्दी, काउलो, गोकुलधुप, अमला, रिठा, पाखनवेद, बोझो काफलको बोक्रा, आदि हुन् । त्यसैगरी बागचौर नगरमा निम्नानुसारका बन्यजन्तुहरू पाइन्छन् :

१) स्तनधारीः
कस्तुरी मृग, घोरल, झारल, थार, बाघ, फ्याउरो, चितुवा, बाँदर, भालु, स्याल, रतुवा, दुम्सी, पाखे वेत, खरायो, बँदेल, मलसाप्रो, ब्वाँसो आदि रहेको छन् ।

२) पंक्षीः
डाँफे, मुनाल, कालिज, तित्रा, कोईली, ढुकुर, बकुल्ला, पानी हाँस, गिद्ध, चिल, काग, गौथली, भंगेरा, लुँईते, लामपुच्छ्रे, च्याखुरा, मलेवा, लुइचे, जुरली, धनेस, हुचिल आदि विभिन्न प्रजातीका चराहरू रहेको अनुमान छ ।

३) सरीसृपः
छेपारो, अजिंगर, सर्प, सालक, आदि ।

४) उभयचरः
भ्यागुता र पाहाँ, आदि ।

५) किरा पुतलीः
खजुरो, कन्सुत्लो, पुतली, फट्याङ्ग्रा आदि ।

### *६.१.१ जैविक विविधताको अवस्था*

नेपालको वन क्षेत्र वि.सं. २०१३ सालभन्दा अगाडि मुखिया, तालुकदार तथा गाउँलेहरूबाट रेखदेख हुँदै आएकोमा २०१३ सालमा निजी वनजंगल राष्ट्रियकरण ऐन लागु भएपछि निजी वन बाहेकका सबै वन सरकारको अधिनमा गयो । बागचौर नगरपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलित रुपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरुपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ । दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा

हुने विनासलाई न्युनीकरण गर्न नितान्त आवश्यक छ । वातावरणीय सन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्ततः लोप हुने अवस्था हुन सक्छ । विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको बागचौर नगरपालिका जस्ता नगरमा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ । यिनै कुराहरूलाई मध्य नजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावरको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ । दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थीतिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस नगरमा सामुदायिक वन, कबुलियती वन, निजी वन, जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ ।

यस नगरमा उपोष्ण, समशीतोष्ण जलवायुयुक्त भएको कारण यस क्षेत्रमा चिलाउने कटुस, तिजु, पैयू, उत्तिस, टुनी, खोटे सल्ला, साल, लालिगुराँसका प्रजातीहरूका विरुवाहरू पाइन्छन् । गैर काष्ठ पैदावरको रुपमा व्यापारिक र आयुर्वेदिक महत्वका दृष्टिकोणले उपयुक्त देखिएका बाँस, निगालो, लोक्ता आदि वनस्पति तथा पिपला, अमला, हर्रो, बर्रो, चाबो, चिराईतो, दालचिनी आदि जडीबुटीहरू यस नगरका मुख्य लघुवन पैदावरहरू हुन् । मिश्रित जलवायुका कारण जिवजन्तुमा अनुकुल प्रभाव परेको छ र उनीहरूले यस किसिमको वातावरणमा सहजतापुर्वक आफुलाई खपाउन सकिरहेको पाइन्छ । नगरको विभिन्न प्रकारको वन क्षेत्रले कस्तुरी मृग, घोरल, झारल, थार, बाघ, फ्याउरो, कालो चितुवा, बाँदर, भालु, चितुवा, स्याल, रतुवा, दुम्सी, पाखे वेत, डाँफे, मुनाल, कालिज, तित्रा, कोईली, ढुकुर, बकुल्ला, पानी हाँस, गिद्ध, चिल, काग, गौथली, भंगेरा, लामपुच्छ्रे, छेपारो, सर्प, सालक, भ्यागुता, पाहाँ, खजुरो, कन्सुल्लो, पुतली, फट्याङ्ग्रा आदि वन्यजन्तुहरूलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेको छ । वर्षेनी वन क्षेत्र फडानी भई निर्माण क्षेत्र तथा कृषियोग्य भुभागमा परिणत हुनु र वन्यजन्तुहरूको वासस्थान एवं वन्य प्रजातीमा ह्रास हुनु जैविक विविधता संरक्षणका निमित्त विकराल चुनौतीका रुपमा देखिएको छ ।

नगरको विषम हावापानीले जीवजन्तु र वनस्पतीहरूलाई संरक्षित गर्न सकिने खालका वासस्थान उपलब्ध गराइको भएतापनि जनसंख्या र बसाईसराइको अत्याधिक चाप र भुमीको उर्वरापनका कारण करिब ४ दशक अघिदेखि नै यहाँको वनक्षेत्र अतिक्रमण र वन फडाँनीको चपेटामा पर्न गएको छ ।

### *६.१.२ नगरमा पाइने मुख्य वनस्पतिहरू*

विविध प्रकारको भूबनोट र प्राकृतिक वातावरणका कारण बागचौर नगरलाई जैविक विविधताको भण्डारको रुपमा लिन सकिन्छ । यो नगरलाई विशेष गरी सिमसार क्षेत्रको रुपमा चिनिन्छ । यहाँ पाइने मुख्य वनस्पतिहरूमा चिलाउने, कटुस, तिजु, पैयू, उत्तिस, टुनी, खोटे सल्ला, साल, लालिगुराँसका प्रजातीहरू पाइन्छन् । बाँस, निगालो, लोक्ता आदि वनस्पति तथा पिपला, अमला, हर्रो, बर्रो, चाबो, चिराईतो, दालचिनी आदि जडीबुटीहरू यस नगरका मुख्य लघुवन पैदावरहरू हुन् ।

### *६.१.३ नगरका लघु वन पैदावार*

यस नगरमा उपोष्णदेखि समशीतोष्ण ठण्डासम्मका विविध प्रजातीका वनजंगलहरू रहेकाले विविध महत्वका जडीबुटीहरू पाईन्छन् । तथापी प्राप्त हुनसक्ने जडिबुटीहरू र यसको संकलन बारे सूचनाको अभाव रहेको छ । विभिन्न प्रजातिका लघु वन पैदावरहरू नगरमा पाइन्छन् । बागचौर नगरको वन क्षेत्रमा विभिन्न प्रकारका जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरू पाइन्छन् । मुख्य रुपमा पाइने गैह्रकाष्ठ वन पैदावारहरूमा काउलो, पिपला, साल, साज, टुनी, बाँझ, चुत्रो, ऐँसेलु, च्याउ, अमला, कुरिलो, हर्रो, बर्रो, बाँस, निगालो, अम्रिसो, रुद्राक्ष, घिउकुमारी, टिमुर, तेजपात, दारुहल्दी, गोकुल धुप, खोटे सल्ला, दालचिनी, चिराईतो, बेल, असुरो, चिउरी, यार्सागुम्बा, काफल, रिट्ठा, राजवृक्ष, ओखर, भ्याकुर, दतिवन, छतिवन, श्रीखण्ड, कटुज, वन तरुल, लालिगुराँस, कागती घाँस, पाखनवेद, काफलको बोक्रा, कालो जिरा, वोटधाइरो, सान्दन, लोक्ता, कोइरालो, भोर्ला, कालो मुसली, निम, सिमल, सालको पात, खोटो, सर्पगन्धा, लप्सी आदि मुख्य हुन् ।

### *६.१.४ नगरमा पाईने वन्यजन्तु*

(क) वन्यजन्तु

यस नगरमा विभिन्न प्रजातीका स्तनधारी वन्यजन्तुहरू पाइन्छन् । तिनीहरूमा मुख्य गरी कस्तुरी मृग, घोरल, झारल, थार, बाघ, फ्याउरो, कालो चितुवा, बाँदर, भालु, चितुवा, स्याल, रतुवा, दुम्सी, पाखे वेत आदि छन् ।

(ख) चराचुरुङ्गी

यस नगरमा करिब विभिन्न प्रजातिका चराचुरुङ्गी पाइन्छन् । तिनीहरूमा मुख्य गरी डाँफे, मुनाल, कालिज, तित्रा, कोईली, ढुकुर, बकुल्ला, पानी हाँस, गिद्ध, चिल, काग, च्याखुरा, मलेवा, लुइचे, जुरेली, गौथली, हुचिल, भंगेरा, लुँईते, लामपुच्छ्रे, आदि छन् । यसबाहेक यहाँ बसाई सर्ने आउने चराहरूको मात्रा पनि प्रचुरमात्रामा रहेको छ ।

(ग) सरिसृप जिवजन्तुहरू

यस नगरमा घिस्रने जीवजन्तुहरूमा छेपारो, अजिंगर, सर्प, सालक, आदि पाइन्छन् ।

(घ) माछा वर्ग

यहाँ पाइने विभिन्न प्रजातीका माछाहरूको लागि भने ताल क्षेत्र उत्तम बासस्थान मानिन्छ ।

(ङ) किरा पुतली

यस नगरमा खजुरो, कन्सुत्लो, पुतली, फट्याङ्ग्रा, आदि प्रशस्त मात्रामा पाइन्छन् ।

### *६.१.५ वन व्यस्थापन सम्बन्धी विवरण*

वनको व्यवस्थापन तथा बजारको माग बमोजिम काठ/दाउरा आपूर्ति गर्न नेपालको सरकारले वैज्ञानिक वन व्यस्थापन कार्यविधि, २०७१ तर्जुमा गरि लागु गरेको छ । वन मार्फत प्राप्त हुने वस्तु तथा सेवाको बजारीकरण,

खाद्य सुरक्षाको लागि साझेदारी वनले उत्पादन गरेको काष्ठ, गैरकाष्ठ एवं वनजन्य सेवाको प्रवर्द्धन र बजारीकरण गर्ने कार्य गर्दा प्रशस्त रोजगारी सिर्जना हुने देखिन्छ । साझेदारी वनमा गरिने वन व्यवस्थापन कार्यबाट मात्र पनि हजारौं दिन रोजगारी सृजना हुन सक्ने देखिन्छ भने कार्बन एवम् गैर-कार्बन लाभको बजार व्यवस्थापन गर्न सकेको खण्डमा खाद्य सुरक्षामा समेत टेवा पुग्ने देखिन्छ ।

## सामुदायिक वन

तालिका नं. ६३ : बागचौर नगरका सामुदायिक वनहरूको विवरण

| क्र.सं. | सामुदायिक वनको नाम | वडा नं. | क्षेत्रफल (हे.) | घरधुरी | जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पुरुष | महिला | जम्मा |
| १ | टाट्के चौर | १ | ९.५ | ४६ | १५२ | १९८ | ३५० |
| २ | महादेव | १ | ३६२.६५ | २२५ | ७०७ | ९३२ | १६३९ |
| ३ | लालीगुराँस | १ | ४९० | १९० | ७१७ | ९०७ | १६२४ |
| ४ | देउराली भीर | २ | ९८.५७ | ४५ | १६१ | २०६ | ३६७ |
| ५ | बागबस्ती | २ | १२.३२ | ५२ | १६३ | २१५ | ३७८ |
| ६ | जिमालीचौर धैरेनी | २ | १४.४८ | २७ | ९८ | १२५ | १४७ |
| ७ | अग्लाटाकुरा | २ | १११.७ | १२५ | ३५८ | ३५५ | ७१३ |
| ८ | नौलो शान्ती | ३ | १२४.३४ | ७८ | २८९ | ३६७ | ६५६ |
| ९ | चारखोला | ३ | ५० | ३६ | १२५ | १६१ | २८६ |
| १० | पटारे पाखा | ३ | ८३.२ | ७० | २३९ | ३०९ | ५४८ |
| ११ | भगवती | ३ | २९.११ | ६० | २३३ | २९३ | ५२६ |
| १२ | धनचुली | २ | २७.३ | ७३ | २२८ | ३०१ | ५२९ |
| १३ | परिगाउँ | २ | ४५.२ | ६५ | १७१ | २३६ | ४०७ |
| १४ | कोपखानी | २ | १२ | २१ | ३४ | ८५ | १४९ |
| १५ | डिमुरखोला | २ | ८३.१८ | ७० | २४३ | ३१३ | ५५६ |
| १६ | चोथ्रेखोली | २ | १८.२ | २६ | ३८ | ९४ | १६२ |
| १७ | डन्डुखोला | २ | ३३.२७ | ३३ | ११९ | १५२ | २७१ |
| १८ | प्रगतीशील | ३ | ५६.२ | १९ | ७४ | ६५ | १३९ |
| १९ | धैरेनी चिसापी | ३ | १६.२ | ६१ | १९६ | २१४ | ४१० |
| २० | बुरेली | ८ | ३८.१६ | २६४ | ७६८ | ७७६ | १५४४ |
| २१ | तिनपाने | ८,९ | २१५.८६ | ४८८ | १४९६ | १६०९ | ३१०५ |
| २२ | झुलाखानी | ८ | २६.८ | १०७ | २९५ | ३०५ | ६०० |
| २३ | हल्लरी | ९ | ४८.५२ | १५७ | ५४९ | ५४१ | १०९० |
| २४ | सिम्डाँडा | ९ | १८.३ | १६५ | ४९२ | ४९७ | ९८९ |
| २५ | पाखापानी | ९ | ९३ | १३२ | ३८९ | ४०३ | ७९२ |
| २६ | पुवाखोली | ९ | ३०.२४ | २०१ | ५८५ | ५६५ | ११५० |
| २७ | बाहुनी खोला | ८ | ३६.५ | १०३ | २५५ | २९८ | ५५३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २८ | बाघदुला | ८ | २४.१६ | २२ | ६२ | ६८ | १३० |
| २९ | जुगेखोली | ८ | १८.३ | १०३ | २५५ | २९८ | ५५३ |
| ३० | भरारे | ८ | २५.६ | ७१ | २०४ | १९९ | ४०३ |
| ३१ | शहिद नमूना | ९ | २९.८ | १६४ | ५४४ | ५१२ | १०५६ |
| ३२ | उच्च ठामरकोट | ८ | ६२.७५ | १९२ | ५५९ | ६२० | ११७९ |
| ३३ | शहितस्मृति | ९ | १०२.४४ | २२२ | ६५९ | ६३० | १२८९ |
| ३४ | गेरुपानी | ९ | २०.५ | १४१ | ५२० | ३९४ | ९१४ |
| ३५ | हरियाली | ९ | २१.५ | १०१ | ३२९ | २७९ | ६०८ |
| ३६ | सिद्धेश्वरी | ६ | ७८ | ८७ | ३०० | ३२० | ६२० |
| ३७ | झाँक्रीखोला | ७ | ३४.८२ | १३६ | ५७३ | ४३१ | १००४ |
| ३८ | धाराखोला | ७ | ३८.२ | २१० | ६१५ | ६४० | १२५५ |
| ३९ | रिठ्ठाचौर | ७ | ७१.२८ | ३६३ | १०८० | १०८६ | २१६६ |
| ४० | सल्लेरी समावेशी | ७ | १४.४३ | ५० | १७२ | १७८ | ३५० |
| ४१ | रैंजगैरा खलेजापाखा | ७ | ६५.५ | १०९ | ३६० | ३६३ | ७२३ |
| ४२ | जनहित हरियाली | ७ | १६.८५ | २५ | ९६ | ८७ | १८३ |
| ४३ | ऐंसेलुगैरा | ७ | ११६ | ५७ | १८७ | २०० | ३८७ |
| ४४ | शारदा | ७. | ४९.८२ | १३१ | ४५३ | ४५० | ९०३ |
| ४५ | राजागैरी | ७ | ११.७७ | ३२ | ९४ | ११७ | २११ |
| ४६ | चन्दन | ७ | ८१.८ | ५२ | १७२ | १६१ | ३३३ |
| ४७ | मुलखोला | ७,११ | १०६.५५ | ११४ | ३४३ | ३७३ | ७१६ |
| ४८ | सारदा | ४ | १३३.५५ | १५१ | ४८८ | ४९४ | ९८२ |
| ४९ | हिमाली | ५ | १४९.५ | १८३ | ६०८ | ५७७ | ११८५ |
| ५० | मुलखोला | ४ | ४९.८ | ९६ | ३४८ | ३०४ | ६५२ |
| ५१ | शारदा मुहान | ४ | २७२.५१ | ८२ | ३९० | ३९३ | ७८३ |
| ५२ | सृजना | ४ | ९९.२७ | १४२ | ६६० | ४८५ | ११४५ |
| ५३ | सालसल्लेरी | ५ | १९५.५ | १२९ | ४०७ | ३०५ | ७१२ |
| ५४ | तिनपोखरी कोडानेटा | ४ | १५० | १२८ | ४२० | ३९१ | ८११ |
| ५५ | त्रिवेणी | ५ | ५९.४ | ५४ | २०९ | १६९ | ३७८ |
| ५६ | धैरेनी | ६ | ३२.८५ | ७० | २१८ | २०० | ४१८ |
| ५७ | सिमतरा | ११ | ४.२४ | ७४ | २५५ | २६३ | ५१८ |
| ५८ | झुल्नेटा टाकुरी | ११ | २.५२ | ६९ | २४१ | २४२ | ४८३ |
| ५९ | रोशनी पाखा | ११ | ५६ | ५३ | १७० | १९१ | ३६१ |
| ६० | सुन्दरबस्ती | ११ | ४.९३ | ६० | २०८ | २११ | २१९ |
| ६१ | शान्ती जागरण | ११ | १०.३४ | ४८ | १७२ | १५२ | ३२४ |
| ६२ | गलखोला | १२ | १८.१६ | १३२ | ४५७ | ५१० | ९६७ |
| ६३ | संयुक्त सुकिदह | १२ | ९९.२७ | १४२ | ६६० | ४८५ | ११४५ |
| ६४ | धारापानी कोइली | १० | ८.८३ | ५७ | १७९ | १५९ | ३३८ |
| ६५ | सिद्दबाबा | ३ | १७६.८१ | १६७ | ४८३ | ४६३ | ९४६ |
| ६६ | स्यालदुला | १० | २५.३८ | ७६ | २१४ | १९७ | ४११ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६७ | शिवजन | १० | ८.९ | १८ | ४२ | ४६ | ८८ |
| ६८ | जनकल्यान | १० | ४३.६६ | ४७ | १४४ | १३० | २७४ |
| ६९ | पिपलचौतारी | १० | ५९ | १३८ | ४०० | ४२५ | ८२५ |
| ७० | शुभपोखरी | १० | ९१.७ | १३० | ३९२ | ३९३ | ७८५ |
| ७१ | शूर्तान | १० | ९.८४ | ८३ | २२५ | १९१ | ४१६ |
| ७२ | शिवगुफा | १० | ५.५ | ४५ | १५२ | १२८ | २८० |
| ७३ | मैनाडाँडा | १० | ९.६३ | ८४ | २१२ | २३५ | ४४७ |

स्रोतः जिल्ला वन कार्यालय, सल्यान, २०७५

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको निती अनुसार यस बागचौर नगरमा पनि जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ । विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षण भन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ । बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदि कारण र भैरहेको वन विनासले नगरको अवस्था संवेदनशील भएको छ । सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन् । सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ । तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ । उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ । दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ । साथै, जिसस र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावरको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन् । यसले स्थानीय स्तरबाटै वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ । सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैससहरूलाई नगरमा परिचालन गर्नुपर्ने देखिन्छ ।

सामुदायिक वनहरूको संरक्षणमा प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमशः बढ्दै जाने देखिन्छ । वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा बृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ ।

### कबुलियती वन

तालिका नं. ६४ : बागचौर नगरका कबुलियती वनहरूको विवरण

| क्र.सं. | कबुलियती वनको नाम | वडा नं. | क्षेत्रफल (हे.) | घरधुरी |
|---|---|---|---|---|
| १ | सवारीबस्ती | ३ | ६.२ | ११ |
| २ | जनजागरण | २ | ४.६६ | ५ |

| | | | | |
|---|---|---|---|---|
| ३ | नौलो बिहानी | २ | ५.७५ | ८ |
| ४ | काफलघारी | २ | ४.१७ | ५ |
| ५ | नमूना | २ | ३.०३ | ६ |
| ६ | लाँलीगुरास | २ | ६.५४ | १५ |
| ७ | अलैचीबारी | २ | ३.९८ | ५ |
| ८ | जलुकेबारी | २ | ८.७९ | ९ |
| ९ | हिमदर्शन | ३ | ३.६ | ५ |
| १० | जुम्लेपोखरी | ३ | ७.६ | ११ |
| ११ | जन्ती ढुङ्गा | ३ | ९.५६ | १५ |
| १२ | जलुकेनी | ३ | ६.७ | ९ |
| १३ | पिपलचौतारी | ३ | ९.१८ | १५ |
| १४ | एक्लेगैरा | २ | ६.७ | १३ |
| १५ | आरुगैरा | २ | ५.३ | १० |
| १६ | शाईकुमारी | २ | ३.७ | ७ |
| १७ | सिद्र चौरासी | ३ | ४.३ | ६ |
| १८ | नमूना महिला | ८ | २.८ | ६ |
| १९ | प्रगतीशील महिला | ८ | १.६७ | १० |
| २० | जयकाली | ८ | ३.८ | ९ |
| २१ | नवसृजना | ८ | ४.०६ | ८ |
| २२ | विनयशील | ८ | ३.४ | ९ |
| २३ | सुन्दर जीवन | ८ | २.७६ | ६ |
| २४ | हितैशी महिला | ८ | २.८८ | ६ |
| २५ | पोखरी महिला | ८ | २.८ | ७ |
| २६ | शान्तीगामी | ८ | २.८८ | ६ |
| २७ | नवजागरण | ८. | ३.४४ | ८ |
| २८ | लाकुरीडाँडा | ८ | ५.०३ | ९ |
| २९ | शान्ती | ८ | ५.६२ | ८ |
| ३० | बागवस्ती | ८ | ४.४५ | ८ |
| ३१ | जीवनज्योती | ८ | ५.५६ | ९ |
| ३२ | मनकामना | ८ | ७.७ | ११ |
| ३३ | जन्ती ढुङ्गा | ८ | ८.०८ | ११ |
| ३४ | नव भगवती | ८ | ६.७६ | १३ |
| ३५ | प्रगती महिला | ८ | ७.६३ | १० |
| ३६ | जनज्योति प्रगतिशील | ८ | ७.४ | ९ |
| ३७ | हरियाली महिला | ८ | ७.८ | ११ |
| ३८ | भगवती | ८ | ३.५ | ७ |
| ३९ | चिनारी पाखा | ८ | ७.९ | ८ |
| ४० | सिद्ध गुफा | ७ | ७.७ | १४ |
| ४१ | नवज्योति | ७ | ७.४ | १४ |

स्रोतः जिल्ला वन कार्यालय, सल्यान, २०७५

निजी वन

तालिका नं. ६५ : बागचौर नगरका निजी वनहरूको विवरण

| क्र.सं. | निजी वन धनीको नाम | वडा नं. | क्षेत्रफल | | | |
|---|---|---|---|---|---|---|
| | | | रोपनी | आना | पैसा | दाम |
| १ | नेत्रबहादुर खड्का | १० | १५ | ० | ० | ० |
| २ | रामेश्वर अधिकारी | १० | ८ | २ | ० | २ |
| ३ | टेकम प्रसाद अधिकारी | १० | ६ | ११ | ० | ३ |
| ४ | कोमल प्रसाद अधिकारी | १० | १ | ११ | १ | १ |
| ५ | यमलाल अधिकारी | १० | १ | ११ | २ | ० |
| ६ | हरिलाल अधिकारी | १० | ५ | ० | ० | ० |
| ७ | भिमप्रकाश अधिकारी | १० | २ | २ | २ | २ |
| ८ | गोपीलाल खत्री | १० | ४ | ० | ० | ० |
| ९ | सोभाराम खत्री | १० | १ | १६ | १ | २ |
| १० | विक्रम खत्री | १० | ११ | १ | २ | ० |
| ११ | कुशल खत्री | १० | १४ | १२ | १ | ० |
| १२ | रिते सुनार | १० | १ | ९ | ३ | २ |
| १३ | परविर सुनार | १० | २ | ० | ० | ० |
| १४ | सुकरन सुनार | १० | १ | १ | २ | ० |
| १५ | गगनसिं खत्री | १० | १९ | ५ | १ | ६ |
| १६ | दिल बहादुर खत्री | १० | १५ | ९ | २ | १ |
| १७ | लेखराम खत्री | १० | १० | ३ | १ | २ |

*स्रोतः जिल्ला वन कार्यालय, सल्यान, २०७५*

### *६.१.६ वृक्षारोपणका लागि खाली स्थान*

वृक्षारोपण भन्नाले कुनै पनि भूभागमा रुख प्रजातिका बिरुवाहरू लगाई हुर्काउने कार्यलाई बुझाउँछ । वृक्षारोपणको सुरुवात मानव सभ्यताको प्रारम्भदेखि नै भए तापनि औद्योगिक वृक्षारोपणको सुरुवात दोस्रो विश्वयुद्ध पश्चात् भएको पाइन्छ ।

जन्मेपछि शिशुलाई ताप दिन दाउरा चाहिन्छ भने मृत्युपछि पनि लास जलाउन यही दाउराको आवश्यकता हुन्छ । यसैगरी बाँचुन्जेल चाहिने अक्सिजन पनि यही वृक्षले प्रदान गर्दछ । मानिसलाई श्वास फेर्न प्रतिदिन

१७.५ के.जी. अक्सिजनको आवश्यकता पर्छ, जुन ७ वटा रुखहरूले प्रति रुख २.५ के.जी. अक्सिजन दिएर पुर्ति गरिदिन्छन् । समग्रमा, वृक्षारोपणको महत्त्व निम्न अनुसार रहेका छन्:

- खाना :
  रुखहरूबाट हामीले गाँस, वास र कपासको आवश्यकता परिपूर्ति गर्छौं । कृषिका लागि चाहिने पोषक तत्त्व जस्तै : फस्फोरस, पोटास, नाइट्रोजन आदिको पुर्ति गरिदिन्छ ।

- जल चक्रको नियमन :
  रुखहरूले वर्षातको पानीलाई आफ्नो हाँगा, काण्ड हुँदै जमिन मुनि पानीको भण्डारण गरी मूलको रूपमा पानी बाहिर आउन सहयोग गर्दछन् ।

- जैविक विविधताको संरक्षण :
  एउटै रुखले सयौँ किरा, पुतली, चरा, स्तनधारीहरुलाई आश्रय स्थल प्रदान गर्नुका साथै रुखबाट झरेका पात, काठहरू कुहिँदा लाखौँ आँखाले नदेखिने व्याक्टेरिया, भाइरस, मृतजीवीहरुलाई पारिस्थितिक कार्य सुचारु गर्नमा सहयोग गर्दछन् ।

- प्राकृतिक प्रकोप न्यूनीकरण :
  वृक्षारोपण कार्यले जमिनको माटो अँठ्याई राख्ने र परेको पानीको गतिलाई कम गरी पानी जमिनमुनि जान सहयोग गरेर भूक्षय कम गर्नुका साथै रुखहरू भएको स्थानमा चिस्यान कायम हुन गई खडेरी कम गर्न समेत सहयोग गर्छ ।

- आर्थिक वृद्धि :
  वृक्षारोपणबाट औद्योगिक कच्चा पदार्थको आपूर्ति भई औद्योगिकरण मार्फत रोजगारी सिर्जना गर्न, व्यापार घाटा कम गर्न र राजश्व प्राप्त गरी समृद्धि हासिल गर्न मद्दत पुग्छ ।

नेपाल सरकार माननीय मन्त्रिस्तरको मिति २०७५/०३/०३ को निर्णयबाट आषाढ १४ गतेलाई राष्ट्रिय वृक्षारोपण दिवसको रूपमा मनाउने निर्णय भएको हुँदा उक्त दिनदेखि 'राष्ट्रिय वृक्षारोपण दिवस' मनाउन थालिएको छ । साथै, नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/०३/०८ को बैठकको निर्णय अनुसार गत वर्षको विश्व वातावरण दिवसदेखि एक नागरिक एक फलफुल बिरुवा रोपण अभियान शुभारम्भ भएको हुँदा सोही अभियानलाई सफल बनाइ मुलुकलाई फलफुलमा आत्मनिर्भर एवं निर्यातयोग्य मुलुकका रूपमा परिचित गराउनका लागि प्रत्येक वर्षको आषाढ १४ गते फलफुल लगायतका बिरुवा रोपण गरी देशव्यापी रूपमा वृक्षारोपण दिवस मनाउने, सबै निकायका हरेक पदाधिकारीहरू एवं कर्मचारीहरूले एक–एक वटा बिरुवा रोपण गर्ने, सबै निकायहरूले आ–आफ्ना कार्यालय परिसर एवं धार्मिक स्थल, सडक किनार, नदी उकास क्षेत्र, हैसियत बिग्रेका वन क्षेत्रमा फलफुल एवं औषधीजन्य वनस्पति रोपण गरी वृक्षारोपण वर्षको रूपमा घोषणा गरिएको छ ।

### ६.१.७ वनजन्य उत्पादन विवरण

नेपाल अथाह जैविक विविधता भएको देश हो । वनबाट हामीले जंगली फलफूल, तरकारी, च्याउ, मह, गिठा, भ्याकुर, पशुजन्य उत्पादनजस्ता खाद्यवस्तु उपयोग गर्दछौं । जंगली खानेकुरा स्वादिष्ट मात्र नभएर पौष्टिक पनि हुन्छ । साथै, दुःख परेको बेला वन खाद्यपदार्थको मुख्य श्रोत पनि हुन आउँछ । तथापि नीति र कानूनहरु भएता पनि खाद्य पैदावारको संरक्षण, व्यवस्थापन र उपयोगमा नगरपालिका मौन देखिन्छ । त्यस्तै नगरपालिकाको कार्ययोजनामा पनि उपभोक्ता समूहद्वारा जंगली खाद्यवस्तु व्यस्थापनका पक्षमा खासै उल्लेखनीय काम भएको पाइएको छैन । काठ, दाउरा, घाँसपात, जडिबुटी र चरनका विषयमा थुप्रै प्रावधान भए पनि जंगली खाद्यवस्तुमाथि व्यवस्थापनको पक्षमा बेवास्ता देखिन्छ ।

### ६.२ जलस्रोत तथा जलाधार क्षेत्र

सामान्यतयाः पानी ढलोले ओगटेको र भौगोलिक रूपले छुट्टिएको भूभागलाई जलाधार क्षेत्र भनिन्छ । नदीनाला, खहरे, ताल, तलैया, पोखरी वा अन्य स्थानको निश्चित भूभागसम्म वरिपरिका डाँडा काँडा, पाखा, पर्वत, बेसी मैदान जुन जुन स्थानबाट पानी बगेर मिसिन आउने सम्पूर्ण धरातलीय क्षेत्रले वा पानी ढलो क्षेत्रले जलाधार क्षेत्र भन्ने जनाउँछ ।

चार 'ज' अर्थात् जल, जमिन, जङ्गल र जडिबुटीको दिगो व्यवस्थापनबाट देशले विकासको फड्को मार्न सक्ने अवस्था र अवसर छ । वास्तवमा जमिन नै जीवन हो, जमिन जति उर्वर राख्न सक्यो, त्यति नै उत्पादन बढ्छ जसबाट खाद्य, सुरक्षा, वन पैदावारमा आत्मनिर्भर भई स्वच्छ र स्वस्थ जीवन बाँच्न तथा समृद्धिको ढोका खोल्न मार्ग प्रशस्त गर्छ । भूमिको उत्पादन बढाउन माटोको संरक्षण अर्थात् भूसंरक्षण गर्नु प्रमुख शर्त हो । भूसंरक्षण भन्नाले माटोको सुरक्षा गर्नु हो, जुन जलाधारीय हिसाबले व्यवस्थापन गरिन्छ ।

### नदि तथा खोला सम्बन्धी विवरण

जल सम्पदाको दृष्टिले नेपाल ब्राजिलपछि विश्वको दोस्रो सबैभन्दा समृद्ध राष्ट्र र एसियामा पहिलो राष्ट्र मानिन्छ । नेपालमा ६ हजारभन्दा बढी नदिनालाहरू रहेका छन् । यी नदीनालाहरूबाट सिँचाई सुविधा, खानेपानीको आपूर्ति, जल यातायात, पर्यटन र मत्स्य पालनको क्षेत्रमा बहुआयामिक रुपले प्रयोग गर्न सकिने देखिन्छ । तर समग्रमा जल उपयोग ज्यादै न्यून भई इन्धनका विविध साधनको प्रयोग गरिरहनु परेको कुरालाई नकार्न सकिन्न ।

बागचौर नगरपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदी, खोलानाला तथा पोखरीहरूले विभिन्न किसिमका जलचरहरू र पशुपंक्षीहरूलाई सुरक्षित बासस्थानको रूपमा आश्रय दिइरहेको पाइन्छ । साथै, यस्ता जलाधार क्षेत्रबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत सिंचाइको

लागि पानीको प्रयोग गर्दछन् । मानव वस्तीको क्रमिक विकास साथै अनुत्पादक पशुहरूको चरीचरण र उपयोगले प्राकृतिक जलक्षेत्रहरू सुक्ने साथसाथै नदीनाला तथा खोला छेउछाउ अव्यवस्थित बसोबास र त्यहाँबाट निस्किएका फोहोर र ढलले नदी तथा खोलाको स्वरूप बिग्रिने सम्भावना रहन्छ । त्यसकारण यी प्राकृतिक ताल तलाउ तथा खोलानालालाई संरक्षण गरी पर्यटकीय आकर्षण केन्द्रको रूपमा विकसित गर्दै लैजानुपर्छ ।

लौराबाङ शिर भएर खरिबोट, बागचौर, थारमारे, कालाखेत र मोखला भएर बग्ने शारदा नदी नै यस नगरको प्रमुख नदी हो । यो नदी सल्यान जिल्लाको दमदवाली भन्ने स्थान हुँदै दाङ्ग जिल्लाको विशाल बबई नदीसँग समाहित भई बर्दिया जिल्ला हुँदै भारततिर प्रवाहित हुन्छ । यस नगर तथा समग्र जिल्लामै शारदा नदीलाई व्यवस्थित रुपमा उपयोग गरि वैज्ञानिक कृषि उत्पादनमा प्रयोग नगरिए तापनि जनस्तरबाट यसको परम्परागत विधि (Conventional Method) उपयोग गरि कृषि प्रणालीमा उल्लेख्य सुधार ल्याईएको छ । यद्दपि, यस नदीको छिमेकी जिल्ला बर्दियामा व्यवस्थित सिंचाईद्वारा हजारौं हेक्टर जमीनमा सिंचाई गरि कृषि उत्पादनमा वृद्धि गरिएको छ । यसका अलावा, यस नदीको जलविद्‍युतमा समेत प्रशस्त संभावना रहेको छ । तथापि, उपयोगको सम्बन्धमा दीर्घकालीन योजनाको खाँचो टड्कारो रहेको छ ।

शारदा नदीका अलावा अन्य नदी तथा खोलाहरूमा ठिन्बाङ खोला, लाटीगार खोला, चोर खोला, पाण्ढल खोला, पोखरी खोला, थाराचौर खोला, सोतागार खोला, पेदीखोला, सिमखोला, रैलेचार खोला, घुस खोला, बाँस खोला, सिस्ने खोला, हिम खोला, च्याउँ खोला, चिन्ने खोला, कोदालचौर खोला, छरीखोला, बडाखोला, तुसारी खोला, पङ्गेचौर खोला, तिल्चा गार खोला, साङखोला, बाउनी खोला, कैनी खोला, स्याँलागाउँ खोला, तिल्सा खोला, धोपाटे खोला, मोखला खोला, बाँफुखोला, पानचौर खोला, धादेमारे खोला, खोलाखागल खोला, दोभानखोला, ओख्रेनी खोला, तेर्छा खोला, रुम खोला, गल खोला, आदि पर्दछन् ।

### ६.३ जैविक विविधता

नगरपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरुपबाट कायम राख्न वन, वनस्पति तथा प्राणीहरु बीचको स्थापित सम्बन्धलाई दिगोरूपमा कायम राख्न सजगता अपनाउनु पर्ने देखिन्छ । दिगो विकासका निम्ति पूर्वाधार विकासको क्रममा हुने वनजंगल र पारिस्थितिक विनासलाई न्यूनीकरण गर्न नितान्त आवश्यक छ । वातावरणीय असन्तुलनले वनस्पती वा प्राणिहारको क्रमिक ह्रास र विनाश हुँदै अन्ततः लोप हुने अवस्था हुन सक्छ । विषम हावापानीमा विभिन्न जातजातिका प्राणी र वनस्पति रहेको यस नगरपालिकामा वन संरक्षण र सम्वर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरुको सहभागिता अपरिहार्य हुन पुगेको छ ।

यिनै कुराहरुलाई मध्यनजर गरि २०४९ सालमा स्थानीय बासिन्दाहरुलाई आफ्नो दैनिक उपभोग्य वन पैदावारको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ । मानव जीवनका लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ । दैनिक जीवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरि हाल यस नगरपालिकामा सामुदायिक वनजस्ता अवधारणालाई व्यवहारमा लागू गरिएको छ ।

साथै, बढिरहेको जनसंख्या, चोरी निकासी र आगामी दिनहरुमा उक्त वन क्षेत्रले मागेको आधारमा आपूर्ति गर्न नसक्ने वन पैदावारको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको देखिन्छ । यद्दपी हाल सामुदायिक वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागी भइरहेका छन् ।

नगरपालिकाको हावापानीले जीवजन्तु र वनस्पतीहरुलाई संरक्षित गर्न सकिने खालका वासस्थान उपलब्ध गराइएको भएतापनि यहाँको वनक्षेत्र अतिक्रमण र वन फडानीको चपेटा पर्न गएको । जैविक विविधता अन्तर्गत पर्ने स्थानीय कला संस्कृतिहरुको विविधतालाई जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण ठानिएका विभिन्न स्थानहरुको संरक्षण गर्नुपर्ने देखिन्छ । यस क्षेत्रमा पाइने गैरकाष्ठ वन पैदावारले यहाँका स्थानीय वासिन्दाका कतिपय महत्वपूर्ण आवश्यकता परिपूर्ति गर्नुका साथै बागचौर नगरपालिकाका ग्रामिण बस्तीहरुको जीवन स्तर उकास्न र खाद्य सुरक्षामा महत्वपूर्ण भूमिका खेलेका छन् । यस्ता पैदावारहरुले जैविक विविधताको संरक्षण गर्नुका साथै रोजगारी र आयआर्जनको आधार तथा साना उद्योगहरुलाई अवसर प्रदान गर्छन् । र, यसको लागि सरकार तथा सम्बन्धित निकायले नीति बनाउनु पर्छ ।

### ६.४ नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

तालिका नं. ६६ : बागचौर नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क्र.सं. | संभावित प्रकोप | विद्धमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पीय जोखिमका दृष्टिकोणले नेपाल ११ स्थानमा रहेको र नगरमा भुकम्प प्रतिरोधात्मक भवन कम भएको, भवन आचार संहिता पूर्णरुपमा लागु नभएको पहाडी क्षेत्रमा अवस्थित रहेकोले | जुनसुकै समयमा |
| २ | भु-क्षय तथा पहिरो | नगरको भू–संरक्षण र बनोट जटिल र कमजोर भएको, नगरमा भिरपाखाहरू प्रशस्त रहेको तथा विभिन्न हिमताल फुट्नसक्ने जोखिमका कारण यस नगरका धेरै भाग पहिरोको लागि धेरै संवेदनशील छन् । | जुनसुकै समयमा |
| ३ | आगलागी | नगरका धेरै जसो भु–भागमा घनावस्ती रहेको, सचेतनाको अभाव, अग्नी नियन्त्रणको अभाव, सिलिण्डर पड्कने आदि कारणले आगलागीको नगर संवेदनशील रहेको छ । | जुनसुकै समयमा |

| | | | |
|---|---|---|---|
| ४ | मौसमी सुख्खा | नगरका धेरै भागहरूमा खेतीपातीका लागि बर्षे पानीमै भरपर्नु पर्ने अवस्था रहेको र पानी नपरेमा नहरको सिचाईं नपुगेका क्षेत्रहरुमा मौसमी सुख्खा रहने गर्दछ । | असार-भदौ |
| ५ | किट आतांक | जलवायु परिवर्तन तथा बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| ६ | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

*स्रोतः सल्यान जिल्ला पार्श्व चित्र, २०७२*

### ६.५ विपद् जोखिम व्यस्थापन

बागचौर नगरपालिकामा आउन सक्ने प्राकृतिक विपदहरु विशेषगरि जलवायू परिवर्तन, भूमण्डलीय तापक्रम वृद्धि, वातावरण प्रदुषण, वनजंगल फडानी, अत्याधिक कार्बन उत्सर्जन र प्राकृतिक सन्तुलन विरुद्ध हुने मानवीय गतिविधिका कारण उत्पन्न छन् । यस प्रकारका प्राकृतिक विपदबाट जोगिन एकीकृत विपद व्यस्थापन प्रतिकारी तथा पूर्व तयारी योजना निर्माण गरी विपदसँग सामना गर्ने र कमभन्दा कम धनजनको क्षति हुने गरि तयार रहनु विवेकपूर्ण हुन्छ । दिर्घकालीन रणनीतिमा वातावरण संरक्षण र दिगो विकासका कार्यक्रमहरुलाई पूर्ण रुपमा पालना गर्नुपर्ने हुन्छ ।

अर्कोतर्फ स्वाभाविक भौगर्भिक प्रक्रियाको कारण जाने भूकम्पको जोखिमका हिसाबले नेपाल नै अत्यन्त जोखिमयुक्त क्षेत्रमा पर्ने हुँदा स्वाभिकतः सल्यान जिल्ला पनि उच्च जोखिम रहेको छ । भूकम्प न्यूनीकरण गर्ने उपाय नै नहुने हुँदा पूर्व तयारी र प्रतिकार्यका प्रभावकारी योजना निर्माण गर्ने र विशेष गरि भूकम्पीय जोखिमका हिसाबले जोखिम रहित घर र भौतिक संरचना निर्माण गर्दा राष्ट्रिय भवन निर्माण संहितालाई कडाइका साथ पालना गर्नुपर्दछ ।

यस नगरपालिकामा विपद पूर्वतयारी, रोकथाम र अल्पिकरण, विपदको समयको प्रतिकारी र विपद पश्चात पुर्नस्थापना र पुनर्निर्माण तथा जलवायु परिवर्तन अनुकुलनका लागि आवश्यक पर्ने सेवा, सहयोग, सुविधा, उपलब्ध गराउने सरकारी निकाय वा सुरक्षा निकायहरु, नेपाल रेडक्रस सोसाइटी, स्थानीय संस्थाहरु र अन्य मानवीय सेवा प्रदायक संघसंस्था, वित्तीय संस्था, सहकारी, स्वास्थ्य सेवा केन्द्र, निजी क्षेत्र आदिको उपलब्धता, पहुँच र सम्बन्धको बारेमा पर्याप्त अध्ययन तथा विश्लेषण गर्दै यसबारे यथोचित व्यवस्था गर्न जरुरी देखिन्छ ।

# परिच्छेद ७ : भौतिक विकासको अवस्था

## ७.१ यातायात पूर्वाधार

नगरपालिकाको सबै वडाहरुमा पक्की सडकको विस्तार नभए पनि कच्ची सडकको विस्तार भईरहेको छ । नगरपालिकाका विभिन्न सडकहरूमा ट्रयाक्टर, साइकल, ट्याक्सी, मोटरसाइकल, बस, ट्रक, डोजरलगायतका विभिन्न सवारीसाधनहरुको उपयोग गरिएको देखिन्छ । यहाँ राजमार्ग, सहायक राजमार्ग, पक्की तथा कालोपत्रे, ग्राभेल र कच्ची सबै प्रकारका सडकहरु रहेका छन् । बागचौर नगरपालिकाको बिच भू-भागबाट राप्ती राजमार्ग बनेको हुनाले तुल्सीपुर-मुसीकोट सडकखण्डमा कुद्ने सबै प्रकारका गाडीहरू यही क्षेत्र भएर जाने गरेका छन् । जसले गर्दा नगरबासीहरूको यातायात पूर्वाधारमा सहज पहुँच रहेको अवस्था छ । सडक गुणस्तरका हिसाबले बजार क्षेत्रको अवस्था राम्रो रहेको छ भने ग्रामिण क्षेत्रमा कच्ची सडक रहेका छन् ।

यस बागचौर नगरपालिकाबाट दैनिक रुपमा सल्यान जिल्लाको सदरमुकाम खलङ्गासम्म नियमित गाडी संचालन हुँदै आएको छ । साथै, लामो दुरीको यात्राका लागि नगरपालिकाले सल्यानको बागचौरबाट दाङ, तुलसीपुर हुँदै नेपालगञ्जसम्म दैनिक बस संचालन गर्दै आइरहेको छ । त्यसका साथै, दैनिकरुपमा

काठमाडौंसम्मको रात्री बस सेवा पनि संचालनमा आइरहेको छ । नगरपालिका केन्द्र देखि रुकुमको मुसिकोट, चौरजहारी साथै रोल्पा जिल्ला अन्तर्गत गङ्गादेव गाउँपालिका केन्द्रसम्म बस, जीप लगायतका सवारीसाधनहरु दैनिक रुपमा संचलानमा आउने गरेका छन् भने नगरको आन्तरिक सडक सञ्जालमा समेत नियमित रुपमा गाडीहरू सञ्चालनमा आइरहेका छन् ।

*सडक संजालको विद्यमान अवस्था*

बागचौर नगरपालिकाबाट सल्यान जिल्ला सदरमुकाम खलङ्गा, नगरका विभिन्न वडाहरु, जिल्लाका विभिन्न नगरपालिका तथा गाउँपालीका साथै देशका अन्य भागमा जानको लागि सडक सञ्जाल विस्तार भएको पाइन्छ ।

मुख्यगरी नगरको मुख्य बजार केन्द्र हुँदै रुकुम मुसिकोटजाने राप्ती राजमार्ग, थारमारे-चौरजहारी सडकमार्ग, खरिबोट-बाँफुखोला सडकमार्ग, बागचौर-पातिहाल्न-रोल्पा सडकमार्ग, कालाखेत-पिपलनेटा-कोटमौला सडकमार्ग, लगायत यहाँका प्रमुख सडक सञ्जालको रुपमा रहेका छन् ।




नक्सा नं. १७ : बागचौर नगरको सडक सञ्जालको अवस्था

त्यसैगरी, बागचौर नगरपालिकाको ड्रिम प्रोजेक्टको रुपमा विस्तार भइरहेको 'बागचौर शहीद रिङरोड' पनि यहाँको प्रमुख सडक खण्डको रुपमा विकास हुने लक्ष्य राखिएको छ । नगरका सबै वडाहरू भएर जाने यो रिङरोडको निर्माण सँगै नगरपालिकाभित्रको आन्तरिक यातायात पूर्वाधारमा उन्नति हुँदै सबै नगरबासीमा सहज रुपमा सडक र यातायातको सुविधा पुग्ने देखिन्छ । यसको निर्माण लगभग सकिने क्रममा रहेको पाइन्छ ।

यद्दपी, नगरपालिका क्षेत्रमा पक्की सडकको संख्या भने ज्यादै न्यून रहेको छ । केहि सडकमा ग्राभेल गरिएको भए पनि कच्ची जस्ता देखिएका छन् । कच्ची सडकमा वर्षायाममा यातायात संचालनमा निकै कठिनाइ हुने गरेको छ । नगरले यी कच्ची सडकको स्तर उन्नति गर्न विशेष परियोजनाहरु ल्याउनुपर्ने देखिन्छ भने सडकको विस्तार तथा पहुँचलाई पनि सहज बनाउँदै लैजानुपर्ने देखिन्छ ।

### ७.२ इन्धन उपयोग विवरण (खाना पकाउने इन्धनको आधारमा)

नगर तथ्यांक सर्वेक्षण, २०७६ का अनुसार बागचौर नगरपालिकामा परिवारमा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रुपमा काठ तथा दाउरा सबैभन्दा बढी ६,३१७ घरधुरी (९२.९४ प्रतिशत) प्रयोग गरेको देखिन्छ । यसैगरी दोस्रोमा एल.पी. ग्याँस प्रयोग गर्ने घरधुरी संख्या ४४१ (६.४९ प्रतिशत), मट्टीतेल प्रयोग गर्ने १० (०.१५ प्रतिशत), विद्‌युत प्रयोग गर्ने ०.०१ %, गोबरग्याँस प्रयोग गर्ने धरधुरी ०.१ % रहेका छन् । जसको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ६७ : बागचौर नगरको इन्धन प्रयोग विवरण

| खाना पकाउने इन्धन | दाउरा | एल पि ग्यास | मट्टीतेल | विद्‌युत | वायोग्यास | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ४७५ | ५४ | ० | ० | ६ | ० | ५३५ |
| २ | ६९८ | १८६ | ६ | ० | ० | २० | ९१० |
| ३ | ४६३ | १६ | १ | ० | ० | ० | ४८० |
| ४ | ५२५ | १४ | ० | ० | ० | ० | ५३९ |
| ५ | ४९४ | २१ | ३ | ० | १ | ० | ५१९ |
| ६ | ५६५ | १२ | ० | ० | ० | ० | ५७७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | ७०४ | ३३ | ० | १ | ० | ० | ७३८ |
| ८ | ४५२ | ४३ | ० | ० | ० | ० | ४९५ |
| ९ | ५५८ | २३ | ० | ० | ० | ० | ५८१ |
| १० | ४८७ | १७ | ० | ० | ० | ० | ५०४ |
| ११ | ३९४ | १३ | ० | ० | ० | १ | ४०८ |
| १२ | ५०२ | ९ | ० | ० | ० | ० | ५११ |
| जम्मा | ६३१७ | ४४१ | १० | १ | ७ | २१ | ६७९७ |
| % | ९२.९४ | ६.४९ | ०.१५ | ०.०१ | ०.१० | ०.३१ | १०० |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*




### ७.३ सञ्चार तथा प्रविधि

नेपालमा वि.सं. २०४८ सालसम्म सञ्चार माध्यमहरु सिमित थिए । वि.सं. २०४६ सालको जनआन्दोलनको सफलता पछि भएको २०४८ आम निर्वाचन पश्चात देशको सञ्चार क्षेत्रमा क्रान्ति नै आयो । देशका विभिन्न क्षेत्रमा पत्रपत्रिका (दैनिक, साप्ताहिक, पाक्षिक र मासिक), एफ.एम. रेडियो, केबल टेलिभिजन, स्थानीय तथा राष्ट्रिय टेलिभिजन, टेलिफोन, मोबाइल सेवा इन्टरनेटसेवाको विस्तार तीव्र गतिमा हुन थाल्यो । जसको प्रभाव देशका विभिन्न भागमा पनि विस्तारै पर्न गएको छ ।

### *७.३.१ हुलाक सम्बन्धी विवरण*
नगरमा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुर्याइरहेको हुलाक सेवाले यस नगरमा कुल १ वटा इलाका हुलाक कार्यालयबाट नगरभित्र र नगरबाहिर एवं विदेशमा समेत हुलाक सेवा प्रदान गरिरहेको छ । हुलाक सेवा अन्तर्गत साधारण चिठीहरु, रजिष्ट्री पत्रहरु, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरु संचालित छन् ।

### *७.३.२ दूरसञ्चार सम्बन्धी विवरण*
यस बागचौर नगरपालिकाका वडा केन्द्रहरुमा नेपाल टेलिकम (NTC) को मोबाइल नेटवर्क मध्यम अवस्थामा रहेको छ भने अधिकांश क्षेत्रहरुमा कमजोर रहेको पाइएको छ । त्यस्तै संचार सम्बन्ध कायम गर्नका लागि यहाँका जनताहरुले NTC, Ncell, Sky लगायत सबै किसिमका मोबाइल सिमहरु प्रयोग गरिरहेको भेटिएको छ ।

साथै, बागचौरका प्रमुख बजारहरूमा टेलिकमको ल्याण्ड लाईन टेलिफोन सेवा समेत उपलब्ध छ । त्यति मात्रै नभएर केहि विद्यालय, कार्यालय, होटल तथा कम्युनिकेशन सेन्टरहरुमा एडीएसएल मार्फत इन्टरनेट सेवा उपलब्ध छ ।

### *७.३.३ रेडियो स्टेशन सम्बन्धी विवरण*
यस बागचौर नगरपालिकामा हाल १ वटा एफ.एम. स्टेशन रहेको छ भने नगरका विभिन्न स्थानहरूमा यहाँको स्थानीय एफ.एम. स्टेशनका साथै सल्यान जिल्ला र आसपासका अन्य जिल्लाहरु- सुर्खेत, रुकुम, रोल्पा, दाङ लगायतका जिल्लाबाट प्रशारण हुने विभिन्न एफ.एम. रेडियोहरु सुन्न सकिन्छ ।

# परिच्छेद ८ : विकास सुचकाङ्क

## ८.१ मानव विकास सुचकाङ्क (HDI)
मानव विकास सुचकले तीनवटा कुरालाई आधार बनाएको छ । जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन् । यी तिनवटै परिसुचकलाई समावेश गरी मानव विकासको सुचक निर्धारण गरिएको छ । हरेक देश-

ठाउँका जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवन स्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानव विकास सूचकाङ्क हो ।

UNDP नेपालले हालै नेपालका सबै जिल्लाहरूको मानव विकास सूचकाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन, २०१४ सार्वजनिक गरेको छ । यो प्रतिवेदन अनुसार सल्यान जिल्लाको मानव विकास सूचकाङ्क ०.४४१ (नेपालको ०.४९०) रहेको छ । अर्थात् सल्यान जिल्लाको मानव विकास सूचकाङ्क नेपालको राष्ट्रिय औषत भन्दा कम देखिन्छ ।

मानव विकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचकाङ्क ०.६३२ रहेको छ भने दोस्रो स्थानमा ललितपुर मानव विकास सूचक ०.६०१ रहेको छ । पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचकाङ्क ०.३६४ रहेको छ ।

मानव विकास सूचकाङ्कका अवयव सूचकहरू हेर्ने हो भने सल्यान जिल्लाको हरेक व्यक्ति बाँच्ने अपेक्षित औषत आयु (Life Expectancy) ६८.८० वर्ष र यसको सूचक ०.७३०, प्रौढ साक्षरता दर (Adult Literacy) ५५.५० प्रतिशत र यसको सूचक ०.५५५, शिक्षा आर्जनमा खर्चेको औषत समय (Mean Years Of Schooling) ३.१७ वर्ष र यसको सूचक ०.२११ तथा कुल राष्ट्रिय प्रतिव्यक्ति आय (Per Capita Income) ७८६ अमेरिकी डलर र यसको सूचक ०.३४४ रहेको देखिन्छ ।

तालिका नं. ६८ : मानव विकास सुचकको विवरण

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानव विकास सुचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षित आयु | | प्रौढ साक्षरता | | विद्यालय जाने मध्यम वर्ष | | प्रतिव्यक्ति आम्दानी | | ज्यामितीय मध्यक |
| | मान | सुचक | मान | सुचक | मान | सुचक | मान | सुचक | |
| नेपाल | ६८.८ | ०.७३ | ५९.५७ | ०.५९६ | ३.९ | ०.२६ | ११६० | ०.४०९ | ०.४९ |
| सल्यान | ६८.८ | ०.७३ | ५५.५ | ०.५५५ | ३.१७ | ०.२११ | ७८६ | ०.३४४ | ०.४४१ |

*स्रोतः मानव विकास प्रतिवेदन, २०१४*

तालिका नं. ६९ : बागचौर नगरको विकास तथ्यांक

| क्र.सं. | विवरण | मान |
|---|---|---|
| १ | सापेक्षित आयु | ५८ |
| २ | विद्यालय जाने मध्यम वर्ष | ६ |
| ३ | अपेक्षित विद्यालय जाने वर्ष | १२ |

| | | |
|---|---|---|
| ४ | वार्षिक आम्दानी | ८५,६७४.६३ |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*

तालिका नं. ७० : बागचौर नगरका विकास सुचक

| क्र.सं. | सुचक | मान |
|---|---|---|
| १ | मानव विकास सुचक | ०.४६६ |
| २ | सापेक्षित आयु सुचक | ०.५८५ |
| ३ | शिक्षा सुचक | ०.५३३ |
| ४ | आम्दानी सुचक | ०.३२४ |

*स्रोतः नगर तथ्यांक सर्वेक्षण, २०७६*

## ८.२ मानव गरीबी सुचकाङ्क (HPI)

अपेक्षित औषत आयु ४० वर्ष वा सो भन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित खानेपानी नपुगेको जनसंख्याको प्रतिशत तथा कुपोषित ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको प्रतिशत जस्ता सूचकहरूको संयुक्त सूचकाङ्कको रुपमा विकास गरिने मानव गरीबी सूचकाङ्कको स्थिति हेर्दा सल्यान जिल्ला मानव विकास सूचकाङ्कको स्थिति त्यति राम्रो अवस्थामा रहेको देखिन्न । सल्यान जिल्लाको मानव गरीबी सूचकाङ्क मान ४०.५७ (नेपालको ३१.१२) रहेको छ । यो सूचकाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ किनभने यो सूचकाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ । जस्तैः प्रौढ निरक्षरता दर ।

मानव गरीबी सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थानमा हुम्ला जिल्लाको मानव गरीबी सूचकाङ्क ४९.२६ रहेको छ भने पुच्छारमा रहेको कास्की जिल्लाको मानव गरीबी सूचकाङ्क १६.५० रहेको छ । मानव गरीबी सूचकाङ्कका अवयव सूचकहरूमा सल्यान जिल्लाको प्रौढ निरक्षरता दर ४४.५० प्रतिशत, ४० वर्ष सम्म पनि बाँच्न सक्ने अपेक्षा नगरिएको जनसंख्या ८.२३ प्रतिशत, सुरक्षित खानेपानी नपुगेको जनसंख्या ४२.१९ प्रतिशत तथा ५ वर्ष मुनिका कुपोषणबाट प्रभावित बालबालिकाको संख्या ५४.१० प्रतिशत रहेको देखिन्छ ।

## ८.३ मानव विकास र गरीबी

नेपालमा गरीबीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार सल्यान जिल्ला न्युन समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ । ७५ जिल्लाहरू मध्ये यो जिल्ला ४६ औँ स्थानमा रहेको छ । गरीबीको दर ८.७६ प्रतिशत रहेको यस जिल्लामा गरिबीको रेखामुनी रहेको संख्या ६९,६०५ रहेको देखिन्छ । गरिबीको दरको आधारमा सबैभन्दा कम स्थान ओगट्न सफल कास्की जिल्लाको गरीबीको दर ४ प्रतिशत रहेको छ भने उच्च गरीबीको दर रहेको बाजुरा जिल्लाको गरीबीको दर ६४.१ प्रतिशत रहेको छ ।